सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ जेठ २०८१, बिहीबार (16 May 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १८ ■ अंक ३४ ■ पृष्ठ १० nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ इतिहास रच्दै ओलम्पिकमा स्यान्टु



नेपाली टेबुलटेनिस इतिहासमा ओलम्पिक खेल्ने पहिलो खेलाडी बनेका छन्, स्यान्टु श्रेष्ठ । छनोट चरण पार गरेर उनले पेरिस ओलम्पिकमा स्थान बनाएका हुन् । यसअघि तेक्वान्दोका संगीना वैद्य र दीपक विष्ट मात्रै छनोट चरण पार गरेर ओलम्पिकमा पुगेका थिए । लैनचौरस्थित टेबुलटेनिस हलमा भएको दक्षिण एसियाली छनोट प्रतियोगिताअन्तर्गत पुरुष एकलतर्फको फाइनलमा बुधबार स्यान्टुले नेपालकै संयोग कपालीलाई ४-३ सेटले पराजित गरे । 'मेरो र नेपाली टेबुलटेनिसका लागि आज ऐतिहासिक दिन थियो,' ओलम्पिकमा स्थान बनाएपछि स्यान्टुले भने, 'विश्वको सबैभन्दा ठूलो प्रतियोगिता खेल्ने हरेक देशका खेलाडीको सपना हुन्छ । मेरो सपना पूरा भएको छ, धेरै खुसी छु ।' अस्ट्रेलियामा पढाइ र कामसँगै टेबुलटेनिस खेलिरँहदा देशमै ओलम्पिक छनोट हुने भएपछि एक महिनाअघि मात्रै उनी स्वदेश फर्किए प्रतिस्पर्धामा उत्रिएका थिए । तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

तीन महिनादेखि कस्मिरमा बन्धक ३५ नेपालीको उद्धार

नेपाली दूतावास, किन इन्डिया र कस्मिर प्रहरीले उद्धार गरेका नेपाली घर फर्किए

दिनभरि काममा दलाउँथे, राति कोठामा थुनेर राख्थे

● **उद्धार गरिएका सर्लाहीका दिनेश पासवान**

जुन रात कस्मिर पुगेका थियौँ, त्यही रात हामीलाई कुटेर मोबाइल, भएजति पैसा र नागरिकतासहितका कागजपत्र खोसेर लगे । अर्को दिन पनि बिहानैदेखि कुट्दै काम लगाउन थाले । राम्रो खान पनि दिएनन् । साइटमा चाहिँ कुनै ठाउँमा खाना पाइन्थ्यो । कुनै ठाउँमा खाना नपाएर भोकै बस्नुपर्थ्यो । एक-दुईवटा समोसा, जुस खान दिएर दिनभर काममा दलाउँथे । कोठामा ल्याएपछि फेरि गाली गर्ने, कुट्ने गर्थे । बाहिरबाट चुकुल लगाएर थुनेर राख्थे । खाने, सुत्ने, दिसापिसाब पनि त्यही कोठामै गर्नुपर्थ्यो ।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

राम्रो तलबसहित रोजगारीको आश्वासन दिएर भारतको कस्मिर पुऱ्याएर तीन महिनादेखि बन्धक बनाइएका ३५ नेपाली मजदुर उद्धारपछि स्वदेश फर्केका छन् । बिहारका चारजना एजेन्टमार्फत ३ फागुनमा कस्मिर लगिएका उनीहरूको नेपाली दूतावास, किन इन्डिया र जम्मु-कस्मिर प्रहरीको पहलमा २६ वैशाखमा उद्धार गरिएको थियो । कस्मिरको बडगाउँबाट उद्धार भएका उनीहरू बुधबार राति स्वदेश फर्केका हुन् ।

पाँचजना बालकसहित उद्धार गरिएका सबै सर्लाही, धनुषा र महोत्तरीका हुन् । कस्मिर पुऱ्याएलगत्तै उनीहरूसँग भएको पैसा, मोबाइल, नागरिकतासहितका कागजपत्र खोसेर बन्धक बनाइएको थियो । कडा निगरानीमै उनीहरूलाई यातना दिँदै काममा लगाइन्थ्यो । चार कोठामा कोचेर सुत्न

» पृष्ठ ९ मा क्रमशः



उद्धार गरिएका नेपालीहरू ।

चार एजेन्टविरुद्ध मुद्दा, दुई पक्राउ



नेपाली मजदुरलाई यातना दिएर बन्धक बनाउने कार्यमा संलग्न चारमध्ये जम्मु-कस्मिर प्रहरीले दुईजनालाई २६ वैशाखमा पक्राउ गरेर मुद्दा चलाएको छ । बिहार अरिया जिल्लाका ३२ वर्षीय मुख्तकिम आलम र ३२ वर्षकै मोहम्मद साजाद पक्राउ परेका छन् । उनीहरूलाई भारतीय कानुनअनुसार आइपिसी ३७४ अन्तर्गत मानव बेचबिखनसम्बन्धी मुद्दा चलाइएको छ । बिहारकै जमाल मन्सुरी र मलिम मन्सुरीविरुद्ध पनि प्रहरीले मुद्दा चलाएको छ । तर, उनीहरू फरार छन् ।

सन्दीपलाई सफाइ

काठमाडौं जिल्ला अदालतको फैसला उल्टाउँदै उच्च अदालत पाटनले क्रिकेटर सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा सफाइ दिएको छ

शिल्पा कर्ण/नयाँ पत्रिका

जिल्ला अदालतको फैसला उल्टाउँदै राष्ट्रिय क्रिकेट टोलीका पूर्वकप्तान सन्दीप लामिछानेलाई उच्च अदालत पाटनले जबर्जस्ती करणी मुद्दामा सफाइ दिएको छ । सफाइ पाएसँगै खेलमा फर्कन पाउने गरी बुधबार नै राष्ट्रिय क्रिकेट संघ क्यानले उनको निलम्बन फुकुवा गरेको छ ।

उच्च अदालतका न्यायाधीशहरू सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले मंगलबारदेखि सुनुवाइ गर्दै जिल्ला अदालतको फैसला उल्टी हुने फैसला गरेको हो । 'यस मुद्दामा प्रतिवादीलाई सफाइ हुने फैसला भएको छ । जिल्लाको जुन फैसला थियो, त्यो उल्टी हुने भएको छ,' उच्चका प्रवक्ता विमल पराजुलीले भने । सफाइका आधार अदालतको राय किताबमा लेखिएको छैन । पछि लिखित रूपमा आउने उच्च अदालतले जनाएको छ ।

क्रिकेटर लामिछानेलाई जिल्ला अदालत काठमाडौंले गत १३ पुसमा कसुरदार ठहर गरेकोमा न्यायाधीश शिशिरराज ढकालको इजलासले २५ पुसमा सजाय निर्धारण गर्दै लामिछानेलाई आठ वर्ष कैद तथा तीन लाख रुपैयाँ जरिवाना तोकेको थियो । साथै, प्रतिवादीले पीडितलाई थप दुई लाख रुपैयाँ क्षतिपूर्ति भराइदिनसमेत आदेश गरेको थियो । यसैविरुद्ध लामिछानेले उच्चमा पुनरावेदन गरेका थिए । न्यायाधीश ढकालको इजलासले वादी बालिग रहेको भन्दै त्यसैअनुसार सजाय निर्धारण गरेको थियो ।

फैसलापछि लामिछानेले आफूलाई फसाइएको बताउँदै अब क्रिकेटमै फर्किने बताए । 'धेरै तरिकाले फसाएर नभएको अपराधमा दोषी

» पृष्ठ ९ मा क्रमशः

विश्वकप खेलाउने क्यानको तयारी



तस्बिर : **संजित परियार**/नयाँ पत्रिका



फिटनेस र आइसिसीको सहमति कुर्छौं

● **चतुरबहादुर चन्द**, अध्यक्ष, क्यान

सन्दीपको निलम्बन फुकुवा गरिएको छ । विश्वकप टोलीमा समावेश गर्ने/नगर्नेबारे छलफलमै छौं । आइसिसी, क्यानको छनोट कमिटी तथा राष्ट्रिय टोलीका कप्तान र कोचसँग समन्वय गरेर काम गर्छौं । जे गर्छौं, आइसिसीको मापदण्डमा टेकेर मात्रै गर्छौं । सन्दीप फिट छ कि छैन, त्यो पनि हेर्नुपऱ्यो । छनोट कमिटीले कोच र कप्तानसँग कुरा गर्छ । सबैसँग सहकार्य गरिरहेका छौं । सबै कुरा मिल्दै गए सन्दीप विश्वकप खेल्ने १५ सदस्यीय टोलीमा हुनेछन् ।

काठमाडौं/ उच्च अदालत पाटनले बलात्कार मुद्दामा निर्दोष रहेको फैसला गरेसँगै नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीप लामिछानेलाई सबैखाले क्रिकेट गतिविधिबाट निलम्बन फुकुवा गरेको छ । अध्यक्ष चतुरबहादुर चन्दले सन्दीपको निलम्बन फुकुवा भएको र विश्वकपमा टिममा समावेश गर्ने तयारी रहेको बताए । आइसिसीको नियमअनुसार मे २५ सम्म कुनै पनि टोलीले खेलाडी परिवर्तन गर्न सक्छ । सोहीअनुसार अमेरिकामा रहेको १५ सदस्यीय टोलीबाट एक खेलाडीको नाम फिर्ता लिँदै सन्दीपको नाम पठाउने योजना क्यानको छ ।

यसअघि काठमाडौं जिल्ला अदालतमा सन्दीपविरुद्ध बलात्कार मुद्दा दर्ता भएपछि क्यानले २३ भदौ ०७९ मा उनलाई राष्ट्रिय टोलीबाट निलम्बन गरेको थियो । २८ पुसमा २० लाख धरौटीमा थुनामुक्त भएपछि सन्दीप पुनः अन्तर्राष्ट्रिय क्रिकेटमा फर्किएका थिए । क्यानले १६ माघमा निलम्बन फुकुवा गरेको थियो । १५ फागुनमा सर्वोच्च अदालतबाट अनुमतिसहित विदेशमा खेल्न जान पाएका थिए । १३ पुस ०८० मा जिल्ला अदालत काठमाडौंबाट बलात्कार मुद्दामा दोषी ठहर भएपछि क्यानले २६ पुसमा अनिश्चितकालका लागि राष्ट्रिय टोलीबाट निलम्बन गरेको थियो । अब भने सन्दीपलाई अन्तर्राष्ट्रिय खेलमा सहभागी हुन बाटो खुलेको छ ।

जसपा विभाजनका सबै निर्णय यथास्थितिमा राख्न अन्तरिम आदेश

काठमाडौं/ सर्वोच्च अदालतले जनता समाजवादी पार्टी (जसपा) नेपालको विभाजनसम्बन्धी सबै निर्णय यथास्थितिमा राख्न अन्तरिम अल्पकालीन आदेश गरेको छ । जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले ३१ वैशाखमा दायर गरेको

» पृष्ठ ९ मा क्रमशः



गिरीबन्धु टी इस्टेट प्रकरणमा सर्वोच्चको फैसलाको तरंग



छानबिन गर्न कांग्रेसको माग, ओलीको प्रतिवाद

१३ असार ०७८ मा बसेको मन्त्रिपरिषद् बैठकले ३४३ बिघा क्षेत्रफलमा फैलिएको चियाबगान स्थानान्तरण गरी बिक्री-वितरण गर्न गरेको निर्णयमा सर्वोच्चले रोक लगाएको छ

(विस्तृत पृष्ठ ४)



NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ लागुऔषध कारोबारीविरुद्ध प्रहरी आक्रामक

दुई सातामा तीनजनालाई गोली हानी पक्राउ

नवराज मैनाली/नयाँ पत्रिका

लागुऔषध कारोबारीविरुद्ध प्रहरीले आक्रामक नीति बनाएको छ । पछिल्लो दुई सातामा तीनजनालाई गोली हानी नियन्त्रणमा लिएको छ ।

लागुऔषध नियन्त्रण ब्युरोले कारोबारका मुख्य डिलरहरूविरुद्धको अप्रेसनलाई आक्रामक बनाएको हो । जसअन्तर्गत मंगलबार मोरङमा एक कारोबारीलाई गोली हानेर नियन्त्रणमा लिएको छ । ब्युरोबाट खटिएको टोलीले भारतको बिहार, किसनगन्ज घर भएका ४८ वर्षीय भागीरथ हरिजनमाथि मोरङको रतुमाई नगरपालिका- ६ कादुपाडामा गोली प्रहार गरेको हो ।

पक्राउ गर्न खोज्ने क्रममा प्रहरीलाई नै लछारेर मोटरसाइकलमा भाग्न खोजेपछि गोली चलाउनुपरेको ब्युरोको भनाइ छ । प्रहरीले दुई राउन्ड गोली



चलाएकोमा हरिजनको दाहिने खुट्टामा लागेको छ । उनको साथबाट एक सय ५८ ग्राम खैरो हेरोइन बरामद भएको छ । मोरङ क्षेत्रमा उनले लागुऔषध कारोबारको सञ्जाल विस्तार गर्दै आएको सूचनाका

» पृष्ठ ९ मा क्रमशः

■ लागुऔषध नियन्त्रण ब्युरोका प्रमुख एसएसपी गोविन्दप्रसाद थपलिया भन्छन्-



लागुऔषध कारोबारविरुद्धको कारबाही अभियानलाई तीव्रता दिएका छौं । तीनै घटनामा गोली प्रहार गर्नैपर्ने अवस्था आएको थियो । लागुऔषधले समाजमा ठूलो क्षति गरेको छ, त्यही कारण यसविरुद्ध प्रहरीले सक्रियता बढाएको हो ।

भृकुटीमण्डपमा विद्यार्थी महोत्सव

महोत्सवमा एक सय ५० भन्दा बढी शैक्षिक स्टल

काठमाडौं / भृकुटीमण्डपमा जारी विद्यार्थी महोत्सवमा मौलिक तथा संस्कृति झल्किने वस्तुहरू प्रदर्शनमा राखिएका छन् । देशभरका विद्यार्थीले सिर्जना गरेका वस्तुहरू प्रदर्शनमा राख्ने र उनीहरूलाई सहभागी गराउने उद्देश्यले महोत्सवमा आयोजना गरिएको हो ।

अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियू)ले संगठन स्थापनाको ६० वर्ष पूरा भएको अवसरमा महोत्सव मंगलबारदेखि आयोजना गरेको हो । महोत्सवमा हलो, जुवा परम्परागत कृषि औजारदेखि मौलिक पोसाक प्रदर्शनमा राखिएको छ । यस्तै, विद्यार्थीले बताएका चित्र तथा पेन्टिङ पनि प्रतियोगितामा राखिएको छ । तीनदिने कार्यक्रममा विद्यार्थीका जिज्ञासा मेटाउन बुधबार टक सो पनि राखिएको थियो ।

अनेरास्ववियुका अध्यक्ष समिक बडालका अनुसार विद्यार्थीमा राजनीतिक चेतना जगाउन, स्वदेशमै भएका सम्भावना र आशा देखाउन र उनीहरूले सिर्जना गरेका वस्तु प्रदर्शनमा राख्न महोत्सव आयोजना गरिएको हो । महोत्सवमा एक सय ५० भन्दा बढी शैक्षिक स्टल राखिएको छ भने तीन दिनमा एक लाखभन्दा धेरै विद्यार्थीको सहभागिता रहने आयोजकको विश्वास छ । महोत्वसको उद्घाटन एमालेका अध्यक्ष केपी शर्मा ओलीले मंगलबार गरेका थिए । महोत्सवमा देशभरका विद्यार्थीले आविष्कार गरेका उपकरण पनि प्रदर्शनमा राखिएको छ ।

■ सीप मेला ०८१ : तालिमका लागि ६८ हजार ८६६ को आवेदन

मेलामा नसमेटिएकालाई गौरव योजनाअन्तर्गत तालिम

नयाँ पत्रिका

निःशुल्क सीपमूलक तालिम लिनका लागि काठमाडौं महानगरपालिकामा निवेदन दिनेको संख्या ६८ हजार ८६६ जना पुगेका छन् । आवेदनकमध्ये ४३ हजार ५८ जनाले 'सीप मेला'बाट तालिम लिन आवेदन दिएका छन् ।

दुई हजार ८१ जनालाई तालिम दिने, तालिम दिएकालाई 'रोजगार', 'स्वरोजगार' र 'अन द जब ट्रेनिङ' उपलब्ध गराउने लक्ष्यसहित महानगरपालिकाले टुँडिखेलमा 'सीप मेला' कार्यक्रम आयोजना गरेको छ । यहाँ १० क्षेत्रका ३० वटा पेसासँग सम्बन्धित तालिम सञ्चालन भइरहेको छ । तालिममा सहभागी हुन चाहनेले आवेदन दिन सक्ने महानगरले जनाएको थियो । १९ वैशाखदेखि तालिमका कक्षा सञ्चालन भइरहेका छन् । यस्तै, 'रोजगारी र आयवृद्धि, काठमाडौंको समृद्धि' गौरव योजनाअन्तर्गत चालू आर्थिक वर्षमा १५ हजार जनालाई निःशुल्क तालिम प्रदान गर्ने र तालिम लिएकामध्ये पाँच हजारजनालाई रोजगार वा स्वरोजगारमा आबद्ध गराउने महानगरको लक्ष्य छ ।

'अनलाइन र भौतिक उपस्थितिमा समेत आवेदन प्राप्त भएको छ,' सहरी योजना आयोगका सदस्य इन्जिनियर शैलेन्द्र झा भने, 'यस्ता आवेदकहरूलाई नाम थर, मोबाइल नम्बर, नागरिकता नम्बर, ठेगानाजस्ता सूचकका आधारमा एकजनालाई एउटै मात्र तालिमका लागि छान्छौं ।' उनका अनुसार सीप मेलाको तालिममा सहभागी गराउन आवेदन दिएका, तर त्यहाँ समावेश गर्न नसकिएका आवेदकलाई 'रोजगारी र आयवृद्धि, काठमाडौंको समृद्धि' गौरव योजनाअन्तर्गत सञ्चालन भइरहेका तालिममा सहभागी गराइनेछ । यसमा १० क्षेत्रका ३५ भन्दा धेरै पेसासँग सम्बन्धित तालिम छन् । हरेक वडाबाट एक सयजनालाई सहभागी गराउन फाराम पठाइएको थियो । यसको विवरण अद्यावधिक भइरहेको छ ।



■ एकै दिन चार हजारले भरे फाराम

सीप मेला सुरुकै दिन १९ वैशाखमा टुँडिखेल आएका सहभागीहरूको ठूलो संख्याले प्रशिक्षण अवसरका लागि फाराम भरेका थियो । त्यस दिन चार हजार १८२ जनाले फाराम भरेका थिए । त्यसअघि पनि सात हजार ३८२ जनाको आवेदन प्राप्त भइसकेको महानगरले जनाएको छ । २० देखि ३० वैशाखसम्ममा थप १३ हजार ९९४ जनाको आवेदन प्राप्त भएको थियो । 'रोजगारी र आयवृद्धि, काठमाडौंको समृद्धि' कार्यक्रमअन्तर्गत ११ हजार २६४ जनाले आवेदन दिएका छन् ।यसअघि साइबर सेक्युरिटी तालिमका लागि आह्वान गरिएको आवेदन मागमा आठ हजार ८८५ जनाले आवेदन दिएका थिए । जसमध्ये ६ हजार ६९४ जनाले साइबर सेक्युरिटीकै लागि आवेदन दिएका हुन् । अन्यले विभिन्न विषयका आवेदन दिएका थिए । 'शिक्षालाई सीपसँग', 'सीपलाई श्रमसँग' र 'श्रमलाई उत्पादनसँग' जोडेर सीप नहुनेलाई सीपयुक्त बनाउनु, सीप भएकालाई रोजगार तथा स्वरोजगार बनाउनु, रोजगारी भएका, तर सीप नभएकाहरूको व्यावसायिक स्तरवृद्धि गराएर आयमा वृद्धि गराउनु तालिम सञ्चालनको उद्देश्य रहेको महानगरले जनाएको छ ।

सहयोगी सेवा मार्दै अपांगता भएकाहरू सडक धर्नामा



नयाँ पत्रिका

सहयोगी व्यक्ति राख्न सरकारले निश्चित रकम दिनुपर्ने माग राख्दै अपांगता भएका व्यक्तिहरू बुधबार आन्दोलनमा उत्रिएका छन् । भृकुटीमण्डपनजिकैको मुख्य सडकमा बसेर धर्ना एवं प्रदर्शन गर्दै उनीहरूले अपांगता भएका एक व्यक्तिबराबर एक सहयोगी राख्न रकम दिनुपर्ने माग राखेका हुन् ।

उनीहरू बिहान कार्यालय समयमा सडक धर्ना तथा आन्दोलनमा उत्रिएपछि भृकुटीमण्डपआसपासको क्षेत्र ठप्प बनेको थियो । राष्ट्रिय अपांग महासंघका प्रशासकीय प्रमुख लयप्रसाद उप्रेतीले अपांगता भएका व्यक्तिसम्बन्धी बनेको कानुनमा अपांगता भएका व्यक्तिले आफूलाई चाहिने सहयोगी व्यक्ति राख्न सरकारले रकम दिने व्यवस्था गरे पनि कानुन कार्यान्वयन नभएको बताए । 'अपांगता भएका व्यक्तिलाई सहयोगी राख्न सरकारले निश्चित बजेट दिने भनेको थियो,' उनले भने, 'तर हालसम्म दिएको छैन, उक्त रकमको माग गर्दै दबाब दिन आन्दोलन गरिएको हो, माग सम्बोधन नभएसम्म आन्दोलन निरन्तर चल्छ ।' उनीहरूले सबै अपांगता भएका व्यक्तिहरूलाई सहयोगी चाहिने र सोहीअनुसार व्यवस्था गर्न माग गरेका छन् ।

उनीहरूले दुई साताअघि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र महासंघबीच कानुन कार्यान्वयनका विषयमा सहमति भए पनि कार्यान्वयन नभएपछि सडकमा आउन बाध्य भएको बताएका छन् । उनीहरूले ओहोरदोहोर गर्न कठिन हुने, भौतिक वस्तु उचाल्न कठिन हुने र एकजना हेरालु राख्न पुग्ने पैसा सरकारले दिनुपर्ने माग राखिरहेका छन् । हाल देशभर सबैखाले अपांगता भएका व्यक्तिको संख्या ६० हजारभन्दा बढी छन् । यति ठूलो संख्यालाई सहयोगी दिन ठूलो रकम चाहिने भन्दै मन्त्रालयले आनाकानी गरिरहेको छ । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सूचना अधिकारी केशवप्रसाद उपाध्यायले मन्त्रालयले बजेट सहमतिको सो विषय अर्थ मन्त्रालयमा पठाएको र अर्थले सहमति दिएपछि मन्त्रिपरिषद्मा लैजाने बताए । 'उहाँहरूका माग पूरा गर्न हामी सकारात्मक छौं, तर यसमा अर्थको स्वीकृति चाहिन्छ,' उनले भने, 'अर्थले स्वीकृति दिएपछि यसलाई मन्त्रिपरिषद्मा लैजान्छौं ।'

यान्त्रिक समस्या भएका सवारी खुल्लमखुल्ला सडकमा

एकै दिन ५३ माथि कारबाही



काठमाडौं / यान्त्रिक समस्या भएका सवारीसाधन सडकमा खुल्लमखुल्ला चलिरहेको ट्राफिक प्रहरीको चेकजाँचले देखाएको छ । भक्तपुरको ठूलोबेंसीमा बुधबार गरिएको विशेष चेकिङका क्रममा यान्त्रिक अवस्था ठीक नभएका ५३ वटा सवारीसाधन फेला पारी चालकलाई ट्राफिक प्रहरीले कारबाही गरेको हो । ८० भन्दा बढी सवारीसाधन चेकजाँच गर्दा ह्यान्डब्रेक नभएका, लाइट दुरुस्त नभएका, टायर धेरै घिस्रिएकालगायत समस्या भएका ५३ वटा सवारीसाधन फेला परेका थिए । सवारीसाधनको अवस्था ठीक नराखेको भन्दै चालकलाई कारबाही गरिएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ । अवस्था ठीक नभएका सवारीसाधन चलाउँदा सवारी दुर्घटनाको जोखिम उच्च रहने र त्यसबाट यात्रु तथा सडक प्रयोगकर्ताको जीवन जोखिममा पर्न सक्ने भएकाले कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक जीवनकुमार श्रेष्ठ बताउँछन् ।

दुर्घटनाको सम्भावित जोखिम कम गर्न सवारीसाधनको अवस्था चेकजाँच गर्न काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट ट्राफिक प्रहरीको टोली भक्तपुरको टुरिस्ट बसपार्कनजिकै ठूलोबेंसी क्षेत्रमा बुधबार खटिएको थियो । सवारीसाधन मर्मतपश्चात मात्र तोकिएको जरिवाना तिरी ट्राफिक प्रहरीद्वारा नियन्त्रणमा लिएका कागजपत्र फिर्ता दिने जनाएको छ । नियमित रूपमा सवारीसाधनको अवस्था चेक गरी आवश्यक मर्मत-सम्भार गरेर मात्रै सञ्चालन गर्न ट्राफिक प्रहरीले अनुरोध गरेको छ । दुर्घटनाको कारणमध्ये एक यान्त्रिक गडबबी पनि हुँदै आएको छ ।

सूची दर्ता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८१/०२/०३

यस वित्तीय संस्थालाई आ.व. २०८१ /८२ को लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित वस्तु तथा सेवाहरू आपूर्ति प्रवाह गर्ने प्रयोजनका लागि सम्बन्धित विषयको कारोबार गर्न स्वीकृति प्राप्त गरेका ईच्छुक रजिष्टर्ड फर्म/कम्पनीहरूको सूची दर्ता गराउनु पर्ने भएकाले आफुले आपूर्ति/प्रवाह गर्ने बस्तु एवं सेवाहरूको विवरण फर्म/कम्पनी दर्ता नविकरण प्रमाण-पत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण-पत्र तथा मूल्य अभिबृद्धि कर (VAT) दर्ता, कर चुक्ता प्रमाण-पत्र र कार्यदक्षता अनुभवको प्रमाण-पत्रको प्रतिलिपि सहितको आवेदन रु.१०००/- (अक्षरेपी एक हजार मात्र) दस्तुर बुझाई (फिर्ता नहुने गरी) मिति २०८१/०२/१७ गतेभित्र कार्यालय समयभित्र यस वित्तीय संस्थाको सम्पर्क कार्यालय पुतलीसडक, काठमाडौंमा रहेको प्रशासन विभागमा दर्ता गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आपूर्ति गर्नुपर्ने सामानहरू/उपलब्ध गराउनु पर्ने सेवाहरूः

१	छपाई सम्बन्धी सम्पूर्ण कार्यहरू	२	चेक प्रिन्टिङ्ग (MICR)
३	अफिस सरसफाई/प्लम्बिङ्ग/कारपेन्ट्री सम्बन्धी सेवाहरू	४	प्रिन्टर, फोटोकपी, फ्याक्स आदिमा लाग्ने इंक, रिवन, टोनर तथा कार्टेजहरू आपूर्ति तथा सम्भार कार्य ।
५	सामान्य स्टेशनरी	६	पिउने पानी (मिनरल वाटर) जार
७	कुरियर सेवा	८	बीमा सम्बन्धी सेवा
९	वित्तीय संस्थाको भवनमा आवश्यक फर्निसिङ्ग सामानहरू	१०	फर्निचर र फिक्चर्स, मेटल तथा काठका फर्निचर आपूर्ति तथा मर्मत सम्भार कार्यहरू ।
११	विज्ञापन एजेन्सी एवं ग्लोसाइन बोर्ड, फ्लेक्स बोर्ड आपूर्ति तथा मर्मत सेवा ।	१२	सुरक्षा गार्ड
१३	Data Collection Service/Router/ Switch /CCTV/ EPABX, Body Scanner Telephone Sets सम्बन्धी सामानहरू आपूर्ति तथा मर्मत कार्यहरू	१४	Laptop/Desktop Computer/Server, Scanner/Attendance Machine/Air Condition/ Generator/Note counting Machine/Printer/Photocopy Machine, आपूर्ति तथा मर्मत कार्य
१५	कर्मचारी पोशाक तथा सिलाई सम्बन्धी कार्यहरू	१६	Electronic Clearing System सम्बन्धी scanner Printer तथा software हरू
१७	कर्जा सुरक्षण स्वरूप लिईने धितो वा अन्य सम्पत्ति मूल्याङ्कनकर्ता इञ्जिनियरिङ्ग कन्सल्टेन्सी	१८	विद्युत आपूर्ति तथा मर्मत कार्य सम्बन्धी कार्य ।

अन्य जानकारीहरूः

१. सूचीकृत हुन प्राप्त हुने निवेदनहरू मध्येबाट योग्य ठहरिएका बिक्रेता फर्म तथा कम्पनीहरूलाई मात्र सूचीकृत गर्दा पेश हुन आएको विवरण, क्षमता अनुभव तथा दक्षतालाई आधार मानी सूचीकत गरिनेछ ।
२. सूचीकत दर्ताको समग्रमा आवश्यक सम्पूर्ण कागजात अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा अन्य कागजातहरू पेश गर्नु पर्नेछ ।
३. सूचीकृत भएका बिक्रेता, फर्महरूबाट यस वित्तीय संस्थाको आवश्यकता अनुसारको बस्तु खरिद तथा सेवा प्राप्त गर्न सो काममा कोटेशन घटाघट वा कबोलबाट भाग लिन अनुरोध गर्न सकिनेछ ।
४. सूचीकृत भएका कम्पनी तथा फर्महरूले सन्तोषजनक सेवा तथा समयमा सामान सप्लाई नगरेको खण्डमा सूचीबाट हटाउन सकिनेछ । यस उपर कुनै दाबी, विरोध गर्न पाईने छैन । सूचीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा नै निहित रहनेछ ।
५. सूचिकृत दर्ताको लागि नगदै रु.१०००/- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरि) यस वित्तीय संस्थाको खाता नं. ९४२०२१६०० (942021600) मा जम्मा गरेको सक्कल बैंक भौचर समेत संलग्न गरि निवेदन पेश गर्नुपर्ने छ ।

Samriddhi Finance
Partnership for Prosperity
समृद्धि फाइनान्स
Samriddhi Finance
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था

रजिष्टर्ड केन्द्रीय कार्यालयः हेटौंडा ९, मकवानपुर, फोन नं: ०५७-५२५१००/५२३२२९
सम्पर्क कार्यालयः पुतलीसडक, काठमाडौं, फोनः- ०१-५३१२०२९, ५३९८८३८
Website: www.sfcl.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८१/०२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय नेपालटार, काठमाडौंबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई बेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **बोलपत्र खोलिने मिति/समय**
२०८१/०२/१७ गते/स्थान : शाखा कार्यालय नेपालटार, काठमाडौं — **२०८१/०२/२० गते, आइतबार दिनको ३ बजे**

क्र.सं.	ऋणीको नाम, ठेगाना	
१.	**नाम : अजिमा अर्गानिक कृषि एण्ड पशुपालन फार्म** नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं प्रा.फ.द.नं. १२८८१८/०७१/०७२, दर्ता मिति : २०७१/०८/०८, पान नं. ६०२४३९१३४, दर्ता मिति : २०७१/०८/१२ ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. १३ **प्रोप्राईटर : गोविन्द्र गुरुङ**	**नाम : गोबिन्द्र गुरुङ** ना.प्र.नं. ९३०८०, जि.प्र.का. गोरखा जारी मिति : २०५९/५/३१ बाबुको नाम : लाल बहादुर गुरुङ बाजेको नाम : श्रीमान गुरुङ ठेगाना : गोरखा जिल्ला, आरुआबाङ वडा नं. ५ हाल : काठमाडौं जिल्ला, तारकेश्वर वडा नं. २
	जमानतकर्ताको विवरण	
	नाम : आईती माया गुरुङसेनी ना.प्र.नं. ४४-०१-७६-०६६९९, जि.प्र.का. गोरखा, जारी मिति : २०७६/०८/२६ पतिको नाम : गोविन्द्र गुरुङ, ससुराको नाम : लाल बहादुर गुरुङ ठेगाना : गोरखा जिल्ला, आरुघाट वडा नं. ५, हाल : काठमाडौं जिल्ला, तारकेश्वर वडा नं. २	
	धितोको विवरण	
	१. आइती माया गुरुङसेनीको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ठा कायम रहेको धादिङ जिल्ला, कम्पुर वडा नं. ७ स्थित कित्ता नं. १३४६ र १३४७ क्षेत्रफल ५१६.६९ र ५१६.६९ वर्ग.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । २. गोविन्द्र गुरुङको नाममा मालपोत कार्यालय धादिङमा दर्ता श्रेष्ठा कायम रहेको धादिङ जिल्ला, कम्पुर वडा नं. ७ स्थित कित्ता नं. १७५ को क्षेत्रफल ५४०९.२८ वर्ग.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । ३. आइती माया गुरुङसेनीको नाममा मालपोत कार्यालय मनमैजु दर्ता श्रेष्ठा कायम रहेको काठमाडौं जिल्ला, गोलढुङगा वडा नं. १ स्थित कित्ता नं. १६५० को क्षेत्रफल ११५.२५ वर्ग.मि.को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : नेपालटार, काठमाडौं, फोन नं. ०१-४३८७१९२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

कुमारी बैंक लिमिटेड शाखा कार्यालय भक्तपुरको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८१/०२/०३ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय भक्तपुरबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं । **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ ।**

तपसिल

१. ऋणीहरूको विवरण	व्यक्तिगत जमानीकर्ताको विवरण
बुद्धि कृष्ण घिमिरे ना.प्र.नं.- ३४०४३/३४८ जारी मिति - २०४६/०५/०६, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - विष्णु प्रसाद घिमिरे बाजे - पिताम्बर घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ (साबिक टुकुचा गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ....१ र **बिकास घिमिरे** ना.प्र.नं.- ३०-०१-७५-०७७५३, जारी मिति - २०७५/०९/०८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - बुद्धि कृष्ण घिमिरे बाजे - विष्णु प्रसाद घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ हालको ठेगाना- ऐ.ऐ ....१ समेत जना २	१. **इन्दिरा घिमिरे** ना.प्र.नं.- ३०-०१-७०-०९१५४, जारी मिति - २०७०/०९/२८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - पूर्ण बहादुर हमाल पति - बुद्धि कृष्ण घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ (साबिक टुकुचा नाला गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ
२. ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**
इन्दिरा घिमिरे ना.प्र.नं.- ३०-०१-७०-०९१५४, जारी मिति - २०७०/०९/२८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - पूर्ण बहादुर हमाल पति - बुद्धि कृष्ण घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ (साबिक टुकुचा नाला गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ	१. **बुद्धि कृष्ण घिमिरे** ना.प्र.नं.- ३४०४३/३४८ जारी मिति - २०४६/०५/०६, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - विष्णु प्रसाद घिमिरे बाजे - पिताम्बर घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ (साबिक टुकुचा गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ २. **बिकास घिमिरे** ना.प्र.नं.- ३०-०१-७५-०७७५३, जारी मिति - २०७५/०९/०८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - बुद्धि कृष्ण घिमिरे बाजे - विष्णु प्रसाद घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ हालको ठेगाना- ऐ.ऐ
३. ऋणीको विवरण	**व्यक्तिगत जमानीकर्ताहरूको विवरण**
बुद्धि कृष्ण घिमिरे ना.प्र.नं.- ३४०४३/३४८ जारी मिति - २०४६/०५/०६, जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - विष्णु प्रसाद घिमिरे बाजे - पिताम्बर घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ (साबिक टुकुचा गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ	१. **इन्दिरा घिमिरे** ना.प्र.नं.- ३०-०१-७०-०९१५४, जारी मिति - २०७०/०९/२८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - पूर्ण बहादुर हमाल पति - बुद्धि कृष्ण घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२(साबिक टुकुचा नाला गा.वि.स. वडा नं. ०७) हालको ठेगाना- ऐ.ऐ २. **बिकास घिमिरे** ना.प्र.नं.- ३०-०१-७५-०७७५३, जारी मिति - २०७५/०९/०८ जि.प्र.का. काभ्रेपलाञ्चोक बाबु - बुद्धि कृष्ण घिमिरे बाजे - विष्णु प्रसाद घिमिरे स्थायी ठेगाना- काभ्रेपलाञ्चोक जिल्ला, बनेपा न.पा., वडा नं. ०२ हालको ठेगाना- ऐ.ऐ
धितो सुरक्षणको विवरण	
१. **बुद्धि कृष्ण घिमिरे**को नाममा मालपोत कार्यालय, काभ्रेपलाञ्चोकमा दर्ता कायम रहेको काभ्रेपलाञ्चोक जिल्ला, टुकुचा गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १२०७ को क्षे.फ. २-०-०-० (रोपनी) घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।	२. ऋणी **इन्दिरा घिमिरे** तथा निज प्रोपाईटर रहेको **नमुना कृषि तथा गाइ, भैसि, पशुपंक्षी फर्म**को सम्पूर्ण चल अचल श्रीसम्पत्ति तथा अन्य आसामीहरुसंग लेना रकम उपर उल्लेखित कर्जा रकम तथा सोबाट उत्पन्न दायित्वको हदसम्म धनी बैंकको हक रहने गरी धितो सुरक्षण लिखत वा हाईपोथिकेशन तमसुक ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय भक्तपुर फोन नं.०१-६६१०३००/०१

NIC ASIA
एन आई सी एशिया बैंक लि.

PRESENTS

BIZMANDU PRE-BUDGET CONFERENCE

POWERED BY

Kajaria
INDIA'S NO. 1 TILE COMPANY

Prabhu Bank

THE BANKER BANK OF THE YEAR 2023 NEPAL

भाट-भटेनी सुपर मार्केट
Bhatbhateni Super Market
(ESTD. 1984 AD)

Friday, Jestha 4, 2081

Co-sponsored by

BYD | Citizens Bank | सगरमाथा सिमेन्ट | Vatsalya NATURAL IVF

Empowering Partner: fonepay
Electrifying Partner: LITMUS CABLES
Payment Partner: eSewa
Infrastructure Partner: SHIVAM CEMENT
Health Partner: Health First अमृत तेल
Travelling Partner: Yeti Airlines

Celebration Partner: Johnnie Walker | Ketel One Vodka
Creative Partner: anscreation Partners in brand building

LIVE on
Himalaya TV HD | BIZMANDU YouTube
@2 pm onwards

bizmandu
SORRY! WE MIND YOUR BUSINESS

गिरीबन्धु टी इस्टेट प्रकरणमा सर्वोच्चको फैसलाको तरंग

छानबिन गर्न कांग्रेसको माग, ओलीको प्रतिवाद

१३ असार ०७८ मा बसेको मन्त्रिपरिषद् बैठकले ३४३ बिघा क्षेत्रफलमा फैलिएको चियाबगान स्थानान्तरण गरी बिक्री-वितरण गर्न गरेको निर्णयमा सर्वोच्चले रोक लगाएको छ

नयाँ पत्रिका

झापाको गिरीबन्धु टी इस्टेट कम्पनीको चियाबगान स्थानान्तरणका लागि तीन वर्षअघि कानुन संशोधन गरेर अनुमति दिएको विषय फेरि चर्किएको छ। सो निर्णयविरुद्ध परेको रिटमा हालै सर्वोच्च अदालतले गरेको फैसलाको पूर्णपाठ सार्वजनिक भएसँगै कांग्रेसले यसको पनि छानबिन हुनुपर्ने माग अघि सारेको छ। कांग्रेस महामन्त्री गगन थापाले नीतिगत भ्रष्टाचार रोक्ने सम्बन्धमा स्पष्ट प्रावधान राख्न संशोधन दर्ज गरेको बताउँदै यसलाई छानबिनको दायरामा ल्याउनुपर्ने बताएका छन्। एमालेले भने प्रतिवाद गरेको छ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारले गिरीबन्धु टी इस्टेट कम्पनीलाई लक्षित गरी ऐन नै संशोधन गरेर चियाबगान स्थानान्तरणका लागि सहमति दिएको थियो। सर्वोच्चले सरकारको निर्णय कार्यान्वयनमा रोक लगाइदिएकोमा गत २४ माघमा फैसला सुनाउँदै सो निर्णय भूमिसम्बन्धी ऐनको हदबन्दीसम्बन्धी मर्मविपरीत रहेको भन्दै खारेज गरिदिएको थियो। सोही फैसलाको पूर्णपाठ गत साता सार्वजनिक भएको हो।

१३ असार ०७८ मा बसेको मन्त्रिपरिषद् बैठकले तीन सय ४३ बिघाको चियाबगान स्थानान्तरण गरी बिर्तामोडमा रहेको चियाबगानको जग्गा बिक्री गर्न सहमति दिएको थियो। मन्त्रिपरिषद्को सो निर्णय 'भूमिसम्बन्धी कानुनले गरेको हदबन्दीसम्बन्धी अवधारणा प्रतिकूल रहेको' भनेर अदालतले व्याख्या गरेको छ। सर्वोच्चले 'अपरिपक्व, अमूर्त प्रकृतिका सर्तहरू' रहेको भनेर तत्कालीन मन्त्रिपरिषद्को निर्णयमाथि प्रश्नसमेत उठाएपछि कांग्रेसले तत्कालीन सरकारमाथि नीतिगत भ्रष्टाचारको आरोप लगाउँदै छानबिनको माग उठाएको छ। तत्कालीन प्रधानमन्त्री ओलीले समेत त्यसमा बुधबार खण्डन गर्दै उल्टो कांग्रेसमाथि आरोप लगाएका छन्।

सरकारले ०७६ मा भूमिसम्बन्धी ऐन, २०२१ संशोधन गरी उद्योग चल्न नसक्ने अवस्था आएमा स्थानान्तरण गर्न सक्ने सुविधा दिएको थियो। त्यसमै चलखेल भएको आरोप लाग्दै आएको छ। भूमिसम्बन्धी ऐन, २०२१ अनुसार उद्योग सञ्चालनका लागि राखिएको हदबन्दीभन्दा धेरै रहेको जग्गा बिक्री गर्न पाइँदैन। कुनै कम्पनी बन्द हुने अवस्था आएमा उद्योगको प्रयोजनका लागि प्रयोग गरिएको भन्दा धेरै जग्गा सरकारको नाममा जाने व्यवस्था भूमिसम्बन्धी ऐनमा छ। केही उद्योग र भूमाफियाको चलखेलका आधारमा सरकारले ऐन नै संशोधन गरेर हदबन्दीभन्दा धेरै जग्गा बिक्री गर्ने बाटो खोलेको थियो।

उद्योग तथा कम्पनी साबिकको स्थानमा चल्नै नसक्ने अवस्थामा पुगे मन्त्रिपरिषद्को स्वीकृतिमा मात्र जग्गा स्थानान्तरण तथा सट्टापट्टा दिन मिल्ने गरी ऐन संशोधन गरिएको थियो। तर, त्यसको लाभ उठाउँदै सरकारले उद्योग र भूमाफियाको स्वार्थअनुसार अनुमति दिन थालेको छ। यसमा सबैजसो ठूला पार्टीका नेताहरूसम्म बिचौलिया पुगेको स्रोत बताउँछ। ऐन संशोधनको प्रस्ताव तत्कालीन भूमि व्यवस्थामन्त्री पद्मा अर्याललले अघि बढाएकी थिइन्।



गिरीबन्धु टी इस्टेटको नाममा झापाको बिर्तामोडमा तीन सय ४३ बिघा जग्गा छ। मन्त्रिपरिषद्ले स्वीकृति दिएसँगै झापाकै पृथ्वीनगरमा रहेको जग्गासँग त्यसलाई सट्टापट्टा गर्ने प्रक्रिया अघि बढाइएको थियो। चियाबगान स्थानान्तरण गरेपछि बिर्तामोडको जग्गा प्लटिङ गरेर बिक्री गर्ने योजना व्यापारी समूहको थियो। बिघाकै करिब २० करोड पर्ने जग्गा बिक्री गरेर बिघाको करिब दुई करोड पर्ने जग्गा खरिद गर्न अनुमति दिइएकाले यसमा आर्थिक चलखेलको आरोप लाग्दै आएको छ।

राजा महेन्द्रले ०२१ मा भूमिसम्बन्धी ऐन लागू गर्दा जग्गाको हदबन्दी तोकिएको थियो। त्यतिबेला उद्योग तथा कम्पनीको नाममा भने अनुमति दिएर हदबन्दीभन्दा धेरै जग्गा राख्न दिने निर्णय गरिएको थियो। त्यसबेला टाठाबाठाले कम्पनी खडा गरेर हदबन्दीभन्दा धेरै जग्गा लुकाएका थिए। ऐन संशोधनका क्रममा प्रतिनिधिसभा र राष्ट्रिय सभामा चर्को विरोधका बाबजुद पारित भएको थियो। ऐन बनाउन नै नीतिगत भ्रष्टाचार भएको भन्दै केही सांसदले यसको विरोध गरेका थिए। पछि ठूला नेताको दबाबमा दुवै सभाबाट विधेयक पारित भएको थियो। ऐन संशोधनमा मुख्य दलका सबै नेता मिलेका थिए।

ऐनको दफा १२ (ग) मा संशोधन गरी हदबन्दीभन्दा धेरै जग्गा बिक्री-वितरण तथा सट्टापट्टा गर्न नपाइने उल्लेख गरियो। त्यस्ता उद्योग, प्रतिष्ठान, कम्पनी र संस्था लिक्विडेसनमा जाने अवस्थामा भने नेपाल सरकारको स्वीकृतिमा बिक्री गर्न पाइने व्यवस्था उपदफा (१) मा उल्लेख छ। संशोधन गर्दा उपदफा (२) थपेर त्यसबाहेकको हकमा समेत सट्टापट्टा तथा स्थानान्तरण गर्न दिने प्रावधान घुसाइएको थियो। जसमा भनिएको छ, 'नेपाल सरकारको सूचित आदेशद्वारा तोकिएको हदबन्दीभित्रको जग्गामा स्थापित कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्था अन्यत्र स्थानान्तरण गर्नुपर्ने वा सट्टापट्टा गर्नुपर्ने उचित र पर्याप्त कारण देखाइदिएको निवेदन मनासिब देखिएमा त्यस्तो कृषि फार्म, उद्योग, प्रतिष्ठान, कम्पनी वा संस्थाको भोगचलन गरिरहेको जग्गा यस ऐनको अधीनमा रही नेपाल सरकारले तोकेको सर्तबमोजिम अर्को ठाउँमा सट्टापट्टा वा स्थानान्तरणका लागि स्वीकृति दिन सक्नेछ।' ऐनको यही प्रावधानका आधारमा जग्गा बिक्री गर्ने चलखेल अघि बढेकोमा अदालतले रोक लगाएको थियो।

■ अदालतको अवरोधपछि
सरकारबाट कानुन संशोधन

अदालतकै अवरोधपछि सरकारले कानुन संशोधन गरेको थियो। ०७५ मा पनि यससम्बन्धी प्रयास भएकोमा सर्वोच्च अदालतले रोक लगाएको थियो। अधिवक्ता भक्तराज भारतीलगायतले त्यसविरुद्ध मालपोत कार्यालयल झापालाई विपक्षी बनाई रिट दायर गरेका थिए। जसमा ६ फागुन ०७५ मा सर्वोच्च अदालतले उक्त जग्गा सट्टापट्टा वा बिक्री-वितरण गर्न नपाउने भन्दै अन्तरिम आदेश दिएको थियो। सर्वोच्चले रोकेपछि माफिया समूहले ०७६ मा भूमिसम्बन्धी ऐन संशोधन गराउन सफल भएको हो। २८ माघ ०७६ मा ऐन राजपत्रमा प्रकाशित भएको थियो।

■ फैसलाप्रति ओलीको असन्तुष्टि
७० बिघा कांग्रेसले बेचेको दाबी



एमाले अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी ओलीले गिरीबन्धु टी स्टेटका सन्दर्भमा सर्वोच्च अदालतको फैसलाप्रति असन्तुष्टि जनाएका छन्। उनले टी इस्टेटको जग्गा विनाकानुन सट्टापट्टाको सुरुवात गरेर कांग्रेसले अनियमितता गरेको आरोपसमेत लगाए।

'जहाँसम्म गिरीबन्धु टी स्टेटको विषय छ, कांग्रेसले एकपटक ५१ बिघा, एकपटक १९ बिघा कमिसन खाएर सट्टापट्टाको नाममा बिक्री गर्न दिएको छ। पछि अदालतले ऐन बनाउनू, ऐन बनाएर मात्रै यस्ता काम अगाडि बढाउनू भनेपछि अदालतको आदेशबमोजिम हामीले ऐन बनाएका हौं, नियम बनाएका हौं। त्यसको कार्यान्वयन भएको छैन,' एमाले संसदीय दलको बुधबारको बैठकमा उनले भने, 'त्यो ऐनमा विभिन्न सर्तहरू राखिएका छन्, ती सर्तहरू पूरा भएर यो ठाउँको जग्गा यो ठाउँमा किन्ने, यो ठाउँमा सट्टापट्टा गर्ने, यो ठाउँको जग्गा बिक्री गर्ने भनिएको पनि छैन। अदालतले अहिले पनि फैसला गर्दा हदभन्दा बढी त्यो जग्गा दिन पाइँदैन भन्नुपऱ्यो नि, दिनचाहिँ मिल्छ, तर यसको अपरिपक्वता देखियो (भनेको छ)।'

अदालतको फैसलाको सम्मान गर्ने, तर उसले अहिले पूर्वाग्रह राखेको ओलीको भनाइ थियो। 'हामी सम्मानित अदालतको इज्जत गर्छौं, सम्मान गर्छौं। अदालतको फैसला मानेर कहिले जेल जीवन बिताएका छौं, कहिले विभिन्न मुद्दा भोगेका छौं, कहिले सरकारबाट हटेका छौं। तर, म आग्रह गर्न चाहन्छु- न्यायमूर्तिको कुर्सीमा बस्दा होस् वा रिटायर्ड भएपछि एकजना न्यायाधीशजीको (बोली) फेरिएको छ। बालुवाटार त छावा हो, हात्ती त त्यहाँ (गिरीबन्धु टी इस्टेटमा) छ,' ओलीले भने। फैसला गर्दा अदालतले सबै कागजपत्र नहेरेको उनको आरोप थियो। पहिले कानुन बनाऊ भनेर आदेश दिने, तर कानुन बनाएर त्यसबमोजिम टी इस्टेटको जग्गा सट्टापट्टा गर्दा परिपक्वता भएन भन्ने अदालतको काम गलत भएको उनको भनाइ थियो। 'कानुन बनाऊ भन्ने, कानुन बनाएपछि अपरिपक्व भन्ने। (कानुन बनाउँदा) संसद्मा ल्याउने हो, संसद्ले पास गर्ने हो, कानुन बनाउने त्योभन्दा परिपक्व तरिका के हुन्छ ?' उनले भने, 'अब निर्णयको हकमा कुन निर्णयलाई परिपक्व भन्ने कुन निर्णयलाई अपरिपक्व भन्ने ? कुनै समयमा अदालतले गरेको निर्णय अर्को अदालतले उल्टाउँछ, अदालतलाई ठीक लागेन उल्टायो, त्यसमा अरू प्रकारका कुराहरू कतै सम्बन्धित छैन।'

■ सेनाका लागि अधिग्रहण भएको जग्गामा भ्रष्टाचार
गुठी संस्थानका प्रमुख पाण्डेसहित चार कर्मचारी दोषी ठहर

काठमाडौं/ विशेष अदालतले धनुषाको साबिकको भरतपुर गाविसमा नेपाली सेनाका लागि अधिग्रहण भएको जग्गामा भ्रष्टाचार भएको मुद्दामा फैसला सुनाएको छ। बुधबार विशेषले यस सम्बन्धमा दायर दुई मुद्दामा एउटामा ठहर र अर्कोमा सफाइ दिने फैसला गरेको हो। विशेषका सदस्यहरू खुसीप्रसाद थारू, तेजनारायणसिंह राई र रामबहादुर थापाको इजलासले यस्तो फैसला गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ६ जनालाई प्रतिवादी बनाउँदै २० पुस ०७६ मा मुद्दा दायर गरेको थियो। गुठी संस्थानका कर्मचारीले घुस/रिसवत लिई गुठीको जग्गामा नक्कली मोही कायम गर्नुका साथै उनीहरूलाई मुआब्जा दिँदा भ्रष्टाचार गरेको भेटिएको थियो। यसै विषयमा चार वर्षपछि विशेषले फैसला गर्दै प्रतिवादीहरूमाथि कसुर कायम गरेको छ। मोहियानी हकबापतको मुआब्जा प्राप्त रकममध्येबाट बिचौलियाका माध्यमले गुठी संस्थान धनुषाका कर्मचारीले घुस बुझेका थिए। संस्थानको जनकपुरस्थित शाखा कार्यालय प्रमुख राजाबाबु पाण्डेले मोहीहरूलाई मुआब्जा वितरण गरेबापत १९ लाख ३० हजार रुपैयाँ घुस लिएको पुष्टि भएको थियो।

पाण्डेका साथै बिचौलिया सुमनकान्त ठाकुरलाई विशेषले सजाय निर्धारणका लागि १३ जेठको पेसी तोकेको विशेषका प्रवक्ता धनबहादुर कार्कीले जानकारी दिए। उनीहरूलाई तीन वर्षभन्दा बढी सजाय हुन सक्ने भन्दै सजाय निर्धारणको पेसी तोकिएको हो। यसै मुद्दाका अन्य प्रतिवादीका हकमा भने सजाय सुनाइएको छ।

यसै मुद्दामा प्रतिवादी बनाइएकामध्ये गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालबाट बिचलौलिया ठाकुरले ६३ लाख रुपैयाँ घुस लिई कार्यालय प्रमुख पाण्डेलाई १९ लाख ३० हजारको चेक दिएका थिए। गुठी संस्थानका सहायक प्रशासक मनोजकुमार आचार्यले भने ६ लाख ५० हजार लिएको पुष्टि भएको छ। यो मुद्दामा आचार्यलाई घुस लिएबराबर रकम जरिवाना तिराउने र उक्त रकम असुलउपर हुने फैसला भएको विशेषले जनाएको छ। साथै, उनलाई एक वर्ष ६ महिना कैद सजायसमेत हुने भएको छ।

गुठी संस्थान जनकपुरका तत्कालीन वरिष्ठ लेखा सहायक हरिचन्द्र भुसाललाई पनि विशेषले दोषी ठहर गर्दै सजाय सुनाएको छ। उनले यस घटनामा मतियारको भूमिका निर्वाह गरेको ठहर विशेषको छ। उनले चार लाख ३० हजार रुपैयाँ घुस रकम बुझेर पाण्डेलाई दिएको भन्दै यसको आधा हुन आउने रकम जरिवाना हुने सजाय सुनाइएको छ। भुसाललेे तीन महिना कैदसमेत भुक्तान गर्नुपर्ने फैसला भएको प्रवक्ता कार्कीले बताए। यसै घटनामा धनुषाका प्रमुख जिल्ला अधिकारी एवं मुआब्जा निर्धारण समितिका अध्यक्ष वसन्तराज गौतमसमेत १४ जनालाई प्रतिवादी बनाउँदै अर्को मुद्दा दायर भएको थियो। अख्तियारले १५ भदौ ०७९ मा दायर गरेको उक्त मुद्दामा भने सबैले सफाइ पाएका छन्। उनको नेतृत्वको समितिले गुठी संस्थानको खातामा हुनुपर्ने एक करोड १४ लाख रुपैयाँभन्दा बढी रकम मोही कायमै हुन नसक्ने व्यक्तिहरूलाई मोही बनाई बाँडेको अभियोग थियो। मुआब्जा बुझ्नै गायत्रीदेवी जयसवाल र शत्रुधन जयसवालका साथै मुआब्जा दाबी गर्ने अन्य सबैले सफाइ पाएका छन्।

संसद्को गतिरोध कायमै

प्रधानमन्त्री सघन वार्तामा, सत्ता-प्रतिपक्षसँग छलफल



कमलराज भट्ट/नयाँ पत्रिका

सहकारी अपचलनमा संसदीय छानबिन समिति गठनको विषयले संघीय संसद्मा जारी गतिरोध हटाउने प्रयास असफल भएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सभामुख देवराज घिमिरेले गतिरोध हटाउन दलहरूसँग संवाद गरिरहेका छन्। बुधबार प्रधानमन्त्री प्रचण्डले दलका सचेतकहरूसँग औपचारिक तथा अनौपचारिक संवाद गरेका छन्।

प्रधानमन्त्रीले बुधबार सत्तापक्ष र प्रतिपक्षका नेताहरूसँग छलफल गरेका थिए। प्रधानमन्त्री कार्यालयमा एमाले अध्यक्ष केपी ओली र रास्वपा सभापति एवं उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेसँग छुट्टाछुट्टै छलफल गरेका प्रचण्डले प्रमुख प्रतिपक्षी कांग्रेस महामन्त्री गगन थापा र राष्ट्रिय सभा दलका नेता कृष्ण सिटौलासँग छलफल गरेका थिए। तर, कुनै निकास निस्किएन।

प्रधानमन्त्री प्रचण्ड समग्र सहकारीको अपचलन छानबिन गर्ने गरी समिति बनाउन तयार भए पनि एमाले अध्यक्ष ओली असहमत देखिएका छन्। बैठकमा उनले कांग्रेससँग नलत्रिने भन्दै 'उनीहरू जसरी प्रस्तुत हुन्छन्, हामी पनि त्यसैगरी जवाफ दिनुपर्छ' भनेका थिए। रास्वपा सभापति लामिछानेले आफूलाई एकपटक सदनमा बोल्न दिनुपर्ने र त्यसपछि समिति बनाउँदा आपत्ति नहुने धारणा राखेका थिए। प्रधानमन्त्री प्रचण्डले १५ जेठभित्र बजेट ल्याउनुपर्ने भन्दै मुठभेडमा जान नहुने र मध्यमार्गी बाटोमा गतिरोध अन्त्य गरेर अगाडि बढ्नुपर्ने धारणा राखेका थिए। 'तीनै नेताले आ-आफ्नो कुरा राखेर हिँडे। परिस्थिति जहाँको त्यहीँ छ। बिहीबार बिहान केही डेभलपमेन्ट होला,' बैठकबारे जानकार एक मन्त्रीले भने।

सभामुख घिमिरेले प्रधानमन्त्री प्रचण्डसँग निरन्तरको अवरोधले संसद् बन्धक भएको, राष्ट्रपतिलाई धन्यवाद प्रस्तावसमेत पारित नभएको भन्दै प्रतिपक्षीसँग तत्कालै सहमति गर्न आग्रह गरेका थिए।

प्रधानमन्त्री प्रचण्डले बिहीबारै कांग्रेस नेताहरूलाई भेटेर आफू समिति गठनको वातावरण बनाउन लागिपरेको र ओलीले नमानेको जानकारी गराएका थिए। 'समिति गठनमा रविजी पनि तयार हुनुहुन्छ। उहाँले बोल्ने कुरामा तपाईंहरू पनि राजी हुनुहुन्छ। तर, ओलीजी मानिरहनुभएको छैन। परिस्थिति थप प्रतिकूल बनाउने भूमिका देखिन्छ। म वाक्क भइसकेँ,' प्रचण्डको भनाइ उद्धृत गर्दै कांग्रेसका एक नेताले भने। उनका अनुसार प्रधानमन्त्री प्रचण्डले थप छलफलका लागि कांग्रेस नेताहरूलाई बिहीबार बिहान ८ बजे बालुवाटार डाकेका छन्। २८ वैशाखदेखि सुरु भएको संघीय संसद्को बजेट अधिवेशन ठप्प छ। प्रमुख प्रतिपक्षी कांग्रेसले संसदीय छानबिन समिति मागेर नीति तथा कार्यक्रम टेबुल हुन दिएको छैन। दुवै सभाको बैठक बिहीबार बस्दै छ। कांग्रेस प्रमुख सचेतक रमेश लेखकले परिस्थितिमा कुनै ठोस प्रगति नभएको बताउँदै संसदीय छानबिन समिति नबनेसम्म संसद्को कारबाही अगाडि बढ्न नदिने बताए।

प्रधानमन्त्री प्रचण्ड बिहीबार नै सदन चलाउने गरी विभिन्न विकल्पमा छलफल गरिरहेका छन्। यसबारेमा प्रचण्डले गृहमन्त्री लामिछानेसँग छुट्टै छलफल गरेका छन्। 'समग्रतामा सहकारीको छानबिन गर्न समिति बनाउने, बिहीबारको सदनमा रवि लामिछानेले बोल्ने र त्यसपछि कांग्रेस बोलेर सदनको कारबाही अगाडि बढाउने विकल्पमा संवाद साँघुरिएको थियो। तर, ओलीजीले संसदीय दल राखेर प्रतिवादमा उत्रिने भनेपछि माहोल बिग्रियो,' माओवादीका एक सांसदले भने। उनका अनुसार यो विकल्पमा कांग्रेस पनि तयार भइसकेको थियो।

कांग्रेसले संसदीय छानबिन समिति गठनका लागि सडकबाट समेत दबाब बढाएको छ। पार्टी निर्देशनसँगै कांग्रेस भ्रातृसंस्थाहरूले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेमाथि सहकारी प्रकरणमा छानबिन समितिका लागि दबाबमूलक गतिविधि बढाएका हुन्। निरन्तर सदन अवरुद्ध गर्दै आएको कांग्रेसले सरकारले सदनमा प्रतिपक्षको माग नसुने सडक संघर्षलगायत गतिविधि थाल्ने चेतावनी दिँदै आएको छ। कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले बुधबार साँझसम्म सरकारबाट प्रतिपक्षको माग सुनुवाइ हुने गरी ठोस प्रस्ताव नआएको बताए। संसदीय समिति नबनेसम्म सदनको अवरोध नरोक्ने उनको भनाइ छ।

■ कांग्रेसप्रति ओली आक्रामक

लामो समयदेखि अवरोध गरेर संसद् बन्धक बनाएको भन्दै एमाले अध्यक्ष केपी ओली प्रमुख विपक्षी कांग्रेसप्रति आक्रामक बन्दै गएका छन्। पार्टी संसदीय दलको बुधबारको बैठकमा करिब २० मिनेटको सम्बोधनमा कांग्रेसविरुद्ध आक्रामक रूपमा प्रस्तुत भएका उनले संसद्मा कांग्रेसलाई दादागिरी गर्न नदिइने चेतावनीसमेत दिए।

संसद्को महत्त्वपूर्ण समय कांग्रेसको लडहबाजीमा बर्बाद हुन नसक्ने भन्दै ओलीले बिहीबारबाट अविलम्ब संसद् सुचारु हुनुपर्नेसमेत बताए। 'हामी चुप लागेर बसेका छौं भनेर हाम्रो बोली छैन भन्ने कांग्रेसले नबुझ्दा हुन्छ। तसर्थ, भोलि (बिहीबार)बाट अविलम्ब संसद् सुचारु हुनुपर्छ,' उनले भने, 'देश र जनताको माननीय सांसदहरूको, देशका लागि अहिले चिन्तित हुनुपर्ने वेलामा सांसदहरूको यो समय, संसद्को यो समय कांग्रेसका लहडबाजीमा बर्बाद गरिनुहुँदैन।'

बागमतीमा मन्त्रालयको संख्या १३ पुग्यो

मकवानपुर/ बागमती प्रदेशमा मन्त्रालयको संख्या बढाइएको छ। सत्ता साझेदार दलहरूबीच भागबन्डा मिलाउन मन्त्रालयको संख्या १२ बाट १३ पुऱ्याइएको हो। बुधबार साँझ बसेको बामगती प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले मौजुदा सामाजिक विकास मन्त्रालय टुक्र्याएर १३ वटा बनाइएको हो। प्रदेश सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले प्रदेशमा रहेको समाजिक विकास मन्त्रालयअन्तर्गत रहेको युवा तथा खेलकुद विभागलाई टुक्र्याएर युवा तथा खेलकुद मन्त्रालय बनाइएको जानकारी दिए। यससँगै करिब ४५ दिनदेखि जिम्मेवारी विहीन रहेकी विना विभागीयमन्त्री रमा आले मगरले युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी पाउने भएकी छिन्। गत १९ चैतमा मन्त्री नियुक्त भएकी मन्त्री मगरलाई जिम्मेवारी दिन माओवादीबाट मन्त्री रहेकी कुमारी मोक्तानले सम्हाल्दै आएको सामाजिक विकास मन्त्रालय टुक्र्याइएको हो।

एकीकृत समाजवादीकी सांसद मगरलाई मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रोपटक १९ चैतमा विश्वासको मत लिएकै दिन मन्त्रीमा नियुक्त गरेका थिए। त्यसवेला मन्त्री नपाए विश्वासको मत नदिने अडानबीच उनलाई विनाविभागीय मन्त्री नियुक्त गरिएको थियो। बागमतीमा मुख्यमन्त्रीसहित माओवादीबाट चार, एमालेका पाँच, एकीकृत समाजवादीका तीन र हाम्रो नेपाली पार्टीका एक गरी १३ मन्त्री बनेका छन्।

व्यास नगरपालिकाको पुनः मतगणना गर्न उच्च अदालतको आदेश

कास्कीमा रोहितराज पराजुली

उच्च अदालत पोखराले तनहुँको व्यास नगरपालिकाको पुनः मतगणना गर्न आदेश गरेको छ। ०७९ वैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा नगरपालिकाको मेयरमा स्वतन्त्र उम्मेदवारी दिएर पराजित दीपकराज जोशीले १२ जेठ ०७९ मा मतगणना बदर गरी दोहोऱ्याएर मतगणना गरिपाऊँ भनी अदालतमा रिट दर्ता गरेका थिए। जोशीले रिट दायर गरेको २३ महिना २० दिनपछि अदालतले पुनः मतगणना गर्न आदेश गरेको हो।

न्यायाधीश राजनप्रसाद भट्टराई र निर्मला पौडेल भट्टराईको संयुक्त इजलासले जोशीको दाबी पुग्ने आदेश गरेसँगै पुनः मतगणना हुने भएको हो। अदालतको आदेशसँगै अब निर्वाचन आयोगले पुनः मतगणना गरेर अर्को नतिजा प्रकाशन गर्नुपर्ने भएको छ। आदेशसँगै यसअघिको नतिजा स्वतः बदरसमेत भएको छ।

कांग्रेसका वैकुण्ठनाथ न्यौपानेसँग दुई सय ५२ मत अन्तरले पराजित भएका जोशीले निर्वाचन आयोग, मुख्य निर्वाचन अधिकृत, मुख्य निर्वाचन अधिकृतको कार्यालय, तनहुँ, जिल्ला निर्वाचन कार्यालय, तनहुँ र निर्वाचित मेयर वैकुण्ठनाथ न्यौपानेलाई प्रतिवादी बनाउँदै पुनः मतगणनाको माग गर्दै रिट निवेदन दिएका थिए। अदालतमा दायर रिटमा जोशीले केही मतदान केन्द्रमा खसेभन्दा बढी मत प्राप्त भएको, मतगणना गर्दा गडबडी, धाँधली गरेर षड्यन्त्रपूर्वक हराइएको उल्लेख गरेका थिए। जोशीले मतगणनाको परिणाम सार्वजनिक भएलगत्तै पुनः मतगणनाका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालय, तनहुँमा उजुरी दिएका थिए। आफ्नो उजुरीको सुनुवाइ नभएको र आयोगबाट न्याय नपाएको भन्दै उनी अदालत पुगेका थिए। निर्वाचनपछि भएको मतगणनामा न्यौपानेले १२ हजार ७८ र जोशीले ११ हजार ८ सय २६ मत पाएका थिए। मेयरमा विजयी न्यौपानेले आफ्नो पदभार ग्रहणसँगै दुई वर्षदेखि कामसमेत गर्दै आएका छन्। जोशी पूर्वमन्त्री गोविन्दराज जोशीका छोरा हुन्। निर्वाचनमा उनलाई एमालेले समर्थन गरेको थियो।

जोशीले १२ जेठ ०७९ मा रिट दायर गरेपछि १३ जेठमा न्यायाधीश ऋषि राजभण्डारी र श्रीधराकुमारी पुडासैनीको संयुक्त इजलासले विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। जोशीको निवेदनमाथि भएको सुनुवाइपछि अदालतले निवेदकको मागअनुसार आदेश किन जारी गर्न नपर्ने हो ? त्यसको कारणसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न विपक्षीहरूको नाममा कारण देखाऊ आदेश जारी गरेको थियो। त्यसपछि जोशीले पुनः मतगणनाको माग गर्दै दायर गरेको रिट ३१आँपटकको पेसीमा भएको सुनुवाइपछि मात्र अन्तिम फैसला आएको हो।

एकीकृत समाजवादीको बैठकमा भीम रावलको चर्चा

नयाँ पत्रिका

एकीकृत समाजवादीको केन्द्रीय समिति बैठकमा एमाले नेता भीम रावलको चर्चा भएको छ। आगामी असारमा आयोजित महाधिवेशनमा प्रस्तुत गरिने दस्ताबेजमाथि समूहगत छलफलका क्रममा रावलबारे चर्चा भएको हो। समूह नेताले निष्कर्ष प्रस्तुत गर्ने वेलामा पनि उनको चर्चा गरेका छन्।

१२ मध्ये समूह ९ का नेता हस्तबहादुर शाहीले समूहमा छलफल गरेर सुझाव पेस गरेको जानकारी दिए। 'कतिपय नेताको कार्यशैलीका कारण पार्टी बन्न नसकेको हो। नेताका कोठरीवाला र तिनैका स्वार्थले आमकार्यकर्तासँगको सामञ्जस्यता बनिरहेको छैन। एकतामा आउन चाहनेलाई रोकावट छ, जस्तो कि भीम रावल आदि,' उनले सुझावमा भनेका छन्। अन्य समूहमा पनि समूहगत छलफलका क्रममा रावलको नाम आएको थियो। तर, समूह नेताहरूले नामै उल्लेख गरेर प्रस्तुत भने नगरेको नेताहरूले बताएका छन्।

बैठकमा सुझावका रूपमा विषय प्रवेश भएपछि अध्यक्ष माधवकुमार नेपालले राष्ट्रियता, वामपन्थी र समाजवादी पक्षधर पार्टी, समूह र व्यक्तिसँग एकताको ढोका खुला रहेको बताए। उनले पार्टीसँग विचार मिल्ने शक्तिलाई एकताबद्ध गर्दै लैजाने बताए।



स्रोतका अनुसार एकीकृत समाजवादीका नेता तथा कार्यकर्ताले रावलसँगको भेटवार्तालाई बाक्लो बनाएका छन्। विशेष गरी सुदूरपश्चिम र कर्णालीका नेता तथा कार्यकर्ताले प्रायः दैनिकजसो रावलसँग भेटघाट गरिरहेको एक नेताले बताए।

एमाले विभाजनअघि रावल नेपाल पक्षमै थिए। पार्टी विभाजनका वेला १० बुँदे सहमति गरेर रावललगायत नेताहरू एमालेमै बसेका थिए। दर्शौं महाधिवेशनमा रावलले अध्यक्षमा केपी ओलीसँग प्रतिस्पर्धा गरेका थिए। महाधिवेशनमा पराजित भएपछि ओलीले रावललाई सल्लाहकार बनाएका छन्। तर, ओलीको कार्यशैलीप्रति रावलले निरन्तर असन्तुष्टि पोख्दै आएका छन्। पछिल्लो समय एमालेमा बस्न गाह्रो हुँदै गएको टिप्पणीसमेत रावलले गर्ने गरेका छन्।

■ महाधिवेशन मध्यअसारमै हुने

अधिकांश समूहले मध्यअसारको महाधिवेशन सार्नुपर्ने सुझाव दिएका थिए। मध्यअसारमा वर्षाका कारण बाटो अवरुद्ध हुन सक्ने, प्रकृति विपत्ति आइपरे उद्धारमा खटिनुपर्ने, धान रोप्नुपर्नेलगायत कारण महाधिवेशन मध्यअसारमा गर्न नहुने तर्क समूहगत छलफलमा उठेको थियो। टोली नेताहरूले सोहीअनुसार सुझाव दिएका थिए।

तर, जनवादी केन्द्रीयता प्रयोग गर्दै अध्यक्ष नेपालले महाधिवेशन तोकिएकै समयमा हुने बताए। बैठक समापन गर्दै नेपालले १६-२० असारमै महाधिवेशन हुने भन्दै आवश्यक तयारीमा जुट्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए। 'पार्टी बनाउन प्रतिबद्धता चाहिन्छ। हामीले अप्ठेरो परिस्थितिमा पार्टी निर्माण गर्दै आएका छौं। बहाना बनाएर पार्टी महाधिवेशन सार्नुहुँदैन। निर्धारित समयमै महाधिवेशन हुन्छ,' उनले भने। नेपालले दस्ताबेजमाथि प्राप्त सुझावलाई समेटेर जाने प्रतिबद्धतासमेत जनाए।

■ दस्ताबेजहरू सुझावसहित पारित

एकीकृत समाजवादीको महाधिवेशनमा प्रस्तुत हुने दस्ताबेजहरू केन्द्रीय समिति बैठकबाट परिमार्जनसहित पारित भएका छन्। मंगलबार र बुधबार ललितपुर बालकुमारीस्थित कान्तिपुर गार्डेनमा बसेको केन्द्रीय समिति बैठकले विभिन्न दस्ताबेज परिमार्जनसहित पारित गरेको हो। बैठकमा अध्यक्ष नेपालले राजनीतिक प्रतिवेदन, सम्मानित नेता झलनाथ खनालले पार्टीको समाजवादी कार्यक्रम, उपाध्यक्ष बेदुराम भुसालले विधान संशोधन र महासचिव घनश्याम भुसालले सांगठनिक प्रतिवेदन पेस गरेका थिए। नेता साध्यबहादुर भण्डारीले राष्ट्रियता, नागरिकता वितरण प्रणालीमा कडाइ गर्नुपर्ने मागसहित पूरक प्रतिवेदन पेस गरेका थिए। ती प्रतिवेदनमाथि केन्द्रीय सदस्यलाई १२ समूहमा विभाजन गरेर छलफल गराइएको थियो।

कर्मकाण्डी नीति–कार्यक्रमको निरन्तरता

संसद्मा प्रस्तुत गरिएको नीति तथा कार्यक्रमले सबैलाई खुसी बनाउन त सक्छ, तर कार्यान्वयनमा जाने आधार भने देखिँदैन



● प्रा.डा. गोविन्दराज पोखरेल

अग्रलेख

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले संसद्को संयुक्त सदनको बैठकमा सरकारको आगामी आर्थिक वर्ष ०८१/८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको छ। नीति तथा कार्यक्रम सारमा भन्नुपर्दा राम्रो छ, तर यसको कार्यान्वयन चुनौतीपूर्ण छ। सुन्दा राम्रो लाग्ने यो नीति तथा कार्यक्रम कार्यान्वयनका लागि सरकारले स्रोत, साधन र क्षमताको स्पष्ट आधार प्रस्तुत गर्न सकेको छैन।

सरकारले उत्पादनशील, रोजगारीमूलक र न्यायपूर्ण वितरणसहितको उच्च, फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्दै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने नीति लिएको छ। विगतका नीति तथा कार्यक्रममा पनि यस्तै भाषा प्रयोग गरिएका हुन्थे। दिगो, समावेशी र उच्च आर्थिक वृद्धिदर हासिल गर्ने नीति नौलो होइन, विगतदेखि नै घोषणा गरिए पनि पूराचाहिँ हुन सकेको छैन। अपवादबाहेक पछिल्ला वर्षमा लक्ष्यअनुसारको आर्थिक वृद्धिदर हासिल गर्न सकिएको छैन। रोजगारी वृद्धि गर्ने वाचा हरेक नीति तथा कार्यक्रममा दोहोरिने गरेका छन्। तर, स्वदेशमा रोजगारी नपाएर वैदेशिक रोजगारीमा जाने संख्या झन्झन् बढ्दो अवस्थामा छ। सरकारले सुशासन पनि कायम गर्ने भनेको छ। विगतका सरकारले पनि सुशासनको नारा लगाएकै हुन्। यो नारा लगाउनेभन्दा पनि व्यवहारमा उतार्ने विषय हो।


पढ्दा नीति तथा कार्यक्रम ठीकै छ, तर सैद्धान्तिक रूपमा भन्नुपर्दा ठीक छैन। लोक रिझाउने गरी ल्याइएको छ, वितरण गर्ने कार्यक्रम राखिएका छन्। यसले सबैलाई खुसी बनाउन त सक्छ, तर कार्यान्वयनमा भने आशंका हुन्छ। अपवादबाहेक नीति तथा कार्यक्रम पुरानै छन्। धेरै कार्यक्रम दोहोरिएका छन्। हुन त विगतमा पनि यस्तै हुन्थे। कतिपय विगतका कार्यक्रमलाई स्वरूप फेरेर नयाँ भनेर ल्याइएको छ। स्टार्टअपलाई सहुलियत कर्जा दिने कुरा २०७२ मै 'च्यालेन्ज फन्डका' नाममा आएको थियो। त्यसपछि पनि विभिन्न नाममा स्टार्टअप प्रवर्द्धनका कार्यक्रम आए, तर ती कार्यान्वयनमा जान सकेनन्। आगामी वर्ष कम्तीमा एक हजार युवालाई स्टार्टअपका लागि सहुलियत कर्जा दिने भनिएको छ। तर, सरकारको स्रोत, साधान र क्षमतालाई हेर्दा यो कार्यक्रम पूरा हुनेमा विश्वस्त हुन गाह्रो छ।

वैदेशिक रोजगारीबाट फर्किएकाहरूको दक्षता सदुपयोग गर्न 'रिटर्नी उद्यमशीलता विकास' कार्यक्रम ल्याइएको छ। यो पनि नयाँ होइन, यसअघि विगतका वर्षमा पनि वैदेशिक रोजगारीबाट फर्किएकाहरूको सीप र पुँजी उपयोग गर्ने कार्यक्रम घोषणा गरिएका थिए, जुन आम रूपमा पूरा हुन सकेको छैन। आइसिटी क्षेत्रमा रोजगारी सिर्जना गर्ने नीति तथा कार्यक्रम राम्रो छ, तर कार्यान्वयनको स्पष्ट बाटो देखिँदैन।

नीति तथा कार्यक्रमले कृषिमा बढी जोड दिएको देखिन्छ। कृषि दशक घोषणा गरिएको छ। कतिपय वस्तुमा आत्मनिर्भर हुने घोषणा गरिएको छ। कृषिमै परनिर्भरता बढिरहेको वेलामा कृषिलाई 'फोकस' गर्नु राम्रो हो। तर, घोषणा केवल 'घोषणा'मै सीमित हुने सम्भावना उत्तिकै छ। किनभने विगतमा पनि कृषिवस्तुको उत्पादन बढाउने, आधुनिकीकरण गर्ने, व्यावसायिक बनाउने, आत्मनिर्भर हुनेलगायत नीति तथा कार्यक्रम नआएका होइनन्। तर, कार्यान्वयन हुन सकेन। सिँचाइको विकास तथा विस्तार, सममयै बिउविजन तथा मलको उपलब्धता र बजार एवं मूल्यको सूनिश्चितता नभएसम्म कृषि क्षेत्रको अपेक्षित विकास हुन सक्दैन।

एक वर्षको कार्यक्रममा दशवर्षे कार्यक्रम घोषणा : मूलतः आगामी आर्थिक वर्षका लागि कुन-कुन क्षेत्रमा सरकारको नीति कस्तो हुन्छ ? अनि ती क्षेत्रलाई अघि बढाउन सरकारले के-के कार्यक्रम ल्याउँछ ? के-के काम गर्छ भन्ने समग्र ऐना नै नीति तथा कार्यक्रम हो। तर, विगतदेखि नै 'पाँच वर्षसम्म यसो गर्छौं, दश वर्षमित्र यस्तो गर्छौं' भनेर घोषणा गर्ने गरिएको छ। सरकारले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम घोषणा गरेको हो।

यो एक वर्षे नीति तथा कार्यक्रम हो। तर, सरकारले दश वर्षका लागि कार्यक्रम घोषणा गरेको छ। दीर्घकालीन सोच राख्नु, योजना बनउनु राम्रो हो। तर, यसका लागि राजनीतिक सहमति चाहिन्छ। कृषि दशक, आइसिटी दशकलगायत कार्यक्रम घोषणा गरिएका छन्। पछि आउने सरकारले यस नीति तथा कार्यक्रमलाई अँगिकार गर्लान् त ? यसमा विश्वस्त नहुन पनि सकिन्छ। यस्ता दीर्घकालीन नीति तथा योजना हचुवाका भरमा घोषणा गर्नुहुँदैन। राजनीतिक दल, निजी क्षेत्रलगायत सरोकारावाला सबैसँग छलफल गरेर, अध्ययन गरेर, सहमति लिएर मात्रै घोषणा गरिनुपर्छ अनि मात्रै कार्यान्वयन हुन सक्छ।



निजी क्षेत्रको भूमिकामा अस्पष्ट : आगामी आर्थिक वर्षका लागि ल्याइएको नीति तथा कार्यक्रममा निजी क्षेत्रको भूमिकालाई स्पष्ट रूपमा चित्रण गरिएको छैन। सरकारले यसो गर्छु र उसो गर्छु मात्रै भनेको छ। विभिन्न नीतिगत औजार प्रयोग गरेर निजी लगानी ल्याउने भनिएको छ। त्यो औजार भनेको 'हेजिङ' हुनुपर्छ। हेजिङको व्यवस्था गर्ने भनिएको पनि धेरै भइसक्यो, तर ठूला लगानी भित्र्याउने गरी त्यसको व्यवस्था गर्न सकिएको छैन।

> सरकारले लोकप्रिय कार्यक्रम तथा परियोजना घोषणा गर्ने तर काम गर्न नसक्ने प्रवृत्ति दोहोरिरहँदा राजनीतिक दल र सरकारप्रति जनताको विश्वास घट्दै गएको देखिन्छ

निजी क्षेत्रलाई कुन-कुन क्षेत्रमा कसरी परिचालन गर्ने भन्ने कुरा स्पष्ट रूपमा भनिएको छैन। अहिले नेपालको पुँजीगत बजेट तीन खर्ब हाराहारी मात्रै छ। तर, दिगो विकासका लक्ष्य पूरा गर्न हामीलाई पूर्वाधारमा मात्रै वार्षिक १२ खर्ब हाराहारी लगानी गर्नुपर्ने बाध्यता छ। यस्तो अवस्थामा सरकारले निजी लगानी वृद्धि गर्नुपर्छ, निजी लगानी प्रोत्साहन गर्नुपर्छ। निजी क्षेत्रको भूमिकालाई बढाउने नीति लिएर सोहीअनुसारको कार्यक्रम बनाउनुपर्छ। यसमा सरकार चुकेको देखिन्छ।

तात्कालिक समस्या समाधानको ठोस उपाय छैन : अहिले देशको आर्थिक अवस्था शिथिल छ। निजी क्षेत्रको मनोबल खस्किएको छ। उत्पादन तथा निर्माणलगायत कतिपय क्षेत्र ऋणात्मक नै छन्। यस्तो वेलामा आएको नीति तथा कार्यक्रमले वर्तमान समस्या सम्बोधनमा भने खासै ध्यान दिएको देखिँदैन।

दश वर्षसम्मका नारा अघि सारेको सरकारले वर्तमान समस्या समाधान गर्ने ठोस नीति र कार्यक्रम भने प्रस्तुत गर्न सकेको छैन। अहिले राजस्व संकलन न्यून छ। लक्ष्यभन्दा निकै कम राजस्व उठेको छ। निजी क्षेत्रले लगानी बढाउन सकेका छैनन्। अहिलेको अप्ठ्यारो अवस्थालाई चिर्ने ठोस र स्पष्ट औजार सरकारले प्रस्तुत गर्न सकेन। सरकारको नीति तथा कार्यक्रमलाई निजी क्षेत्रले स्वागत गरिसकेको छ। कार्यान्वयनमा आशंका गर्दै उनीहरूले स्वागत गरेको देखिन्छ। तर, हेरेर र सुनेर मुखले स्वागत गरेर मात्रै हुँदैन। के लगानीकर्ता आज लगानी थप्न तयार छन् ? के निजी क्षेत्र अहिले हौसिएको छ ? हौसिने गरी नीति तथा कार्यक्रम आयो त ? यो व्यवहारले देखाउने हो।

आर्थिक स्रोत के हो ? : यो नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आर्थिक स्रोत कहाँबाट ल्याउने ? स्रोत कसरी परिचालन गर्ने ? यी प्रश्नको स्पष्ट जवाफ नीति कार्यक्रमले दिन सकेको छैन। यो नीति कार्यक्रमअनुसार बजेट बनाउँदा राजस्व कहाँबाट ल्याउने ? यसको पनि स्पष्ट कार्यक्रम देखिएको छैन। राजस्व बढाउन प्रशासनमा सुशासन चाहिन्छ, क्षमता चाहिन्छ, करका दायरा बढ्नुपर्छ अनि मुख्य कुरा लगानी वृद्धि हुनुपर्छ। यी सबै आधार अहिले कमजोर देखिएका छन्। यो कमजोर आधार सुधारका लागि सरकारले स्पष्ट नीति र कार्यक्रम अघि सारेको छैन। करका दायरा वृद्धि गर्ने नीति पुरानै हो, विगतदेखि नै रटान लगाउँदै आएको नारा हो। स्रोत नहुँदा सरकारले लिएका लक्ष्य पूरा हुन्छन् भन्ने आधार नै देखिँदैन। नारालाई पूरा गर्न स्रोतको जोहो कसरी गर्ने भन्ने प्रश्नलाई त्यसै छाड्नु युक्तिसंगत हुँदैन। यसर्थ, सरकारले लोकप्रिय कार्यक्रम ल्याए पनि त्यसको कार्यान्वयनका लागि स्रोतको आधार देखाउन सकेको छैन, स्रोत बढाउने सिर्जनशीलता देखाउन सकेको छैन।

नीति तथा कार्यक्रम बनाउन स्रोत र साधन के कति र कसरी परिचालन गर्ने, हाम्रा संरचनागत सुधार कसरी गर्ने, कार्यान्वयन गर्न केकस्ता नीतिगत सुधार गर्ने भन्नेमा यो चुकेको छ। नीति कार्यक्रममा यी कुरा स्पष्ट रूपमा कतै उल्लेख छैन। सडक बनाउने भनिएको छ। तर, भनेर मात्रै हुने भए त यति वेलासम्म नारायणगढ-बुटवल सडक विस्तार सकिँदो हो नि ? जनताले कति दुःख पाइरहेका छन्, सरोकारवाला निकायले अनुभव गरेको छ त ?

कर्मकाण्डी नीति कार्यक्रमको निरन्तरता : नेपालमा नीति तथा कार्यक्रम विगतदेखि नै कर्मकाण्डी रूपमा मात्रै आउने गरेको छ। नीति तथा कार्यक्रमको निर्माण प्रक्रियादेखि कार्यान्वयनका चरण नै कर्मकाण्डी छन्। उदाहरणका लागि, मन्त्रालयले आगामी आर्थिक वर्षका लागि बजेट लगभग तयार गरिसकेका छन्, अंक मिलाउन मात्रै बाँकी छ। यो नीति तथा कार्यक्रम ल्याउनुभन्दा अघि बजेटको 'एलएमबिआइएस' 'फाइनल' भइसक्यो। बजेटको सिद्धान्त र प्राथमिकता पनि आइसक्यो। तर, संसद्मा बल्ल नीति तथा कार्यक्रम प्रस्तुत भएको छ। नीति तथा कार्यक्रमका आधारमा बजेट बनुपर्ने हो। तर, बजेट बनिसकेको अवस्थामा प्रस्तुत नीति तथा कार्यक्रम र यसमाथि हुने छलफलको के अर्थ ? नीति तथा कार्यक्रम र बजेटबीच तादम्य होला भन्ने के ग्यारेन्टी ? त्यसैले यो कर्मकाण्डी हो भन्दा फरक पर्दैन।

विश्वसनीयता वृद्धिमा ध्यान दिऊँ : हरेक सरकारले लोकप्रिय हुनेगरी नीति तथा कार्यक्रम ल्याउने तर त्यसको कार्यान्वयन नगर्ने प्रवृत्तिले राजनीति, राजनीतिक दल र तिनका नेताप्रति आमजनताको विश्वास घट्दै गएको देखिन्छ। बनाउँछु भन्ने तर बनाउन नसक्ने, दिन्छु भन्ने तर नदिने, बाँड्छु भन्ने तर बाँड्न नसक्ने, केवल घोषणा मात्रै गर्ने यस्तो प्रवृत्तिले जनताको आक्रोश बढ्ने गरेको छ। यसप्रति सरकार र राजनीतिक दल सचेत हुन आवश्यक छ। स्रोतको सुनिश्चितताविना तथा पूर्वतयारी नगरी नै कार्यक्रम तथा परियोजना घोषणा गर्ने अनि काम गर्न नसक्ने प्रवृत्ति दोहोरिरहँदा राजनीतिक दल र सरकारप्रति जनताको विश्वसनीयता घट्दै गएको देखिन्छ। नेताले केही गर्दैनन् भन्ने आमधारणा विकास हुँदै गएको छ। त्यसैले नीति तथा कार्यक्रम एवम् बजेट बनाउँदा लोकप्रियभन्दा पनि यथार्थपरक बनाउनुपर्छ।

(प्रा.डा. पोखरेल राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष हुन्)

---

३ प्रश्न



एमाले सचिव **गोकर्ण विष्ट**लाई

३ जेठ अर्थात् दासढुंगा दुर्घटनालाई एमाले बिर्सिसक्यो कि सम्झँदै छ ?

नेपालको कम्युनिस्ट आन्दोलनको इतिहासमा जननेता मदन भण्डारी र कमरेड जीवराज आश्रितको विचार, योगदान र नेतृत्वलाई कसैले पनि बिर्सिन सक्दैन। उहाँहरूले पुऱ्याएको योगदानले नै आजको नेपाली राजनीतिमा हामीलाई सामयिक बनाइरहेको छ। त्यसैले, हामी सबैले उहाँहरूलाई सदैव सम्झिरहनेछौं। उहाँहरूले नेपाली कम्युनिस्ट आन्दोलनमा पुऱ्याएको योगदानको सम्मान गर्दै त्यसलाई अझ समृद्ध बनाउने दिशामा हामी अघि बढिरहेका छौं। त्यसैले, उहाँहरूलाई गुमाएको दिन ३ जेठलाई एमालेले बिर्सिने कुरै छैन।

एमालेले मदन भण्डारीको विचार जनताको बहुदलीय जनवाद (जबज) लाई बिर्सिसक्यो भन्ने आरोप छ नि ?

हामी पार्टीको आन्तरिक जीवन र नेपाली राजनीतिमा प्रतिस्पर्धात्मक विधिबाट अघि बढिरहेका छौं। जबजले अघि सारेका विचारलाई बिर्सिने होइन, त्यसलाई समृद्ध गर्ने दिशामा सिंगो पार्टी पंक्ति निरन्तर लागिपरेको छ। कमरेड भण्डारीको नेतृत्वमा अघि सारिएको जबजलाई बिर्सेर होइन, त्यसलाई समृद्ध बनाएर लैजाने कार्यमा पार्टीले सशक्त भूमिका खेल्छ र खेल्दै आएको पनि छ।

एमालेमाथि सत्ताबाहिर रहँदा दासढुंगा दुर्घटनालाई उचाल्ने र सत्तामा पुगेपछि यसलाई बिर्सने गरेको आरोप पनि छ नि ?

नेपालमा मात्र होइन, विकसित देशमा पनि यस्ता कैयौं घटना सदा सर्वदा रहस्यकै गर्तमा रहेका उदाहरण धेरै देखिन्छन्। नेपालकै सन्दर्भमा पनि त्यस्तै भएको मात्र हो। हामी सरकारमा जाँदा या प्रतिपक्षमा हुँदा यो घटनालाई समान रूपमा हेरिरहेका छौं। जहाँ रहे पनि हामीले यस घटनालाई चासोसाथ हेर्दै आएका छौं। तर, सोचेजस्तो परिणाम नआएको हुनाले हामीमाथि त्यस्तो आरोप लगाइएको हुन सक्छ।

प्रेरक प्रसंग

आचार्यको छनोट

कुनै समयमा आयुर्वेद शास्त्रमा चर्चित आचार्य नागार्जुनलाई आफ्नो प्रयोगशालामा काम गर्न एकजना सहायकको आवश्यकता पऱ्यो। उनले नोकरी गर्न इच्छुक कैयौं उम्मेदवार बोलाए र उनीहरूको परीक्षा लिए। परीक्षापछि अन्ततः उनले दुई उम्मेदवारलाई सम्भावित सहायकका रूपमा छाने। दुवै उम्मेदवार बुद्धिमान् र अत्यन्त मेधावी थिए। त्यसैले ती दुईमध्ये कसलाई सहायकको पदमा राख्ने, यो एउटा गम्भीर प्रश्न बनेर उनको दिमागमा उब्जियो। अन्ततः निकै सोचविचार गरिसकेपछि आचार्यले दुवै युवकलाई एउटा पदार्थ दिएर रसायन तयार गरेर ल्याउन अराए।

दुई दिनपछि ती दुवै आचार्यसामु उपस्थित भए। आचार्यले उनीहरूलाई देख्नेबित्तिकै रसायनबारे सोधे। उनको प्रश्न सुन्नेबित्तिकै पहिलो युवकले फुर्तीसाथ जवाफ दियो, 'गुरुजी, मैले रसायन तयार गरेँ। यद्यपि मेरो अगाडि अनेकौं बाधा अड्चन थिए। मेरी आमालाई निकै ज्वरो आएको थियो। बाबुको खुट्टा दुखेको थियो। भाइको हात भाँचिएको थियो। मैले उहाँहरूको सेवा सुश्रूषा पनि गर्नु र काम पनि निकै गर्नु थियो। तैपनि, म लगातार हजुरले दिएको काममा लागिरहेँ र अन्ततः सफलता प्राप्त गरेरै छाडेँ।'

उसको जवाफ सुनिसकेपछि आचार्यले अनुहार केही निन्याउरो पारेर टाउको निहुराए र अर्को युवकलाई पनि सोही रसायनबारे सोधे। तब उसले नम्रतापूर्वक जवाफ दियो, 'आचार्य, मैले हजुरले दिएको काम गर्नै सकिनँ, किनकि मेरो छिमेकमा बस्ने एक वृद्धा अत्यन्त बिरामी थिइन्, उनी निकै कमजोर थिइन्। उनको हेरचाह गर्ने कोही थिएन। त्यसैले, म उनको सेवामा लागिरहेँ। जसले गर्दा मैले रसायन तयार गर्ने समयै पाइनँ।'

उसको जवाफ सुनेपछि आचार्यको अनुहारमा चमक आयो। उनले उसको ढाड थुमथुम्याउँदै भने, 'तिमी नै यो नोकरीका लागि सही उम्मेदवार हौ। रसायन जीवनरक्षाका लागि हो। यसलाई त्यही मानिसले बनाउन सक्छ, जसले अरूको दुःख पीडा बुझ्न सक्छ। यदि त्यो बनाउने मानिस अरूको दुःख-दर्दबाट विमुख हुन्छ भने ऊ कसरी योग्य हुन सक्छ ?'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रतिबद्धता पूरा होला त ?

सरकारले मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको विशेष सम्बोधनमार्फत आफ्नो नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। प्रतिपक्षी कांग्रेसको विरोधका कारण संसद्मा टेबुल हुन नसके पनि नीति तथा कार्यक्रम सार्वजनिक भएको छ। यसले लिएका कतिपय नीति साँच्चै आशा जगाउने खालका छन्। तर, विगतमा पनि यस्ता राम्रा कार्यक्रम तथा नीति नआएका होइनन्। तिनको कार्यान्वयनमा समस्या देखिएकाले जनताले तिनको प्रतिफल देख्नसम्म पाएनन्। त्यसैले, अहिले पनि यसमा उल्लेख भएका नीति तथा कार्यक्रम कार्यान्वयन होलान् र तिनको प्रतिफल जनतासम्म पुग्लान् भनेर आशा गर्नु बेकार हुने त होइन भन्ने आशंका पैदा भएको छ। त्यसैले, सरकारले जनतामा आशा जगाउन आफ्ना नीति तथा कार्यक्रम कार्यान्वयन गरेर देखाउन सक्नुपर्छ।

● **वन्दना भेटवाल,** हाँडीगाउँ, काठमाडौं

लक्षित वर्गसम्म पुग्ला त सहयोग ?

सरकारले कम्तीमा एक हजार युवालाई स्टार्टअप व्यवसाय सुरु गर्न सहुलियत कर्जा उपलब्ध गराउने र एक हजार साना उद्योगीलाई ब्याजमा अनुदान दिने नीति तथा कार्यक्रम सार्वजनिक गरेको रहेछ। यो राम्रो र आशा जगाउने प्रस्ताव हुँदाहुँदै पनि सरकारको ढुकुटीबाट खर्च हुने यो अनुदान लक्षित वर्गसम्म पुग्छ कि पुग्दैन भन्ने गम्भीर आशंका पैदा भएको छ। किनकि, विगतमा किसानलाई दिने भनिएको अनुदान राजनीतिक दलका गैरकृषक कार्यकर्ताले हात पारेको हामीले नदेखेका होइनौं।

● **अच्युत गाहा मगर**
सानोठिमी, काठमाडौं

विद्यालयमा पढ्नेचाहिँ को ?

सरकारले 'एक पालिका, एक स्मार्ट विद्यालय'को नीति ल्याएको सुन्दा खुसी लाग्यो। तर, पछिल्लो समय गाउँ-गाउँमा सिंहदरबार पुगे पनि, सडक, बिजुली, स्वास्थ्य चौकीलगायत धेरै सुविधा पुगे पनि त्यस्तो सुविधाको उपभोग गर्ने उपभोक्ता भने गाउँघरमा निकै घट्दै गएका छन्। गाउँ-गाउँका विद्यालयमा पढ्ने विद्यार्थीको अभाव हुँदा विद्यालय मर्ज हुने तथा कक्षा घटुवा हुने क्रम बढेको छ। यस्तोमा सरकारले हरेक पालिकामा बनाउने स्मार्ट विद्यालयमा पढ्नेचाहिँ को हो त ?

● **सौरभ कुइँकेल**
हात्तीगौंडा, काठमाडौं

मदन-आश्रितको सम्झनामा

जनताको बहुदलीय जनवाद (जबज) को सिद्धान्त प्रतिपादन गरेर दक्षिण एसियाको तात्कालीन वामपन्थी आन्दोलनलाई चर्चाको शिखरमा पुऱ्याउन सफल स्वर्गीय मदन भण्डारी अत्यन्त सरल व्यक्तित्व थिए। उनका निकट राजनीतिक सहयात्री अर्का वामपन्थी नेता स्वर्गीय जीवराज आश्रितसँगै ३ जेठ ०५० मा दासढुंगामा रहस्यमय ढंगले मृत्यु वरण गर्न बाध्य भए भण्डारी। ०४६ को संयुक्त आन्दोलनबाट प्राप्त प्रजातन्त्रपछिको पहिलो संसदीय निर्वाचनमा सन्त नेता तथा कांग्रेस कार्यवाहक सभापति स्वर्गीय कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दा उनी चर्चाको शिखरमा पुगेका थिए। सो चुनावमा सहजै विजय हासिल गरेर चर्चा बटुल्न सफल भण्डारीको चुनावी अभियानलाई आफू यसै क्षेत्रको पहिलोपटकको मतदाता भएको नातासमेत नजिकबाट नियाल्ने अवसर प्राप्त भएको थियो। सो अभियानका क्रममा भण्डारीको व्यक्तित्वदेखि आममतदाताका ठूलै हलचल र उत्सुकता जागेको थियो।

अत्यन्त सरल जीवनशैलीका भण्डारीमा कुनै दम्भको छनक देखिँदैनथ्यो। देश र जनताप्रति चिन्तनशील उनको एउटै मात्र ध्येय भनेको नेपालको वामपन्थी आन्दोलनलाई विश्वसामु मर्यादित र अनुशासित ढंगले अघि बढाउँदै राष्ट्रलाई सन्तुलित राजनीतिक चिनारीसाथ विश्वसामु परिचित गराउनु थियो। यस कार्यमा उनी आफ्नो जीवनकालमा सफल पनि भए। आज ३ जेठका दिन यस्ता ऐतिहासिक तथा लोकप्रिय व्यक्तित्वद्वय स्वर्गीय मदन भण्डारी र जीवराज आश्रितप्रति उच्च सम्मानसहित हार्दिक श्रद्धासुमन !

● **माधव पुडासैनी,** कागेश्वरी मनोहरा-८, काठमाडौं
mpudasaini71@gmail.com

देश/विदेश

के अमरत्व प्राप्तिका रणनीतिले काम गर्लान् ?

के मानिसले दीर्घायुयुक्त 'नेकेड मोल ऱ्याट' वा अनन्तकालसम्म आफूलाई यौवनीकरण गरिरहन सक्ने जलचर 'हाइड्रो'बाट दीर्घायुको रहस्य सिक्न सक्ला ?

मानव इतिहासका लागि सधैं नै मृत्यु जीवनको एउटा कटु तथ्य रहिआएको छ। मानिस कुनै चिज खाएका कारण, दुर्घटनामा परेका कारण वा संक्रमित भएका कारण मर्छन्। सन् १९५० मा विश्वको औसत आयु ४६.५ वर्ष थियो। तर, संसार पहिलेभन्दा थप धनी र स्वस्थ हुँदा अहिले औसत आयु ७२ वर्ष हाराहारी पुगेको छ। धेरै बाँच्दा मानिस बुढ्यौलीको चपेटामा पर्छन्। तिनले बुढ्यौलीका दुःख र अशक्ततालाई झेल्नुपर्छ। आफ्ना पुर्खाहरूका विपरीत मानिसले अहिले आफ्नो इहलिला समाप्त गरिदिन सक्ने सिकारीलाई छल्ने कार्यमा खासै समय दिनुपर्दैन बरु डिमेन्सिया वा अस्वस्थताको पासोमा परिएला कि भन्ने चिन्ता गर्छन्।

'ह्वाई वी डाई' पुस्तकमा डा. भेन्की रामकृष्णन शरीर र मनको क्षयलाई रोक्न सम्भव छ कि छैन भनेर सोध्छन्। बेलायतलाई कर्मभूमि बनाएका जीववैज्ञानिक रामकृष्णनले मानव शरीरको निर्माण गर्ने प्रोटिनहरू कोषहरूबाट कसरी उत्पादन हुन्छन् भनी गरेको शोधका लागि सन् २००९ मा नोबेल पुरस्कार जितेका थिए। जस्तो कि विषाक्त पदार्थबाट कोषिकाहरूमा रासायनिक क्षति बढ्दै जाँदा तिनले काम गर्न छाड्छन् र तिनमा अन्तर्निहित मर्मत प्रणाली बिग्रिएर जान्छ।

भरमार प्राविधिक शब्दावलीको प्रयोगका बाबजुद उनको लेखन सुगम्य छ। उनी महत्त्वपूर्ण प्रोटिनहरूको ब्रेकडाउनलाई असंगत रूपमा बजिरहेको अर्केस्ट्रासँग तुलना गर्छन्। कोषमा ऊर्जा उत्पन्न गर्ने 'माइटोकोन्ड्रिया' कसरी समयक्रमसँगै बिग्रिँदै जान्छन् भन्नेबारे चर्चा गर्दै उनी त्यसलाई 'आन्तरिक क्षयीकरणका' रूपमा चित्रण गर्छन्।

के यो अपक्षय अवश्यम्भावी नै हो त ? डा. रामकृष्णन आफ्नो चोट वा क्षयको उपचार कायाकल्प वा पुनः यौवनद्वारा आफैं गर्ने जेलिफिसजस्ता केही प्रजातिबारे उल्लेख गर्छन्। स्तनपायी प्राणीमा 'नेकेड मोल ऱ्याट (तिल मुसो/छुचुन्द्रो)' हृदयरोग तथा क्यान्सर प्रतिरोधी पाइएको छ। के मानिसले यो मुसा वा अनन्तकालसम्म आफूलाई कायाकल्प अथवा पुनः यौवनीकरण गरिरहन सक्ने जलचर 'हाइड्रा (टेन्टाकल्ससहित १० मिलिमिटर लामो आकारको जलचर)'बाट दीर्घायुको रहस्य सिक्न सक्लान् ? वैज्ञानिकले प्रयास गरिरहेका छन्।

मृत्युलाई छक्काउने खोजको इतिहास निकै लामो छ। आजभन्दा दुई हजार वर्षअघि चिनियाँ सम्राट् क्विन सी हुवाङले अमरता दिलाउने अमृत खोज्न टोली नै खटाएका थिए। जुन औषधिले आफूलाई चिरञ्जीवी बनाउने ठानेका थिए, त्यसैले उनको ज्यान लियो। उनी ४९ वर्षको उमेरमा मरे।

पछिल्लो ५० वर्षयता नै हो, जीववैज्ञानिकले बुढ्यौलीका प्रक्रियालाई राम्ररी बुझ्न थालेको। अहिले तिनले कोष र जिनहरूलाई चलाउन वा परिमार्जन गर्न सकिने परिष्कृत उपकरण प्रयोग गर्न थालेका छन्। र, एउटा नयाँ उद्योगको उदय हुन गएको छ। करिब सात सय बायोटेक फर्म हाल बुढ्यौली र दीर्घायुमाथि केन्द्रित छन्। यद्यपि उनीहरूले थोरै मात्र प्रगति हासिल गरेका छन्। डा. रामकृष्णनले विभिन्न समयमा प्रचलित थेरापीमाथि टिप्पणी गरेका छन्। सबैको आलोचना गरिएको पनि छैन। उनी कम खाँदाका अथवा न्यून क्यालोरी ग्रहणका फाइदाका प्रमाण पस्किन्छन्। साथै, आहारलाई नघटाई थोरै खाँदाजस्तै असर उत्पन्न गर्ने 'रेपामाइसिन' औषधिको फाइदाबारे पनि उल्लेख गर्छन्। हुन त, 'उट्पट्याङ सुनिने' उपाय सिफारिस गर्ने उद्यम पनि मौलाएका छन्। विशेषगरी 'क्रायोनिक्स (मृत शरीरलाई चिसोमा फ्रिजिङ गरिराख्ने र उपचार पत्ता लागेपछि तिनलाई डिफ्रोस्ट गर्ने प्रक्रिया)' प्रति उनको आलोचना सुनिन्छ।



फोटो : वृद्ध भइसकेको 'नेकेड मोल ऱ्याट'/साइन्स फोटो लाइब्रेरी

अमरत्वका यस्ता प्रवर्तनले जीवनलाई ह्याक गर्न सकिने एउटा अर्को प्रणालीका रूपमा हेर्ने धनाढ्यबाट पैसा तानेका छन्। प्रविधि उद्यमी ब्रायन जोनसन आफ्नो बुढ्यौली प्रतिरोधी खुराकमा प्रतिवर्ष करिब २० लाख डलर खर्चिन्छन्। उनले आफूलाई जवान राख्न आफ्नो छोराबाट रगत पनि लिए। तर, यसले 'कुनै लाभ नभएको' भनेको भनाइ छ। उनकै जस्तो एन्टी-एजिङ रिसर्चमा चासो राख्नेहरूमा इलोन मस्क, जेफ बेजोस र मार्क जुकरबर्ग पनि छन्। 'उनीहरू किशोर छँदाँ धनी हुन चाहन्थे। अहिले उनीहरू धनी छन् र जवान रहन चाहन्छन्,' रामाकृष्णन लेख्छन्। धनी र गरिबबीच आयुमा अझै पनि ठूलो खाडल छ। दीर्घायुलाई नवीन विज्ञान र व्यवसायले बढाएको छ। डा. रामकृष्णन यसलाई सहज मानिरहेका छैनन्। विश्व स्वास्थ्य संगठनका अनुसार विश्वमा सन् २०५० सम्ममा ६० वर्षभन्दा माथिका मानिसको संख्या दुई अर्ब पुगेन। उनी समस्याहरूको भविष्यवाणी गर्छन्, जनसंख्यामा अत्यधिक वृद्ध (ओभरपपुलेसन) हुने, प्राकृतिक स्रोतमा निखिँदै जाने, निवृत्तीभरण-आश्रितको संख्यामा वृद्धि हुँदै जाने तर तिनको समेत खर्चलाई धान्नुपर्ने काम गर्ने उमेर समूहको जनसंख्या घट्दै जाने।

अन्तमा उनी सल्लाह पस्किन्छन्, 'यदि तपाईं सुदीर्घ र स्वस्थ जीवनको चाहना राख्नुहुन्छ भने तपाईंले राम्ररी सुत्नुपर्छ, व्यायाम गर्नुपर्छ र ठिक्क खानुपर्छ, मुख्यतया वनस्पतिमा आधारित खाना खानुपर्छ। यसैगरी जो दीर्घायुका लागि हस्तक्षेप चाहन्छन्, तिनको लागि उनको सरल सन्देश छ, हामीले बुढ् यौलीलाई जित्यौ नै भने पनि हामी मर्छौं नै, युद्ध, संक्रामक महामारी या पर्यावरणीय विपत्तिले हामीलाई मार्नेनै छ।' आयुमा विस्तारले कल्पनाशीलतालाई त बढाउन सक्ला। तर, जीवनको अर्थपूर्णता/सार्थकतालाई भने मेटिदिन सक्छ। किनकि दीर्घायुका कारण जीवनमा अब कुनै हतारो हुनेछैन। हुन सक्छ, क्षणभंगुरता नै जीवनको सुन्दरताको कुञ्जी हो।

- द इकोनोमिस्टबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com


भारतको 'बुज्रुग वर्ग'मा गडेको अमेरिकी विदेश नीतिको हाउगुजी

अमेरिकाको विदेश नीतिलाई राजनीतिक मूल्यहरूले भन्दा बढी भूराजनीतिक आकस्मिकता र व्यापारिक चासोले आकार दिने गरेको छ



● सी राजा मोहन

सिंगापुरको नेसनल युनिभर्सिटी अफ साउथ एसियन स्टडिजका निर्देशक सी राजा मोहन विदेश नीति विश्लेषक हुन् ।



संयुक्त राज्य अमेरिकाबारे भारतीय मिडियाका पछिल्लो समाचार हेर्दा यस्तो लाग्छ, वासिंटनका अधिकारी भारतको 'लोकतान्त्रिक प्रतिगमन'को चिन्ताले सुत्न सकेका छैनन् र सम्भवत उनीहरू भारतीय चुनावमा हस्तक्षेप गर्ने सोचमा छन् । जबकि अमेरिकाका यो भन्दा धेरै ठूलो चिन्ताहरू छ, जसबारे भारतमा बिरलै चर्चा हुने गर्छ । अमेरिकामा आमचुनाव नजिकिदैँछ, जसको परिणामले उसको राजनीतिक, आर्थिक र भूराजनीतिक प्राथमिकताहरूलाई बदल्ने सम्भावना छ ।

युरोपमा युक्रेनमा रुसी हमला, एसियामा चीनको विस्तारवाद र गाजा युद्धले अमेरिकी घरेलु राजनीतिलाई समेत प्रभावित बनाउन थालेको समयमा अमेरिकामा चुनाव हुँदै छ । अमेरिकाले उसका युरोपेली तथा नेटो सहयोगीलगायत विश्वभरका आफ्नो हितलाई कमजोर बनाइरहेको चीन-रुस गठबन्धनको प्रभावकारी रूपमा प्रतिरोध गर्न सकेको छैन । गतहप्ता चिनियाँ राष्ट्रपति सी जिनपिङको युरोप भ्रमण र रुसी नेता भ्लादिमिर पुटिनको यसै साता हुने चीन भ्रमणले पश्चिमाविरुद्ध बेइजिङ र मस्कोबीच बढ्दो रणनीतिक समन्वयमाथि प्रकाश पार्छ ।

ट्रम्पको सम्भावित फिर्ती र अमेरिकाको घरेलु संकट

आगामी नोभेम्बरमा अमेरिकामा हुने चुनावका सन्दर्भमा अमेरिकी राजनीतिमा सुरु भएका बहसबारे भारतमा निकै कम छलफल हुनु दुःखको कुरा हो । परम्परागत राजनीतिको विपक्षमा उभिएका पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको ह्वाइट हाउसमा फिर्तीको सम्भावना उच्च देखिदैँ गएको छ । यस्तोमा अमेरिकी संस्थापन र युरोप तथा एसियामा अमेरिकी साझेधारमाझ कम्पन ल्याउँदै छ । टाइम म्यागजिनलाई दिएको ट्रम्पको हालैको अन्तर्वार्तामा (जहाँ उनले कट्टरपन्थी एजेन्डाको रूपरेखा प्रस्तुत गरेका छन्) व्यक्त सीमा सुरक्षा, अध्यागमन, व्यापार, सैन्य गठबन्धन, दिल्लीका लागि महत्त्वपूर्ण सबै मुद्दाले भारतीय मिडियामा न्युन कभरेज पाए ।

अमेरिकी विदेश मन्त्रालयको दैनिक प्रेस ब्रिफिङमा गरिने टिप्पणी प्रायः वासिंटनस्थित दक्षिण एसिया संवाददाताका प्रश्नहरूको जवाफमा आधारित हुन्छन् । वासिंटनमा केहीले ध्यान दिने यो सानो नाट्यशालाबाट आउने जवाफलाई भारतीय मिडियामा ठूलो शीर्षक दिएर जोड दिइन्छ । अमेरिकाले के सोचिरहेको हुन सक्छ भन्ने दिल्लीमा हुने बहस वासिंटनको वास्तविकताभन्दा फरक हुन्छ । त्यस्तै भारतीय चुनावबारे पश्चिमी मिडियामा आउने कभरेज पश्चिममाभन्दा भारतमा बढी पढिन्छन् । उदार पश्चिमी टिप्पणीकारद्वारा भारतीय लोकतन्त्रमा 'शत्रुतापूर्ण प्रवचन'लाई के भन्ने त ? अमेरिकामा भारतबारे टिप्पणी गर्नु भनेको असंख्य मिडिया आउटलेट र अनगिन्ती थिंक ट्यांकसहितको अमेरिकी विचार उद्योगको ठूलो दैनिक उत्पादनरूपी बाल्टीमा एउटा थोपाजस्तै हो । त्यसले वाशिन्टनको नीतिलाई प्रतिविम्बित गर्दैन ।

> अमेरिकी विदेश मन्त्रालयको दैनिक प्रेस ब्रिफिङमा गरिने टिप्पणी प्रायः वासिंटनस्थित दक्षिण एसिया संवाददाताका प्रश्नहरूको जवाफमा आधारित हुन्छन् । वासिंटनमा थोरैले मात्र महत्त्व दिने यी जवाफहरूले भारतीय बुज्रुग वर्गलाई भने त्रसित बनाउँछ ।

पश्चिमको चासो

सामान्यतया प्रजातन्त्र र विशेषगरी भारतीय लोकतन्त्रमाथिको बहस अमेरिकी र युरोपेली विदेश नीतिमा राजनीतिक उदारवाद अपनाउनु पर्ने मिसन चलारहेकाहरूले अघि सारेको संकेत दिन्छ । पश्चिमी चासो मुख्य रूपमा यसका पुँजीपति र सुरक्षा योजनाकारले परिभाषित गर्छन्, लोकतन्त्रका स्वघोषित प्रचारक (मिसनरी)ले होइन । 'रणनीतिक स्वायत्तता'मा भारतीय बहसको धेरै तरिकाले हामीलाई भारतीय विदेश नीतिको आचरणबारे थोरै बताउँछ । 'लोकतन्त्रको प्रवर्द्धन'को नारा र 'लोकतन्त्र र निरंकुशता'बीचको दाबी गरिएको विरोधाभासले अमेरिकी विदेश नीतिको प्रकृतिबारे केही बोल्दैन ।

चीनमा 'कम्युनिस्ट सिद्धान्त' वा तेहरानमा 'इस्लामिक अन्तर्राष्ट्रियवाद' बारे पनि यही भन्न सकिन्छ । विश्वका सबै देशमा उनीहरूको भूमिकाबारे राष्ट्रिय भाष्य हुन्छन् । तर, यी भाष्य अनिवार्य रूपमा विभिन्न चासो (आर्थिक, राजनीतिक र सुरक्षा) र बाह्य वास्तविकताको प्रकृतिलाई पछ्याउने आवश्यकताद्वारा नियन्त्रित हुन्छन् । यदि लोकतन्त्र पश्चिमको मुख्य विदेश नीतिको उद्देश्य भएको भए तिनले दशकौँसम्म पाकिस्तानी सेनासँग साझेदारी गर्ने थिएनन् । राजनीतिक रूपमा उत्पीडितहरूका लागि न्याय खोज्नु वासिंटनका लागि सर्वोच्च प्राथमिकता हुने थियो भने उसले बिचरा इमरान खानलाई जेलबाट छुटाउन वा सन् १९७९ मा जनरल जिया-उल हकद्वारा प्रधानमन्त्री जुल्फिकार अली भुट्टोको फाँसीलाई रोक्न सक्ने थियो ।

यदि राजनीतिक उदारवाद पश्चिमको प्रमुख विचारधारा भएको भए बेइजिङलाई शक्तिशाली विश्वव्यापी शक्ति बनाउन वासिंटनले चिनियाँ कम्युनिस्ट पार्टीलाई मद्दत गर्ने थिएन । न त उसले आदिवासी समाजमा राजनीतिक र सामाजिक आधुनिकीकरण ल्याउने प्रयास गर्ने थियो । न उसले सन् १९८० को दशकमा अफगान शासनविरुद्ध विश्वव्यापी जिहाद परिचालन नै गर्ने थियो । सोभियत साम्यवादविरुद्ध लड्ने नाममा चार दशकअघि इस्लामिक कट्टरपन्थीको यो योजनाबद्ध प्रवर्द्धनबाट विश्व आज पनि त्रसित छ । यो अमेरिकाको विदेश नीतिको आलोचना होइन, बरु बयानबाजी र वास्तविकता र भुक्ने र टोक्नेबीचको भिन्नतालाई रेखांकित गर्न हो । राजनीतिक मूल्यहरूले भन्दा बढि भूराजनीतिक आकस्मिकता र व्यापारिक चासोले अमेरिकाको विश्वसँगको संलग्नतालाई आकार दिने गरेको छ ।

अमेरिकाको राजनीतिसँग जोडिएका दिल्लीको चिन्ता

अब हामी अमेरिकी चुनावमा ध्यान दिउँ, जहाँ न भारत, न त यसको लोकतन्त्रको गुणस्तर राजनीतिक मुद्दा हुन् । ट्रम्पले आफू राष्ट्रपति भए देशमा आउने सबै आयातमा १० प्रतिशत भंसार शुल्क लगाउने भनेका छन् । त्यसले दिल्लीलाई पार्ने असरबारे भारत सतर्क राख्नुपर्छ । आखिर, अमेरिका अब भारतका लागि सबैभन्दा महत्त्वपूर्ण व्यापार साझेदार जो भएको छ । रुस र चीनप्रति ट्रम्पको सम्भावित रणनीतिहरू भारतको महाशक्ति राजनीतिको खेल र वासिंटनसँगको दिल्लीको रणनीतिक साझेदारीमा प्रभाव पार्ने हिस्सा हुनुपर्छ ।

अवैध आप्रवासीलाई पक्राउ गर्न र उनीहरूलाई निष्कासन गर्न अमेरिकी सेना प्रयोग गर्ने ट्रम्पको वाचा भारतका लागि चिन्ताको विषय हुनुपर्छ । भारतका नागरिक वैध कागजातविना अमेरिका प्रवेश गर्नेहरूको सूचीमा शीर्ष स्थानमा छन् । ट्रम्प अमेरिकी राज्यमा व्यापक परिवर्तन ल्याउन अमेरिकी राष्ट्रपतिको विस्तारित शक्ति पनि प्रयोग गर्न चाहन्छन् । यसको आर्थिक भार र विश्वव्यापी भूमिकालाई हेर्दा ट्रम्पको नेतृत्वमा अमेरिकाको 'लोकतान्त्रिक प्रतिगमन'ले भारतलगायत विश्वका लागि ठूलो प्रभाव पार्नेछ । दिल्लीका सुशिक्षित बौद्धिक वर्ग ती बहसमा सचेत हुनुपर्छ ।

- इन्डियन एक्सप्रेसबाट

स्लोभाकियाका प्रधानमन्त्री गोली प्रहारबाट गम्भीर घाइते



ब्रातिस्लाभा / स्लोभाकियाका प्रधानमन्त्री रोबर्ट फिकोमाथि गोली हानिएको छ । उनीमाथि एक बन्दुकधारीले कैयौँपटक गोली हानेको र केही गोली फिकोको पेटमा लागेको अधिकारीले बताएका छन् । आक्रमणबाट फिको गम्भीर घाइते भएको र उनको उपचार भइरहेको प्रधानमन्त्री कार्यालयले अन्तर्राष्ट्रिय मिडियालाई जानकारी दिएका छन् । 'आज ह्यान्डलोभामा भएको एक बैठकबाट बाहिरिने क्रममा स्लोभाक गणतन्त्रका प्रधानमन्त्री रोबर्ट फिकोको हत्या प्रयास भएको छ,' सरकारले सामाजिक सञ्जालमा पोस्ट गर्दै जानकारी दिएको छ ।

'गोली प्रहारपछि राजधानी बातिस्लभा पुऱ्याउन समय लाग्ने भएकाले उच्च जोखिममा रहेका प्रधानमन्त्रीलाई हेलिकोप्टरबाट बाँस्का बाइस्ट्रिकामा लगियो,' सरकारले जारी गरेको विज्ञप्तिमा भनिएको छ । फिकोलाई राजधानीबाट करिब १५० किलोमिटर उत्तरपूर्व अवस्थित ह्यान्डलोभा सहरको 'हाउस अफ कल्चर'बाट बाहिरिने क्रममा गोली प्रहार भएको थियो । पार्टी कार्यकर्तासँगको भेटपछि बाहिरिने क्रममा प्रधानमन्त्रीको पेटमा चार गोली हानिएको स्लोभाकियाको टिभी स्टेसन टिए ३ ले बताएको छ ।

घटनालगत्तै प्रहरीले सो क्षेत्र सिल गरेको र घटनास्थलनजिकबाट एक संदिग्ध व्यक्तिलाई पक्राउ पनि गरिएको स्थानीय सञ्चारमाध्यमले बताएका छन् । स्लोभाकियाकी राष्ट्रपति जुजाना कापुटोभाले पनि प्रहरीले गोली चलाउने बन्दुकधारीलाई नियन्त्रणमा लिएको पुष्टि गरिन् । 'प्रहरीले आक्रमणकारीलाई नियन्त्रणमा लिएको छ । सकेसम्म चाँडो थप जानकारी उपलब्ध गराइनेछ,' राष्ट्रपति कार्यालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ । फिकोको स्मेर-एसडी पार्टीले गत सेप्टेम्बरमा सम्पन्न आमनिर्वाचनमा जित हासिल गरेसँगै उनी चौथोपटक प्रधानमन्त्री बनेका थिए ।

इतिहासमा आज

मे १६



सन् १९७५ : भारतले सिक्किम अधिराज्यलाई २२औँ राज्यका रूपमा आफूमा गाभ्यो ।

सन् १८६८ : अमेरिकाका १७औँ राष्ट्रपति एन्ड्रयु जोनसनलाई सो पदबाट हटाउन अमेरिकी सिनेटमा भएको महाभियोगको मतदानमा एक मत कम पर्दा जोनसनको पद जोगिएको थियो ।

सन् १९२० : फ्रेन्च वीरांगना जोन अफ आर्कलाई पोप बेनेडिक्ट पन्ध्रौंले सन्त घोषित गरे । उनी फ्रान्स र बेलायतविरुद्ध चलेको सयवर्षे युद्धको क्रममा सन् १४३१ मा १९ वर्षको उमेरमा फ्रान्सको प्रतिरक्षाका क्रममा मारिएकी थिइन् ।

सन् १९८९ : सोभियत संघका राष्ट्रपति मिखाइल गोर्वाचेभले चीन भ्रमणका क्रममा बेइजिङमा देङ सियाओपिङसँग भेटे । योसँगै तीस वर्षदेखि दुई देशबीच कायम तित्कता औपचारिक रूपमा अन्त्य भयो ।

सन् २०१३ : पहिलोपटक मानव स्टेम कोषको सफलतापूर्वक क्लोन गरियो ।

बागमती प्रदेश सरकार
खानेपानी उर्जा तथा सिंचाइ मन्त्रालय
खानेपानी तथा सरसफाई डिभिजन नं. ३ सिन्धुपाल्चोक
विभिन्न खरिद कार्यको दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०२/०३

यस कार्यालय अन्तर्गत सञ्चालित विभिन्न खानेपानी आयोजनाहरुमा चालु आ.व. ०८०/८१ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न खरिद कार्य दरभाउपत्र को माध्यमवाट गर्नु पर्ने भएकोले इजाजतप्राप्त दरभाउपत्रदाताहरुबाट निम्नशर्तको अधिनमा रही प्रत्येक प्याकेजको लागि छुट्टा छुट्टै दरभाउपत्र आह्वान गरिएको छ ।

१ यो सूचना प्रकाशित मितिले दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समयभित्र चालु आ.व.को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर चुक्ता प्रमाणपत्र संलग्न राखी दरभाउपत्र तथा बोलपत्र खरिदको निवेदन साथ तपसिलमा उल्लेखित राजस्व दस्तुर बुझाई (फिर्ता नहुने गरी) दरभाउपत्र सम्बन्धी कागजात कार्यालय समयभित्र यस कार्यालय, सिन्धुपाल्चोकबाट तथा सम्पर्क कार्यालय काभ्रेपलान्चोकबाट खरिद गर्न सकिनेछ ।

२ दरभाउपत्र सूचना प्रकाशित मितिले १६ औं दिन १२:०० बजेभित्र यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ ।

३ दर्ता भएका दरभाउपत्र सूचना प्रथम पटक प्रकाशित मितिले १६ औं दिनको १.०० बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४ दरभाउपत्र खरिद गर्ने अन्तिम दिन एवं खोल्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

५ दरभाउपत्र जमानत वापतको रकम तल उल्लेखित तालिकामा उल्लेख भए बमोजिम प्रदेश लेखा इकाई कार्यालयको एकलकोष धरौटी खाता नेपाल बैंक लिमिटेड, शाखा कार्यालय चौतारामा रहेको कार्यालयको कोड नं ३१३०२२७०१३ धरौटी खाता नं. ०५७०२०००००२००३०००००१ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्र पेश गर्ने अन्तिम दिनले कम्तीमा ९० दिन म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।

६ दरभाउपत्रमा दर रेट भर्दा मूल्य अभिवृद्धि कर वाहेकको दर अंक र अक्षर दुवैमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अक्षर र अङ्कबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

७ म्याद नाघी आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन । एच.डि.पि.पाईपको हकमा इजाजत प्राप्त निर्माता वा निर्माता कम्पनीबाट एकलौटी अधिकार प्राप्त फर्महरुबाट मात्र दरभाउपत्र खरिद गर्ने र दाखिला गर्न पाउने छ ।

८ एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्को व्यक्ति वा फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९ दरभाउपत्र स्वीकृत गर्ने, रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१० सूचनामा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन, ०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) बमोजिम हुनेछ । अन्य कुनै किसिमको जानकारी चाहिएमा कार्यालय समयभित्र यस कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

तपसिल

ठेक्का नं.	कामको विवरण	लगत अनुमान रकम रु. (भ्याट बाहेक)	बोलपत्र दस्तुर रु.	बोलपत्र जमानत रकम रु.	कैफियत
२०/०८०/८१	काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई पाईप फिटिङ्स सप्लाई सम्बन्धि कार्य ।	१७,६१,२००।००	१०००।-	५०,०००.-	दरभाउपत्र
२१/०८०/८१	काभ्रेपलाञ्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच डि पी पाइप सप्लाई सम्बन्धि कार्य ।	१७,६०,२४५।००	१०००।-	५०,०००।-	दरभाउपत्र
२२/०८०/८१	काभ्रेपलाञ्चोक जिल्लाको विभिन्न खानेपानी आयोजनाको लागि सवमर्सिबल पम्प तथा प्यानल बोर्ड सप्लाई गर्ने कार्य ।	१७,५७,०००।००	१०००।-	५०,०००।-	दरभाउपत्र
२३/०८०/८१	सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि एच.डि.पि.ई पाइप सप्लाई गर्ने कार्य	१७,६१,०००।००	१०००।-	५०,०००।-	दरभाउपत्र
२४/०८०/८१	सिन्धुपाल्चोक जिल्लाका विभिन्न खानेपानी आयोजनाको लागि जि.आई पाईप फिटिङ्स सप्लाई सम्बन्धि कार्य ।	१७,५५,०००।००	१०००।-	५०,०००।-	दरभाउपत्र

डिभिजन प्रमुख

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय कोहलपुर, बाँकेको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८१/०२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको विवरण

कर सिंह खत्रीको नाति, भद्र बहादुर खत्रीको छोरा, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा./न.पा. वडा नं. ८ बस्ने **युवराज खत्री** (ना.प्र.नं. ८५५, जारी मिति २०५३/०१/१३, जि.प्र.का. बाँके) ।

व्यक्तिगत जमानीकर्ताको विवरण

१. रुद्र लाल खत्रीको नाति, कर सिंह खत्रीको छोरा, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने **भद्र बहादुर खत्री** (ना.प्र.नं. ८३२३, जारी मिति २०३४/१२/२२, जि.प्र.का. बाँके) ।

२. कर सिंह खत्रीको नाति, भद्र बहादुर खत्रीको छोरा, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ बस्ने **ज्ञान बहादुर खत्री** (ना.प्र.नं. १०७६६, जारी मिति २०५९/१०/०७, जि.प्र.का. बाँके) ।

३. भद्र बहादुर खत्रीको बुहारी, युवराज खत्रीको पत्नी, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने **गुन्जा खत्री** (ना.प्र.नं. ६६३०११/१०३८, जारी मिति २०६३/११/१७, जि.प्र.का. बाँके) ।

४. कर सिंह खत्रीको बुहारी, भद्र बहादुर खत्रीको पत्नी, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने **सशी कला खत्री** (ना.प्र.नं. ५६२, जारी मिति २०४४/१२/२९, जि.प्र.का. बाँके) ।

५. भद्र बहादुर खत्रीको नाति, युवराज खत्रीको छोरा, बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने **विजय खत्री ढकाल** (ना.प्र.नं. ६६-०६-७५-०२५३६, जारी मिति २०७५/०७/२६, जि.प्र.का. बाँके) ।

धितोको विवरण

१. कर सिंह खत्रीको बुहारी, भद्र बहादुर खत्रीको पत्नी, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ८ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने सशी कला खत्री (ना.प्र.नं. ५६२, जारी मिति २०४४/१२/२९, जि.प्र.का. बाँके) को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक कायम भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १८२ र ९६ को क्षेत्रफल क्रमशः १९७७.१० र ३३० (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

२. रुद्र लाल खत्रीको नाति, कर सिंह खत्रीको छोरा, बाँके जिल्ला, साविक कचनापुर गा.वि.स./न.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल बाँके जिल्ला, रात्तीसोनारी गा.पा. वडा नं. ८ बस्ने भद्र बहादुर खत्री (ना.प्र.नं. ८३२३, जारी मिति २०३४/१२/२२, जि.प्र.का. बाँके) को नाममा मालपोत कार्यालय नेपालगंज, बाँकेमा दर्ता भई यस बैंकको पक्षमा धितो दृष्टिबन्धक कायम भई बैंकको पक्षमा रोक्का समेत रहेको बाँके जिल्ला, महादेवपुरी गा.वि.स. वडा नं. ९ स्थित कि.नं. १८१ को क्षेत्रफल ५०७ (व.मि.) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

३. धनी सिद्धार्थ बैंक लिमिटेड भई ऋणी युवराज खत्री कायम रहेको तपसिल बमोजिमको सवारी साधन :

सवारी मोडल	सवारी दर्ता नं.	ईन्जिन नं.	च्यासिस नं.
TATA HCV TIPPER LPK2518/38 HD (2018)	बे १ ख २८७१	81L63745317	MAT448137J3R36088

Siddhartha Bank

शाखा कार्यालय : कोहलपुर, बाँके
फोन नं. ०८१-५४२०४०
Website : www.siddharthabank.com

पाँच वर्षमा देशको अर्थतन्त्र १०३ खर्ब ७ अर्ब पुऱ्याउने लक्ष्य

१६औँ पञ्चवर्षीय योजना : औसत आर्थिक वृद्धिदर ७.१ प्रतिशत, प्रतिव्यक्ति आय दुई हजार तीन सय ५१ अमेरिकी डलर पुऱ्याउने, गरिबी १२ प्रतिशतमा झार्ने लक्ष्य

लक्ष्यभन्दा बढी आर्थिक वृद्धि हुन सक्छ

● **डा. मीनबहादुर श्रेष्ठ**, उपाध्यक्ष, राष्ट्रिय योजना आयोग



हामीले निर्धारण गरेको लक्ष्यअनुसार लगातार तीन वर्षसम्म काम गर्न सक्यौँ भने चौथो र पाँचौँ वर्षमा लक्ष्यभन्दा बढीको आर्थिक वृद्धिदर हासिल गर्न सक्छौँ । अहिले त लगानी कति होला भनेर हिसाब गर्दा हालसम्म न्यून मात्रामा आइरहेको लगानीलाई आधार बनाएका छौँ । भविष्यमा लगानीको समस्या हुन्न भन्ने अपेक्षा छ । अहिलेसम्मको विकास मोडलबाट पूर्वाधार र सामाजिक विकासमा प्रगति हासिल गरे पनि उत्पादन र रोजगारी सिर्जना गर्न सकेनन् । योजनामा उत्पादन र रोजगारीलाई जोड दिएका छौँ ।

परम्परागत मोडेलकै निरन्तरता

● **डा. डिल्लीराज खनाल**, पूर्वसदस्य, राष्ट्रिय योजना आयोग



१६औँ योजनाका लक्ष्य यथार्थपरकभन्दा बढी महत्त्वाकांक्षी छन् । हाम्रो आर्थिक परिसूचक अनुमान गर्ने सन् १९४०को दशकको हरोद डोमर मोडलमा आधारित छ । योजनाले विगतको असफलतालाई दोहोरिन नदिन कुनै तदारुकता देखाएको छैन । निजी क्षेत्रको लगानी त हचुवाकै भरमा निर्धारित छन् । नेपालको इतिहासमै कमजोर पन्ध्रौं योजनाको औसत आर्थिक वृद्धिदर २.७ प्रतिशत (उत्पादन मूल्यमा) रह्यो । विगतको अनुभवलाई छिचोल्न सक्ने योजना आउन सकेन । अचम्म के छ भने पूराना कार्यक्रमलाई पनि रूपान्तरणकारी भनिएको छ । योजना आफैँमा नराम्रा हुँदैनन् । कतिपय राम्रा कार्यक्रम छन्, तर कार्यान्वयन कसरी हुन सक्छ, त्यो महत्त्वपूर्ण हो ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले आगामी पाँच वर्षमा अर्थतन्त्र झन्डै दोब्बर वृद्धि गर्ने महत्त्वाकांक्षी लक्ष्य लिएको छ । चालू आर्थिक वर्षको अनुमानित कुल गार्हस्थ उत्पादन ५७ खर्ब चार अर्ब पुग्ने सरकारी प्रक्षेपण रहेका वेला पाँच वर्षपछि यसको आकार १०३ खर्ब ७ अर्ब पुऱ्याउने लक्ष्य लिइएको हो ।

राष्ट्रिय योजना आयोगले आगामी आर्थिक वर्ष ०८१/८२ देखि ०८५/८६ सम्मको सोह्रौँ पञ्चवर्षीय योजनाको प्रमुख अन्तर्वस्तु सार्वजनिक गर्दै योजना अवधिको अन्तिम वर्षमा अर्थतन्त्रको आकार दोब्बरले वृद्धि महत्त्वाकांक्षी लक्ष्य राखेको हो । यो लक्ष्य हासिल गर्न प्रचलित मूल्यमा एक सय ११ खर्ब ८४ अर्ब २३ करोड लगानी चाहिन्छ । आवधिक योजनाको अन्तिम वर्षको लक्ष्यमा पुग्न सरकारले वार्षिक औसत ७.१ प्रतिशतले वृद्धिदर हासिल गर्नुपर्ने उल्लेख छ । आगामी आर्थिक वर्ष ०८१/८२ मा ६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने पनि योजनामा छ ।

निर्धारित लक्ष्य हासिल गर्न लगानी अपुग नहुने योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको दाबी छ । 'औसत ७.१ प्रतिशत कसरी हासिल हुन्छ भन्नेबारे हामीले निश्चित आधार तय गरेका छौँ ,' उनले भने । विगतका आवधिक योजनाहरू 'महत्त्वाकांक्षी भए, पूर्ति भएनन्' भनेर टिप्पणी हुने गरेकोमा सोह्रौँ योजनालाई महत्त्वाकांक्षी नबनाई प्राप्तियोग्य र यथार्थपरक बनाएको उनको दाबी छ ।

१६औँ योजनामा उत्पादन र रोजगारीलाई जोड दिइएको बताए । अहिलेको अर्थतन्त्रको मूल समस्या नै उत्पादन र रोजगारी न्यून हुनु रहेकाले यसमा बढी जोड दिएको उनको भनाइ छ । उपाध्यक्ष श्रेष्ठले तीन तहको सरकारको स्रोत पूर्वाधार निर्माणमा केन्द्रित हुँदा सामाजिक क्षेत्र खस्किएको टिप्पणी गरे । सोह्रौँ योजनाको प्रमुख ध्येय सामाजिक क्षेत्रमा पहिलाको गतिमा प्राप्त भएको उपलब्धिलाई फर्काउनेमा केन्द्रित रहेको उनको भनाइ छ ।

■ कुन क्षेत्रको लगानी कति हुनुपर्छ ?

सोह्रौँ योजनाले पाँच वर्षमा निर्धारित लक्ष्य हासिल गर्न प्रचलित मूल्यमा एक सय ११ खर्ब ८४ अर्ब २३ करोड लगानी हुनुपर्ने उल्लेख गरेको छ । जुन चालू आर्थिक वर्षको मूल्यमा हेर्ने हो भने ९४ खर्ब ८२ अर्ब ६६ करोड हुन आउँछ । कुल लगानीमा सार्वजनिक क्षेत्रबाट ३३ खर्ब ७७ अर्ब चार करोड (३०.२ प्रतिशत) लगानी हुनुपर्ने, निजी क्षेत्रबाट ७५ खर्ब १५ अर्ब ८० करोड (६७.२ प्रतिशत) र सहकारी क्षेत्रबाट दुई खर्ब ९० अर्ब ७९ करोड (२.६ प्रतिशत) हिस्सा ओगट्नुपर्ने १६औँ योजनामा उल्लेख छ ।

■ १६औँ योजनाको अन्तिम आर्थिक वर्षको लक्ष्य

सूचक	आव ०७९/८०	आव ०८०/८१	आव ०८५/८६
आर्थिक वृद्धिदर	२.२ प्रतिशत	३.९ प्रतिशत	७.३ प्रतिशत
कुल गार्हस्थ्य उत्पादन	५३ खर्ब ४८ अर्ब	५७ खर्ब ४ अर्ब	१०३ खर्ब ७ अर्ब
जिडिपीमा कृषिको योगदान (प्रतिशतमा)	२३.९	२४.९	२१
जिडिपीमा गैरकृषि क्षेत्रको योगदान (प्रतिशतमा)	७६.१	७५.९	७९
जिडिपीको अनुपातमा राजस्व संकलन	१८.९	२१.१	२१.४
जिडिपीको अनुपातमा सरकारी खर्च	२३.७	२६.८	२६.४
जिडिपीको अनुपातमा सार्वजनिक ऋण	४३	४०.३	३९
साक्षरता दर (पाँच वर्षमाथि)	७६.२ प्रतिशत	७६.३ प्रतिशत	८५ प्रतिशत
विद्युत् उत्पादन (मेगावाटमा)	२९६२	२८७७	११७६९
प्रतिव्यक्ति आय (अमेरिकी डलरमा)	१४०५	१४१०	२३५१
बेरोजगारी दर (प्रतिशतमा)	११.४	-	५
इन्टरनेटमा पहुँच पुगेको जनसंख्या (प्रतिशत)	६९.२	-	९०
बैंक तथा वित्तीय संस्थामा पहुँच पुगेको परिवार	६३	-	८५

स्रोतः राष्ट्रिय योजना आयोग

■ यस्ता छन् १६औँ योजनाका लक्ष्य

१६औँ योजनाले सुशासन, सामाजिक न्याय र समृद्धिको सोच राखेको छ । यी तीन सोचअनुसार तीन किसिमका राष्ट्रिय लक्ष्यहरू निर्धारण गरिएका छन् । जसअन्तर्गत सुशासनका १०, सामाजिक न्यायका १० र समृद्धिका २० गरी ४० लक्ष्य निर्धारण गरिएका छन् ।

सामाजिक न्यायतर्फ असमानता समायोजित मानव सूचकांकमा ०.४२४ लाई ०.६०० मा पुऱ्याउने लक्ष्य छ । रोजगारीमा महिला र पुरुषको सहभागितालाई १:१.७ बाट १:१.२ मा पुऱ्याउने भनिएको छ । महिलाको नाममा घर वा जग्गा दर्ता गरेको परिवारको संख्या २३.८ प्रतिशतबाट बढाएर ३५ प्रतिशत पुऱ्याउने उल्लेख छ ।

त्यस्तै, सुशासनतर्फ भ्रष्टाचार न्यूनीकरण अनुभूति सूचकांकलाई ३५ बाट ४३ पुऱ्याउने भनिएको छ । विधिको शासन सूचकांकमा ०.५२ रहेकोमा ०.८० पुऱ्याउने लक्ष्य छ । अदालतमा मुद्दा फर्स्योटको अनुपात ६४ प्रतिशतबाट ७५ प्रतिशत पुऱ्याउने भनिएको छ ।

त्यस्तै, समृद्धिको लक्ष्यतर्फ योजनाको अन्तिम वर्षमा साक्षरतादर ८५ प्रतिशत पुऱ्याउने लक्ष्य छ । ०७९/८० मा यो दर ७६.२ प्रतिशत छ । त्यस्तै, हालसम्म ११.४ प्रतिशत रहेको बेरोजगारी दर योजना अवधि सकिँदा ५ प्रतिशतमा झार्ने योजना छ । विद्युत् उत्पादनको जडित क्षमता बढाएर ११ हजार सात सय ६९ मेगावाट पुऱ्याउने लक्ष्य छ । प्रतिव्यक्ति आय योजना अवधिसम्म दुई हजार तीन सय ५१ अमेरिकी डलर पुग्ने लक्ष्य छ ।

इन्टरनेटमा पहुँच पुगेको जनसंख्या ९० प्रतिशत र बैंक तथा वित्तीय संस्थाको पहुँच पुगेको परिवारको संख्या ८५ प्रतिशत पुऱ्याउने लक्ष्य छ । गरिबीको रेखामुनि रहेको जनसंख्या २०.३ प्रतिशतबाट घटाएर १२ प्रतिशतमा झार्ने उल्लेख छ । मुद्रास्फीतिलाई ५ प्रतिशतमा सीमित राख्ने भनिएको छ । मानव विकास सूचकांकमा ०.६०१ रहेकोमा ०.६५० पुऱ्याउने बताइएको छ । अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशतबाट घटाएर २१ प्रतिशतमा झार्ने योजनाको लक्ष्य छ । गैरकृषि क्षेत्रको योगदान ७६.१ प्रतिशतबाट बढाएर ७९ प्रतिशत पुऱ्याउने भनिएको छ ।

१०६ मेगावाटको जगदुल्लामा जुट्यो लगानी

मिलन विश्वकर्मा/नयाँ पत्रिका

- तीनै तहको सरकारको लगानी हुने पहिलो आयोजना
- पहिलोपटक प्रसारणलाइन प्रभावितलाई सेयर
- निर्माणमा जान लागेको कर्णाली प्रदेशकै ठूलो आयोजना

१०६ मेगावाटको जगदुल्ला अर्ध जलाशय जलविद्युत् परियोजनामा नबिल बैंकको अगुवाइमा कुल १५ अर्ब ९० करोड ऋण लगानी हुने भएको छ । बुधबार काठमाडौँमा एक कार्यक्रममा प्रवर्द्धक कम्पनीको प्रमुख कार्यकारी अधिकृत (सिइओ) सञ्जय सापकोटा र नबिल बैंकका सिइओ ज्ञानेन्द्र ढुंगानाले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । सम्झौताअनुसार नबिलले चार अर्ब ४० करोड, एचआइडिसिएलले चार अर्ब, कर्मचारी सञ्चय कोषले चार अर्ब, लक्ष्मी सनराइज बैंकले दुई अर्ब र एभरेष्ट बैंकले एक अर्ब ५० करोड ऋण लगानी गर्नेछन् । आयोजनाको निर्माणको काम सुरु भएपछि प्रवाह हुने ऋणको ब्याजदर १० प्रतिशतभन्दा कम हुने प्रवर्द्धक कम्पनीका सिइओ सापकोटाले बताए । अब एक महिनाभित्र टेन्डर आह्वान हुने आयोजना निर्माण सुरु भएको पाँच वर्षमा तयार हुने उनको भनाइ छ । कार्यक्रममा नबिल बैंकका सिइओ ज्ञानेन्द्र ढुंगानाले परियोजना समयमै बन्नुपर्ने बताए ।

आयोजनामा कम्पनीले सात अर्ब १० करोड स्वपुँजीको रूपमा लगानी गर्नेछ । ५१ प्रतिशत संस्थापक सेयर हुने पुँजीमा संघीय सरकारको स्वामित्वका विद्युत् उत्पादन कम्पनीको २६ प्रतिशत, एचआइडिसिएलको १० प्रतिशत र नेपाल विद्युत् प्राधिकरणको ९ प्रतिशत सेयर हिस्सा हुनेछ । यसैगरी, कर्णाली प्रदेश सरकारको पाँच प्रतिशत र आयोजना बन्ने पालिका (जगदुल्ला गाउँपालिका र गृह मुड्केचुला)को १ प्रतिशत सेयर स्वामित्व हुनेछ । तीन तहका सरकारको लगानीमा बन्न लागेको यो पहिलो जलविद्युत् आयोजना हो ।

आयोजनामा सर्वसाधारणलाई ४९ प्रतिशत सेयर छुट्याइएको छ । त्यसमा सर्वसाधारण नागरिकलाई मात्रै ३३ प्रतिशत छुट्याइएको छ । आयोजना प्रभावित डोल्पा जिल्लाका बासिन्दालाई १० प्रतिशत र आयोजनाका कर्मचारीलाई ३ प्रतिशत छुट्याइएको छ । बाँकी ३ प्रतिशत भने प्रसारणलाइन प्रभावित जिल्लाका स्थानीय बासिन्दालाई दिइनेछ । कर्णालीमा १८ हजार मेगावाट विद्युत् उत्पादन गर्न सकिने विभिन्न अध्ययनले देखाएका छन् । तर, अहिले कर्णालीमा कुल ८.५५ मेगावाट जडित क्षमताका आयोजना मात्रै सञ्चालनमा आएका छन् । योबाहेक १९०२ मेगावाटको मुगु कर्णाली, ४८० मेगावाटको फुकोट कर्णालीलगायतका थुप्रै आयोजना अध्ययन सम्पन्न भएर निर्माणको पूर्वतयारी र निर्माणको पर्खाइमा छन् ।

सबैका लागि बैंक

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

लगानी प्रवर्द्धन दशक सुरु गर्न निजी क्षेत्रको सुझाव

काठमाडौँ/ उद्योग वाणिज्य महासंघले आगामी आर्थिक वर्ष ०८१-८२ को बजेट निर्माणमा जुटेका अर्थमन्त्री वर्षमान पुनलाई एक दर्जनभन्दा बढी सुझाव दिएको छ । महासंघले उद्योगीको मनोबल उकास्न आगामी आर्थिक वर्षबाट सुरु हुने गरी 'लगानी प्रवर्द्धन दशक' घोषणा गरी सोहीअनुसारको कार्यक्रम ल्याउन सुझाएको छ ।

महासंघले निजी क्षेत्रलाई केन्द्रमा राखेर बजेट निर्माण गर्न आग्रह गर्दै 'आर्थिक रुपान्तरणका लागि निजी क्षेत्र प्रवर्द्धन विशेष योजना' आवश्यक रहेको बताएको छ । त्यसैगरी, बजेटको आकार नबढाउन पनि महासंघको सुझाव छ । 'यसपटकको बजेटको आकार नबढाउन हाम्रो सुझाव छ' महासंघले भनेको छ, 'बजेटको आकार बढाउँदा राजस्व र आन्तरिक ऋण बढाउनुपर्ने चाप सरकारमा पर्नेछ । जसले निजी क्षेत्र हतोत्साहित हुने र ऋण दायित्व बढ्न जाने हुँदा यसमा विशेष ध्यान दिनुपर्ने हाम्रो आग्रह छ ।'

त्यस्तै, वित्तीय र मौद्रिक नीतिबीच तालमेल गराई लगानी वृद्धिको वातावरण बनाउन पनि आवश्यक रहेको महासंघको ठहर छ । आगामी वर्षदेखि लगानी प्रवर्द्धन दशक सुरु गरी देशको क्रेटिङ रेटिङ गर्ने नीतिलाई कार्यान्वयन पनि महासंघले आग्रह गरेको छ । महासंघको सुझावपछि अर्थमन्त्री पुनले निजी क्षेत्रमैत्री वातावरण निर्माणका लागि सरकार प्रतिबद्ध रहेको बताए । 'तपाईंहरू कोही पनि निरुत्साहित नहुनुस् । बरु सरकारलाई सकारात्मक दबाब र प्रेरित गर्ने काम गर्नुस्,' उनले भने, 'लगानीमैत्री वातावरण बनाउन सरकार प्रतिबद्ध छ । यो कुरा बजेटमार्फत देख्नुहुनेछ ।'

सरकारले कसैलाई खाका र कसैलाई पाखाको नीति नलिने भन्दै सबैलाई बराबर व्यवहार हुने प्रतिबद्धता जनाए ।

पेट्रोल सात र डिजेल पाँच रुपैयाँ प्रतिलिटर घट्यो

काठमाडौँ/ नेपाल आयल निगम लिमिटेडले बुधबार रातीबाट लागू हुने गरी पेट्रोल सात रुपैयाँ र डिजेल तथा मट्टितेल समान पाँच रुपैयाँ प्रतिलिटरले मूल्य घटाएको छ । मूल्य घटेपछि काठमाडौँ उपत्यकामा पेट्रोल एक सय ७१ रुपैयाँ तथा डिजेल र मट्टितेल समान एक सय ५४ रुपैयाँ प्रतिलिटर कायम भएको छ । इन्डियन आयल कर्पोरेसनले बुधबार दिउँसो पेट्रोल ६ रुपैयाँ ७५ पैसा र डिजेल पाँच रुपैयाँ नौ पैसा प्रतिलिटर घटाएर पठाएका कारण नेपाली बजारमा पनि मूल्य समायोजन गरिएको प्रवक्ता मनोज ठाकुरले जानकारी दिए ।

मूल्य घटेपछि तराईमा पेट्रोल एक सय ६८ रुपैयाँ ५० पैसा र डिजेल तथा मट्टितेल एक सय ५१ रुपैयाँ ५० पैसा प्रतिलिटर तथा सुर्खेत र दाङमा पेट्रोल एक सय ७० तथा डिजेल र मट्टितेल एक सय ५३ रुपैयाँ प्रतिलिटर मूल्य कायम भएको छ ।

पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको भाउ निरन्तर ओरालो लागिरहेका कारण निगमले पनि नेपाली बजारमा मूल्य घटाइरहेको हो । बुधबार साँझ कच्चा तेल ७७ डलर प्रतिब्यारेलआसपासमा कारोबार भइरहेको थियो ।

तीन वर्षमा ४० प्रतिशत मात्रै किसान सूचीकृत

काठमाडौँ/ सरकारले ल्याएको किसान सूचीकरण अभियान अलपत्र परेको छ । वास्तविक किसानको पहिचान गर्ने योजनासहित अघि बढाइएको अभियानमा तीन वर्ष बित्दा पनि ४० प्रतिशत किसान मात्रै सूचीकृत भएका छन् । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली सरकारले ०७७ फागुन २२ मा किसान सूचीकरणको अभियान अघि सारेका थिए । पर्याप्त तयारीविना योजना थालिएकाले सोचेजति प्रगति हुन नसकेको नेपाल कृषि तथा पशुपन्छी विकास मन्त्रालका एक अधिकारीले बताए ।

मन्त्रालयका अनुसार हालसम्म १६ लाख ७८ हजार कृषक घरधुरी सूचीकृत भएका छन् । कृषि गणना ०७८ अनुसार नेपालमा ४१ लाख ३० हजार कृषक परिवार छन् । तर, सरकारले किसान सूचीकरण अभियानलाई तीव्रता दिएको कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता सबनम सिवाकोटीको भनाइ छ । उनले भनिन्, 'सबै स्थानीय तहबाट सूचीकृत भइरहेको छ, तर जति हुनुपर्नेथियो हुन नसकेको अवस्थामा सबै प्रदेशका सम्बन्धित निकायसँग छलफल गरेर अघि बढाउन थालेका छौँ ।'

वास्तविक किसानको पहिचान गरी किसानलाई उपलब्ध गराउने विभिन्न सेवा-सुविधा अनुदान र पारदर्शिताका लागि किसानको सूचीकरण अभियान चलाइएको थियो । किसानले एकभन्दा बढी स्थानीय तहमा कृषिकार्य सञ्चालन गरेको पाइएमा कुनै एक स्थानीय तहमा सूचीकृत हुन सकिने सूचीकरण कार्यविधिमा उल्लेख छ । तर, स्थानीय तहबाट नै सूचीकृत हुन सकिने भए पनि सरकारको सक्रियता नहुँदा सूचीकृत संख्या बढ्न नसकेको कृषक समूहका पूर्वअध्यक्ष नवराज बस्नेतले बताए । किसान सूचीकृतको सम्बन्धमा मन्त्रालयले गत सोमबार र मंगलबार सातै प्रदेशका स्थानीय तहका प्रमुखहरू राष्ट्रिय किसान आयोगको सदस्यलगायतसँग छलफल गरेको छ । कार्यक्रममा सहभागीहरूले स्वीकृत खाद्य अधिकार तथा खाद्य सम्प्रभुता ऐन, २०७५ र नियमावली २०८१ मा भएको व्यवस्थाबमोजिम किसान पहिचान र वर्गीकरणको कार्यलाई कार्यान्वयन गर्न तिनै तहले अपनत्व लिनुपर्ने सुझाव दिएका छन् । पूर्वकृषिसचिव योगेन्द्रबहादुर कार्कीले पर्याप्त तयारीविना सूचीकरण अभियान सुचारु गरिएको हुँदा प्रगति हुन नसकेको बताए ।

वास्तविक किसानको पहिचान गर्न र किसानले पाउने विभिन्न अनुदान, बिमा र रासायनिक मललगायत वितरणमा किसानको सूचीकरणले ठूलो सहयोग पुग्ने उनको भनाइ छ । उनले भने, 'वास्तविक सूचीकृत किसान हुँदा अहिले अनुदानमा भइरहेको अनियमितता, रासायनिक मलको अभाव, किसान पेन्सन योजनालगायत समग्र कृषिको योगदानमा ठूलो भूमिका खेल्ने हुँदा सरकारले यसलाई गम्भीर रूपमा लिनुपर्छ ।'

ग्लोबल आइएमई बैंक लिमिटेडको

तपसिलमा उल्लिखित ऋणीहरूलाई ऋण कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०२/०३ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट तपसीलमा उल्लिखित ऋणीले उपभोग गर्नु भएको ऋण/कर्जा निज ऋणीले बैंकसँग गरेको सम्झौता तथा लिखत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी सम्झौताहरु उल्लंघन गर्नु भएकोले कर्जासँग सम्बन्धित सबैलाई कर्जा लगायत बैंकको सम्पूर्ण लेना रकम चुक्ता भुक्तानी गर्न पटक पटक लिखित तथा मौखिक तर ताकेता गर्दा समेत बैंकको कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले तपसिलमा उल्लिखित ऋणी तथा व्यक्तिगत/संस्थागत/धितो जमानतकर्ताहरुको नाममा कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी कर्जाको सम्पूर्ण बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्नु होला । अन्यथा यस बैंकसँग भए गरेको सम्झौता तथा लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना/बाँकी बक्यौता रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन, परिपत्र, सूचना अनुसार सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश गर्न सकिने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ ।

साथै सुरक्षण वापत रहेको धितोबाट समेत बैंकको सम्पूर्ण बाँकी बक्यौता लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

भोर्लेटार शाखा, लमजुङ

ऋणीको विवरण	संचालक तथा व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, शाखा कार्यालय, लमजुङमा प्रा.फ.न.घ.उ.वि. १७५७/०७०/७१ अन्तर्गत मिति २०७१/०२/१३ मा दर्ता कायम भएको **आयुषा पोल्ट्री फार्म** फर्म दर्ता ठेगाना : इशानेश्वर - २, लमजुङ स्थायी लेखा नं. ६०२१५३६०९, मिति २०७१/०२/१६ **प्रोप्राइटर : सन्तोष पोखेल** **कर्जा शिर्षक : आवधिक कर्जा**	**सन्तोष पोखेल** ना.प्र.नं. ४८०२४ जारी मिति २०६०/०८/०७ जि.प्र.का. लमजुङ बाबुको नाम : टिकाराम पोखेल बाजेको नाम : शालिकराम पोखेल स्थायी ठेगाना : इशानेश्वर - २, लमजुङ हालको ठेगाना : मध्यनेपाल न.पा. - ७, लमजुङ	**शान्ति शोभा पोखेल** ना.प्र.नं. २२०६ जारी मिति २०४३/०९/१७ जि.प्र.का. लमजुङ पतिको नाम : टिकाराम पोखेल ससुराको नाम : शालिकराम पोखेल स्थायी ठेगाना : इशानेश्वर - १, लमजुङ हालको ठेगाना : मध्यनेपाल न.पा. - ७, लमजुङ

सेतोपुल धनगढी शाखा, कैलाली

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण	
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कंचनपुरमा प्रा.फ.र.नं. २९७/०७२/०७३ अन्तर्गत मिति २०७२/०८/२८ मा दर्ता कायम भएको **योनेको ट्रेडर्स** फर्म दर्ता ठेगाना : पुनर्वास - १२, कंचनपुर स्थायी लेखा नं. ६०३७४४५५२, मिति २०७२/०८/२८ **प्रोप्राइटर : देवमाया लामा** **कर्जा शिर्षक : ओभरड्राफ्ट, डिमाण्ड तथा फोर्स कर्जा**	**पिङ्ग लामा** ना.प्र.नं. १९०, जारी मिति २०५०/०६/०३ जि.प्र.का. कंचनपुर बाबुको नाम : सुक्पा लामा बाजेको नाम : सिस्या लामा स्थायी ठेगाना : कालिका - ३, कंचनपुर हालको ठेगाना : पुर्नवास न.पा. - १२, कंचनपुर	**देवमाया लामा** ना.प्र.नं. २००२/३७७३ जारी मिति २०७०/०८/१९, जि.प्र.का. कंचनपुर बाबुको नाम : जित बहादुर तामाङ पतिको नाम : पिङ्ग लामा ससुराको नाम : सुक्पा लामा स्थायी ठेगाना : कालिका - ४, कंचनपुर हालको ठेगाना : पुर्नवास न.पा. - १२, कंचनपुर

वीरगंज शाखा, पर्सा

ऋणीको विवरण		
१. नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, वीरगंजमा प्रा.फ.र.न. ३२३९७/०७१/७२ अन्तर्गत मिति २०७१/०४/२९ मा दर्ता कायम भएको **कमला ईन्टरनेशनल** फर्म दर्ता ठेगाना : वीरगंज - १९, लिंकरोड, पर्सा स्थायी लेखा नं. ३०१२०३६८९, मिति २०७१/०५/०४ **प्रोप्राइटर : संजय कुमार सर्राफ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	२. नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय वीरगंज, पर्सामा प्रा.फ.पर्सा नं. ३७२१/०६३/०६४ अन्तर्गत मिति २०६४/०३/१२ मा दर्ता कायम भएको **श्री बालाजी ज्वेलर्स** फर्म दर्ता ठेगाना : वीरगंज उ.म.न.पा. - १९, पर्सा स्थायी लेखा नं. ३०२६३५१५५, मिति २०६४/०३/२४ **प्रोप्राइटर : उर्मिला देवी सर्राफ** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा अल्पकालिन कर्जा**	**३. संजय कुमार सर्राफ** **कर्जा शिर्षक : आवधिक कर्जा**

व्यक्तिगत जमानत दिनेको विवरण

संजय कुमार सर्राफ ना.प्र.नं. १६०३२३६७० जारी मिति २०४५/०५/२५, जि.प्र.का. पर्सा बाबुको नाम : राम रतन सर्राफ बाजेको नाम : सत्यनारायण सर्राफ स्थायी ठेगाना : वीरगंज न.पा. - १३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा. - ८, पर्सा	**संदिप सर्राफ** ना.प्र.नं. १६०३२९८८५ जारी मिति २०६०/०३/३२, जि.प्र.का. पर्सा बाबुको नाम : राम रतन सर्राफ बाजेको नाम : सत्यनारायण सर्राफ स्थायी ठेगाना : वीरगंज - १३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा. - ८, पर्सा	**रामरतन सर्राफ** ना.प्र.नं. १६०३०८९७६ जारी मिति २०३४/०६/०७, जि.प्र.का. पर्सा बाबुको नाम : सत्यनारायण सर्राफ बाजेको नाम : गोवरधन सर्राफ स्थायी ठेगाना : वीरगंज उ.म.न.पा. - १३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा. - ८, पर्सा
उर्मिला देवी सर्राफ ना.प्र.नं. २३१४ जारी मिति २०४६/०३/०५, जि.प्र.का. पर्सा बाबुको नाम : नन्दकिशोर बर्मा पतिको नाम : रामरतन सर्राफ ससुराको नाम : सत्यनारायण सर्राफ स्थायी ठेगाना : वीरगंज उ.म.न.पा. - १३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा. - ८, पर्सा	**राधा सर्राफ** ना.प्र.नं. ८६८४, जारी मिति २०६४/१२/११ जि.प्र.का. पर्सा बाबुको नाम : राजेन्द्र कुमार सोनी पतिको नाम : संजय कुमार सर्राफ ससुराको नाम : राम रतन सर्राफ स्थायी ठेगाना : वीरगंज उ.म.न.पा. - १३, पर्सा हालको ठेगाना : वीरगंज म.न.पा. - ८, पर्सा **(ऋणी कमला ईन्टरनेशनल र संजय कुमार सर्राफका लागि मात्र जमानत रहेको)**	

सभागृहचोक शाखा, पोखरा

ऋणीको विवरण	व्यक्तिगत जमानत दिनेको विवरण
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०४४१४/०७५/०७६ अन्तर्गत मिति २०७५/०८/२७ मा दर्ता कायम भएको **साईराम एग्रो फार्म प्रा.लि.** कम्पनी दर्ता ठेगाना : पोखरा म.न.पा - ३०, बराल टोल, कास्की स्थायी लेखा नं. ६०६५२३३९२, मिति २०७५/०९/०८ **संचालक : मेघराज पौडेल** **कर्जा शिर्षक : ओभरड्राफ्ट तथा आवधिक कर्जा**	**मेघराज पौडेल** ना.प्र.नं. ११४२९५, जारी मिति २०५८/०१/०६, जि.प्र.का. कास्की बाबुको नाम : बालाकृष्ण पौडेल बाजेको नाम : मधु पाध्य स्थायी ठेगाना : लामाचौर - १, कास्की हालको ठेगाना : पोखरा म.न.पा - १, कास्की

व्यक्तिगत जमानत दिनेको विवरण

ससीधर पौडेल ना.प्र.नं. ४६१०१३/१९४ जारी मिति २०६५/०४/२१, जि.प्र.का. कास्की बाबुको नाम : बालाकृष्ण पौडेल बाजेको नाम : मधु पाध्य स्थायी ठेगाना : लामाचौर - १, कास्की हालको ठेगाना : पोखरा म.न.पा - १, कास्की	**भरतराज पौडेल** ना.प्र.नं. १५७४८१, जारी मिति २०६३/०३/०२ जि.प्र.का. कास्की बाबुको नाम : बालाकृष्ण पौडेल बाजेको नाम : मधु पाध्य स्थायी ठेगाना : लामाचौर - १, कास्की हालको ठेगाना : पोखरा म.न.पा - १, कास्की	**गंगा पोखेल पौडेल** ना.प्र.नं. ४६-०१-७१-११२१९, जारी मिति २०७१/१२/११, जि.प्र.का. कास्की बाबुको नाम : चन्द्रकान्त पोखेल पतिको नाम : मेघराज पौडेल ससुराको नाम : बालाकृष्ण पौडेल स्थायी ठेगाना : पोखरा उ.म.न.पा. - १९, कास्की हालको ठेगाना : पोखरा म.न.पा - १, कास्की

नोट : ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

कर्पोरेट कार्यालय : कमलादी, काठमाडौं
फोन नं.: ०१-५३२८६७१/५३२६३४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००

छात्रवृत्तिका लागि महालक्ष्मी विकासको सहयोग


काठमाडौं/ महालक्ष्मी विकास बैंक लिमिटेडले शिक्षाको पहुँचबाट पिछडिएका बालबालिकालाई छात्रवृत्ति वितरणका लागि आर्थिक सहयोग प्रदान गरेको छ। बैंकले 'बालबालिकालाई शिक्षित गर्नुहोस्' कार्यक्रमअन्तर्गत नेपालभर ८० वटा विद्यालय स्थापना गरी शिक्षा प्रदान गरिरहेको जनाएको छ। बैंकले राउन्ड टेबल नेपालसँगको सहकार्यमा करिब एक हजार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सो सहयोग गरेको जनाएको छ।



बैंकले काठमाडौं, धनगढी, वीरगन्ज, नेपालगन्ज, नारायणगढ, जनकपुर, बुटवल, भैरहवा गरी आठ स्थानमा सम्पन्न कार्यक्रममा सहभागी हुँदै शिक्षाको मूलधारमा आउन नसकेकालाई सहयोग गरेको हो। साथै, पिछडिएका तथा विभिन्न कारणले बन्दी जीवन बिताएका अभिभावकका बालबालिकालाई शिक्षाको अवसर प्रदान गर्न सो सहयोग प्रदान गरेको बताइएको छ।

एनसेलको फाइभजी भिजनमा 'सधैँ अन' योजना सार्वजनिक

नयाँ पत्रिका



एनसेलले फाइभजी योजनामा आधारित 'सधैँ अन' डेटा योजना ल्याएको छ। यस योजनाअन्तर्गत अब ग्राहकले अनावश्यक रूपमा मोबाइलको ब्यालेन्स काटिने झन्झट झेल्नुपर्नेछैन। 'सधैँ अन' योजनाको मुख्य उद्देश्य भनेको ग्राहकलाई आफ्नो ब्यालेन्स सकिने डरबिनै डेटा सधैँ अन राखेर डिजिटल भविष्यतिर डोऱ्याउनु रहेको एनसेलले जनाएको छ।

योजनामार्फत एनसेल ग्राहकको ब्यालेन्स सकिने समस्या समाधान गर्न प्रतिबद्ध रहेको र डेटा प्याकलाई सरल बनाउदै पाँच दर्जनभन्दा बढी त्यस्ता डेटा प्याकलाई २० वटामा झारेको पनि बताइएको छ।

उपभोक्ताको आवश्यकता परिवर्तन हुँदै गएकाले 'सधैँ अन' डेटा प्याकेजले दैनिक कार्यलाई सहज बनाउने एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले जानकारी दिए। 'अहिले धेरैजसो दैनिक क्रियाकलाप अनलाइनबाट हुने हुँदा यो योजनाले उपभोक्तालाई ढुक्क बनाउनेछ,' उनले भने।

ग्राहकको डेटा उपयोग गर्ने व्यवहारलाई विश्वका अन्य मुलुकसरह बनाउँदै डिजिटलाइजेसनमा योगदान पुऱ्याउनु योजनाको अवधारणा रहेको एनसेलले जनाएको छ।

फाइभजी तारारहित प्रविधिको भविष्य रहेको र यसले व्यवसाय र अर्थतन्त्रमा क्रान्तिकारी परिवर्तन ल्याउने दाबी एनसेलले गरेको छ। यो प्रविधि विश्वका ६० भन्दा बढी देशमा पहिल्यैदेखि लागू भइसकेको एनसेलले जनाएको छ।

'फाइभजीका अर्थ द्रुतगतिको इन्टरनेट मात्रै होइन,' कायुमोभले भने, 'यसले अत्याधुनिक प्रविधिको परिचय गराउँदै कृषि, स्वास्थ्य, शिक्षा, पर्यटनलगायतका क्षेत्रको विकास महत्त्वपूर्ण प्रभाव पार्न सक्छ। साथै, सरकारले लिएको डिजिलट नेपालको अवधारणलाई मार्गप्रशस्त गर्छ।'

■ 'सधैँ अन' मा के छ ?

एनसेलको 'सधैँ अन'अन्तर्गत कम्पनीले बेसिक, बेस्ट र अनलिमिटेड गरी तीनवटा समूहमा आठवटा विभिन्न आकर्षक प्लान सञ्चालनमा ल्याएको छ। यसमा सात दिनको समयसीमा रहेको ९८ रुपैयाँबाट सुरु हुने प्याकदेखि २८ दिन समयावधि रहेको रु. १४९९ पर्नेसम्मको विभिन्न प्लान रहेका छन्।

त्यसैगरी, हरेक प्लानमा डेटा, अल नेपाल कल टक टाइटाइम र अल नेपाल एसएमएसको बन्डलिङ रहेको छ। यी प्याक ग्राहकले विद्यमान शुल्कभन्दा दुई गुणा सस्तोमा प्राप्त गर्न सक्ने एनसेलले जनाएको छ। साथसाथै, 'सधैँ अन' सुचारु गर्ने ग्राहकले सामाजिक सञ्जाल प्रयोग गर्नका लागि निःशुल्क डेटा प्राप्त गर्नेछन्।

एनआइसीका कर्मचारीमाथिको आक्रमणप्रति ध्यानाकर्षण

काठमाडौं/ एनआइसी एसिया लघुवित्तले शाखा कार्यालय परवानीपुर, बारामा अराजक समूहद्वारा कर्मचारीमाथि भएको अभद्र व्यवहार र कार्यालयको भौतिक सम्पत्तिमा पुऱ्याएको क्षतिप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। मंगलबार २०-३० जनाको अराजक समूहले कार्यालयमा प्रवेश गरी त्यहाँ कार्यरत शाखा प्रमुख तथा कर्मचारीमाथि ज्यान मार्ने गरी भौतिक आक्रमण तथा अभद्र व्यवहारसमेत भएको संस्थाले जनाएको छ।

'सो अराजक समूहबाट कार्यालयका टेबल, कुर्सी, कम्प्युटर, प्रिन्टरलगायतका जिन्सी सामग्री तोडफोड गरेको, कर्जासँग सम्बन्धित तमसुक तथा अन्य आवश्यक कागजात आगो लगाई नष्ट गर्नेजस्ता अत्यन्त निन्दनीय, गैरकानुनी तथा अभद्र कार्य भएका छन्,' विज्ञप्तिमा उल्लेख छ। दिनदहाडै बैंक तथा वित्तीय क्षेत्रको सेवामा कार्यरत कर्मचारीमाथि भएको भौतिक आक्रमण, वित्तीय संस्थाको सम्पत्तिमा पर्न गएको क्षति तथा जोखिममा संलग्न सम्बन्धित समूह तथा व्यक्तिलाई कडाभन्दा कडा कानुनी कारबाहीको माग पनि लघुवित्तले गरेको छ।

खराब ऋणीलाई संस्थाको कर्जा असुली नीति, बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ तथा नेपाल राष्ट्र बैंकका नीति-नियमअनुसार कालोसूचीमा राखेकै कारण तत्काल कालोसूचीबाट हटाउन दबाब दिँदै भौतिक आक्रमण तथा अभद्र व्यवहार भएको लघुवित्तले जनाएको छ। यसरी संस्था तथा संस्थामा कार्यरत कर्मचारीमाथि सांघातिक आक्रमण हुनुले राज्यको कानुनलाई समेत चुनौती दिएको विज्ञप्तिमा उल्लेख छ।

सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सको पुनर्जागरण अभियान

काठमाडौं/ सानिमा रिलायन्स लाइफ इन्स्योरेन्सले नवीकरण नभएका बिमालेखका लागि शतप्रतिशत विलम्ब शुल्क छुटसहितको पुनर्जागरण अभियान सुरु गरेको छ।

उक्त पुनर्जागरण अभियान यही १ जेठदेखि २५ गतेसम्म लागू हुनेछ। पुनर्जागरण अभियानअन्तर्गत बिमालेख अवधिभित्र एकपटक मात्र ब्याज छुटको सुविधा प्रदान गरिने कम्पनीले जनाएको छ। कुनै पनि बिमालेख व्यतीत रहँदा बिमितले रक्षावरण गुमाउनुका साथै विलम्ब शुल्क पनि व्यहोर्नुपर्ने भएकाले यो अवसरको फाइदा लिई बिमालेख नवीकरण गर्न कम्पनीले अनुरोध गरेको छ।

सडक डिभिजन ललितपुर

बोलपत्र आह्वानको सूचना

प्रकाशन मिति : २०८१/०२/०३

यस डिभिजनबाट निर्माण सामग्री खरिद गर्नका लागि IFB No. 09-RDLTP/080/81 तथा ठेक्का नं RDLTP/33731011-3/080/81-34 र RDLTP/33731011-3/080/81-35 को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website bolpatra.gov.np/egp मा प्रकाशित गरिएकोले उक्त वेभसाइट हेर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

डिभिजन प्रमुख

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मितिः २०८१/०२/०३

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्साबाट तपसिलमा उल्लेखित तपाई ऋणीले सिटिजन्स आवास कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्ने बारेमा तपाई ऋणीलाई मिति वि.सं. २०८०/०४/१० मा अन्त्यपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैंतीस) दिने सार्वजनिक सूचना, मिति २०८०/१०/२९ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना र मिति २०८१/०१/१८ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधरणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्सामा दिउँसो १:०० बजे गोप्य शिलबन्दी खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफ्ले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स आवास कर्जा

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : रामबाबु प्रसाद गुप्ता बाबु : नन्दलाल साह कानु बाजे : राम प्रसाद साह कानु ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : विरगंज महा न.पा.-१२, पर्सा ना.प्र.नं. : ३३२०४५/३०७२/३४१ जारी मिति : २०५०/०५/२३ जि.प्र.का. : बारा	१. नाम : नन्दलाल साह कानु बाबु : राम प्रसाद साह कानु बाजे : ठागा साह कानु ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : महागढीमाई न.पा.-१०, बारा ना.प्र.नं. : ८०४/१३०८ जारी मिति : २०४३/०८/३० जि.प्र.का. : बारा
२. नाम : फुलकान्ती देवी बाबु : इश्री साह कानु ससुरा : नन्दलाल साह कानु पति : चन्दन प्र.गुप्ता ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : विरगंज महा न.पा.-१२, पर्सा ना.प्र.नं. : ३३-०१-७५-००३७९ जारी मिति : २०७५/०१/१६ जि.प्र का. : बारा	३. नाम : धनमनती कनुईन बाबु : विधु साह कानु ससुरा : राम प्रसाद साह कानु पति : नन्दलाल साह कानु ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : महागढीमाई न.पा.-१०, बारा ना.प्र.नं. : ८०५/४२२११३९० जारी मिति : २०३५/०२/०६ जि.प्र.का. : बारा
४. नाम : अनिता देवी बाबु : रामबहादुर प्रसाद साह ससुरा : नन्दलाल साह कानु पति : ललन कुमार गुप्ता ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : महागढीमाई न.पा-१०, बारा ना.प्र.नं. : ३३३०३३/२२ जारी मिति : २०७०/०२/१० जि.प्र.का. : बारा	५. नाम : राधिका देवी गुप्ता बाबु : जनक साह कानु ससुरा : नन्दलाल साह कानु पति : रामबाबु प्रसाद गुप्ता ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : विरगंज महा न.पा.-१२, पर्सा ना.प्र.नं. : ३३१०३३/२१७७४ जारी मिति : २०६८/०८/१३ जि.प्र.का. : बारा
६. नाम : ललन कुमार गुप्ता बाबु : नन्दलाल साह कानु बाजे : राम प्रसाद साह कानु ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : महागढीमाई न.पा-१०, बारा ना.प्र.नं. : १७३७/२३२१ जारी मिति : २०६०/०८/०२ जि.प्र.का. : बारा	७. नाम : चन्दन प्र.गुप्ता बाबु : नन्दलाल साह कानु बाजे : राम प्रसाद साह कानु ठेगाना : गंजभवानीपुर -०४, बारा हालको ठेगाना : विरगंज महा न.पा.-१२, पर्सा ना.प्र.नं. : ३३३०३३/६९२ जारी मिति : २०६३/१०/१४ जि.प्र.का. : बारा

धितो राखिएको सम्पत्तिको विवरण

धितो सुरक्षण धनीको नामः- राधिका देवी गुप्ता

सि.नं	जिल्ला	न.पा./गा.वि.स.	वडा नं./सिट नं.	कि.नं.	क्षेत्रफल (वि.क.धु.)	कैफियत
१.	पर्सा	मनियारी	७/७	९	०-५-०-०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत ।
२.	पर्सा	मनियारी	७/७क	४५९	०-२-१४-०	
३.	पर्सा	मनियारी	७/७	१०	०-३-०-०	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझ्काए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को प्रधान कार्यालय नारायणहिटी पथ, दरबारमार्ग वा शाखा कार्यालय वीरगंज, पर्सामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८१/०२/११, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय वीरगंज, पर्सा

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः दुहवी-५, सुनसरी
फोनः ०२५-५४२०१८, वेवसाइटः www.forwardmfbank.com.np

ऋणी सदस्यहरूलाई कर्जा चुक्ता/भुक्तान गर्न आउने बारेको ३५ दिने सूचना

(सूचना प्रकाशित मितिः २०८१/०२/०३ गते)

यस वित्तिय संस्थाका तपसिलमा उल्लेखित ऋणीले देहायमा उल्लेख भए बमोजिका शाखा कार्यालयबाट लिनु भएको ऋण कर्जाको शर्त बमोजिम यस वित्तिय संस्थालाई नियमानुसार तिर्नु बुझाउनु पर्ने साँवा ब्याज, हर्जना ब्याज आदि समेत निर्धारित समयमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लङ्घन गर्नु भई सोका सम्बन्धमा पटक पटक मौखिक एवम् लिखित रुपमा कर्जा चुक्ता भुक्तान गर्न अनुरोध गरी पत्राचार गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै तदारुकता नदेखाएको कारणबाट बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३, तथा ऋण असुली ऐन,२०५८ ले दिएको अधिकार प्रयोग गरी यो सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित मितिले ३५औं दिनभित्रमा कार्यालयको सम्पर्कमा आई आफ्नो सम्पूर्ण कर्जा रकम भुक्तान गर्नुहुन। साथै, अन्यथा भएमा प्रचलित कानून बमोजिम ऋणी तथा साक्षी/जमानत कर्ता दुवैको अन्य चल-अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा जानकारी गराउँदै ऋणी तथा धितो सुरक्षण तथा जमानत दिनुहुने सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्रमा कालो सूचीमा सूचिकृत गर्नको लागि सिफारिस गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ। तसर्थ यो सूचना प्रकाशित भएको ३५ दिनभित्रमा वित्तिय संस्थाको सम्बन्धित शाखामा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत यसै सूचनाबाट सूचित गरिन्छ।

तपसिल

शाखा कार्यालयः पवेरा, कैलाली

क्र.स.	ऋणीको नाम, थर	ऋणीको ठेगाना	ऋणीको ३ पुस्ते विवरण (पति, पिता, ससुरा/बाजे)	जमानीकर्ताको नाम
१	राइमति बि.क.	जिल्ला कैलाली फुलबारी गा.वि.स.वडा न. ७ (हाल जिल्ला कैलाली धनगढी उप.मा.न.पा. वडा नं.१४ स्याउले)	रमेश बि.क./खाड्के सुनार/रने विश्वकर्मा/बहादुर सुनार	मनोज सार्की
२	पार्वती बि.क	जिल्ला कैलाली फुलबारी गा.वि.स.वडा न.३ (हाल जिल्ला कैलाली धनगढी उप.मा.न.पा. वडा नं.१९ आइगाउ)	चन्द्र बहादुर लोहार/बिर बहादुर बि.क/रामे लोहार/ मनबिर लोहार	भुन्टी देबि बि.क

शाखा कार्यालयः सुखड, कैलाली

३	मिन बहादुर सुनार	जिल्ला कैलाली दरख गा.वि.स.वडा न.५ (हाल जिल्ला कैलाली घोडाघोडी न.पा वडा नं.१ सुखड)	जुना सुनार/कर्ण बहादुर सुनार/मनिराम सुनार	जुना सुनार

शाखा कार्यालयः जोशीपुर, कैलाली

४	रुपकला डंगौरा	जिल्ला कैलाली जोशिपुर गा.वि.स.वडा न.७ बरहरिया (हाल जिल्ला कैलाली जोशिपुर गा.पा. वडा नं.१ बरहरिया)	भागिराम डंगौरा/हरि प्रसाद कठरिया/अंगानु डंगौरा/ पदम बहादुर कठरिया	भागिराम डंगौरा (श्रीमान)

शाखा कार्यालयः मसुरिया, कैलाली

५	कविता चौधरी	जिल्ला कैलाली मसुरिया गा.वि.स.वडा नं.२ (हाल जिल्ला कैलाली गौरीगंगा नगरपालिका वडा नं.७ मनकापुर)	अवित थारु/प्रभुराम चौधरी/बाबुराम थारु/ हिरालाल डगौरा	श्री आइतवारी डगौरा थारु

शाखा कार्यालयः कलकत्ता, कञ्चनपुर

६	नन्दकली राना	जिल्ला कञ्चनपुर रामपुरबिलासीपुर गा.वि.स.वडा न.७ (हाल जिल्ला कञ्चनपुर बेलौरी न.पा वडा नं.८ पचुई)	भगवानदाश राना/ठगना राना/रामदिन राना/घेरा राना	भगवान दाश राना

शाखा कार्यालयः सडकपुर, कैलाली

७	रत्ना देवी शाही	जिल्ला कैलाली गा.वि.स.वडा नं.३ नारायणपुर (हाल जिल्ला कैलाली टिकापुर गा.पा.वडा नं.६ नारायणपुर)	बरम बहादर शाही/लक्षरुप शाही/तिलक बहादुर शाही/ दल बहादुर शाही	बरम बहादुर शाही

शाखा कार्यालयः गोदावरी, कैलाली

८	मानमती देवि राना	जिल्ला कन्चनपुर कृष्णपुर गा.वि.स.वडा नं.५ श्रीपुर (हाल जिल्ला कन्चनपुर कृष्णपुर न.पा.वडा नं. ५ श्रीपुर)		कल्लु राना
९	मनिसा देवि राना	जिल्ला कन्चनपुर कृष्णपुर गा.वि.स.वडा न.४ श्रीपुर (हाल जिल्ला कन्चनपुर कृष्णपुर न.पा.वडा नं.५ श्रीपुर)	मदन राना/खुसिलाल थारु/दुखी राना/चन्द्र लाल चौधरी	रामविलासु देवि राना
१०	कविता कोलि पार्की	जिल्ला कन्चनपुर भीमदत्त गा.वि.स.वडा नं.३ (हाल जिल्ला कन्चनपुर कृष्णपुर न.पा.वडा नं.७)	सुरेश पार्की/गंगा राम कोली/मानी पार्की/मानि कोली	सुरेश पार्की

शाखा कार्यालयः अमुवा, रुपन्देही

११	श्रीकान्ती चमार	जिल्ला रुपन्देही मैनहिया गा.वि.स.वडा नं.२ (हाल जिल्ला रुपन्देही सियारी गा.पा.वडा नं.२ गनसारी)	राम शंकर हरिजन/राम निवास चमार/शिबमंगल हरिजन/ गयादिन हरिजन	राम शंकर हरिजन
१२	खेम कुमारी थारु	जिल्ला रुपन्देही छिपागढ गा.वि.स.वडा नं.९ (हाल जिल्ला रुपन्देही रोहिणी गा.पा.वडा नं.४)	प्रकेश सिंह/चिनक थारु/गणेशमान चौधरी/तेरस थारु	बिन्दु थारु
१३	धनमाया थारु	जिल्ला रुपन्देही दयानगर गा.वि.स.वडा नं.२ (हाल जिल्ला रुपन्देही तिलोत्तमा न.पा.वडा नं. १४ खैरिया)	अंगद चौधरी/दुहे थारु/उसारी थारु/राम प्रसाद थारु	बल बहादुर थारु
१४	नजिरा मुसलमान	जिल्ला रुपन्देही मानपकडी गा.वि.स.वडा नं.६ (हाल जिल्ला रुपन्देही सियारी गा.पा.वडा नं.६ लक्ष्मणगंज)	शफी मोहम्मद मुसलमान/गाउले मिया/हसमुल्लाह मुसलमान/ सेक मिया	शफी मोहम्मद मुसलमान
१५	सम्झना चौधरी	जिल्ला रुपन्देही हर्नैया गा.वि.स.वडा नं.२ (हाल जिल्ला रुपन्देही सियारी गा.पा.वडा नं.३ हर्नैया)	पदम प्रसाद चौधरी थारु/जय जय राम चौधरी थारु/ उत्तम राज थारु/लाखे थारु	उत्तम राज थारु
१६	गौरी थारु	जिल्ला रुपन्देही अमुवा गा.वि.स.वडा नं.८ (हाल जिल्ला रुपन्देही सियारी गा.पा.वडा नं.७ गोठवा)	खेम बहादुर थारु/राम किसुन चौधरी/नंदलाल थारु/ राम किसुन चौधरी	खेम बहादुर थारु
१७	सिता राना	जिल्ला रुपन्देही मोतीपुर गा.वि.स.वडा नं.९ (हाल जिल्ला रुपन्देही बुटवल उप.महा.न.पा.वडा नं.१९ मनोहरापुर)	विर वहादुर राना/रोगाही थारु/कुल बहादुर राना/पराग थारु	सन्तोष थारु
१८	ईन्द्रावती कोरी	जिल्ला रुपन्देही कम्हरिया गा.वि.स.वडा नं.४ (हाल जिल्ला रुपन्देही मायादेवी गा.पा.वडा नं.२ हर्नैया)	राम प्रसाद चमार/बुद्धु कोरी/भिखु चमार/सुखु कोरी	राम प्रसाद चमार
१९	मञ्जु थारु	जिल्ला रुपन्देही गंगोलिया गा.वि.स.वडा नं.५ हाल जिल्ला रुपन्देही बुटवल उप.महा.न.पा. वडा नं.१९ मनोहरापुर)	नरेन्द्र चौधरी/चिनक थारु/वद्री प्रसाद चौधरी/रक्तारे थारु	रमेश थारु

शाखा कार्यालयः हनुमाननगर, सप्तरी

२०	बिमल कुमारी राम	जिल्ला सप्तरी मधेपुरा गा.वि.स.वडा नं.७ (हाल जिल्ला सप्तरी तिलाठी कोइलाडी गा.पा.१ पर्साही)	संजय राम/बेचु चमार/तिलक राम मोची/जुडि राम	संजय राम
२१	कैली देवी खंग	जिल्ला सप्तरी हनुमाननगर गा.वि.स.वडा नं.७ (हाल जिल्ला सप्तरी हनुमाननगर कंकालिनी न.पा.७ हनुमाननगर)	दुखी खंग खतवे/कारी खंग खतवे/धुधर खंग/ बबोकाइ खंग	दुखी खंग खतवे
२२	लिलम देवी खंग	जिल्ला सप्तरी हनुमाननगर गा.वि.स.वडा नं.७ (हाल हनुमाननगर कंकालिनी न.पा.७ हनुमाननगर)	बिन्देश्वर खंग/धनिराम खंग खतवे/फुलवर खंग/ बुधन खंग	राजदेव मुखिया
२३	चन्दन प्रसाद शाह	जिल्ला सप्तरी हनुमाननगर गा.वि.स.वडा नं.५ (हाल जिल्ला सप्तरी हनुमाननगर कंकालिनी न.पा.६ हनुमाननगर)	राम गोबिन्द शाह/गंगा शाह/नारायण शाह	कुन्दन कुमार शाह
२४	अमिरका देवी मंडल	जिल्ला सप्तरी मधेपुरा गा.वि.स.वडा नं.७ (हाल तिलाठी कोइलाडी गा.पा.१ पर्साही)	राजेन्द्र मंडल धानुक/नथुन मंडल/छोटकैन मंडल/जितन मंडल	राजेन्द्र मंडल धानुक

सुदूरपश्चिमका मुख्यमन्त्री सोडारीले आज विश्वासको मत लिँदै

एमालेले विश्वासको मत दिने, तत्काल सरकारमा नजाने

धनगढीमा **तेजराज भट्ट**

सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री दीर्घबहादुर सोडारीले बिहीबार प्रदेश सभाबाट विश्वासको मत लिने भएका छन् । मुख्यमन्त्रीले विश्वासको मत लिन बिहीबार बिहान सवा १० बजे प्रदेश सभा बैठक आह्वान गरिएको छ । एकीकृत समाजवादी संसदीय दलका नेता सोडारी एमाले, माओवादी, नागरिक उन्मुक्ति र एकजना स्वतन्त्र सांसदको समर्थनमा गत ६ वैशाखमा मुख्यमन्त्री नियुक्त भएका थिए ।

बुधबार बसेको एमाले संसदीय दलको बैठकले मुख्यमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेको छ । मुख्यमन्त्रीलाई विश्वासको मत दिन एमाले संसदीय दलले आफ्ना सांसदलाई ह्विप जारी गरेको छ । तर, एमाले तत्काल सरकारमा सहभागी हुनेछैन । अर्को निर्णय नहुँदासम्म सरकारमा सहभागी नहुने निर्णय बैठकले गरेको दलका नेता राजेन्द्रसिंह रावलले जानकारी दिए । मुख्यमन्त्री सोडारीले यसअघि २१ र २२ वैशाखमा विश्वासको मत लिने प्रयास गरेका थिए, तर एमाले मत दिन तयार नहुँदा प्रदेश सभाका बैठक स्थगित गरिएको थियो ।

मुख्यमन्त्रीको पक्षमा मत दिने निर्णयका लागि माओवादीले बिहीबार बिहान ८ बजे संसदीय दलको बैठक डाकेको छ । दलको बैठकपछि मुख्यमन्त्रीलाई विश्वासको मत दिन ह्विप जारी गरिने दलका नेता मानबहादुर धामीले बताए । मुख्यमन्त्रीले विश्वासको मत पाएपछि सरकार विस्तारबारे गठबन्धनमा छलफल हुने उनले बताए ।

५३ सदस्यीय प्रदेश सभामा मुख्यमन्त्रीले विश्वासको मत पाउन २७ सदस्यले समर्थनमा मतदान गर्नुपर्छ । सत्तापक्षमा अहिले एमालेका ११, माओवादीका सभामुखबाहेक १०, एकीकृत समाजवादीका चार र स्वतन्त्र सांसद तारा जोशीको समर्थन छ । त्यस्तै, नागरिक उन्मुक्तिका सातमध्ये अध्यक्ष रञ्जिता श्रेष्ठ पक्षका दुईजनाले मुख्यमन्त्रीलाई समर्थन गरेका छन् । उनीहरू दुवैजना प्रदेश सरकारमा मन्त्री छन् । प्रदेश सभामा कांग्रेसका १८ र राप्रपाका एक सांसद छन् ।

गठबन्धनमा रहने कि कांग्रेससँग सहकार्य गर्ने भन्ने विषयमा नागरिक उन्मुक्तिमा दुई पक्षबीच तीव्र मतभेद रहँदै आएको छ । यसअघि नागरिक उन्मुक्तिमा रेशम चौधरी पक्षका बहुमत सांसद कांग्रेस नेतृत्वको सरकारको पक्षमा उभिएका थिए । विवाद बढेपछि अध्यक्ष श्रेष्ठले घनश्याम चौधरीलाई दलको नेताबाट हटाएर कैलाश चौधरीलाई जिम्मेवारी दिएकी थिइन् । त्यसयता दलको नेता कसलाई मान्ने भन्ने विवाद छ ।

तीन महिनादेखि...

पृष्ठ १ बाट क्रमशः

दिइन्थ्यो, जहाँ शौचालयको व्यवस्थासमेत थिएन । कोठाभित्रै बोतलमा पिसाब फेर्ने गरी अमानवीय व्यवहार गरिएको थियो ।

'सुरुमा ४३ जनालाई बिहारका एजेन्टले दैनिक भारु ७२० रुपैयाँ ज्याला हुन्छ भनेर लगेका रहेछन् । प्रतिव्यक्ति सात हजार नेपाली रुपैयाँका दरले सबैलाई पेस्की रकम पनि बाँडेका रहेछन्,' दिल्लीस्थित नेपाली राजदूतावासका काउन्सिलर नेपाल प्रहरीका एसएसपी उमा चतुर्वेदीले टेलिफोनमा भने, 'लगेकै दिनदेखि उनीहरूलाई एक छाक खुवाएर काममा लगाउने, यातना दिने गरेर बन्धक बनाइएको रहेछ ।'

उद्धार गरिएकाहरूले काम गरेको ज्याला पनि पाएका थिएनन् । बन्धक बनाइएका ४३ मध्ये सातजना पहिले नै भागेर फर्किन सफल भएका थिए । एजेन्टका आफन्त पर्ने एक नेपाली बालक कस्मिरमै बसेका छन् । 'जुन रात कस्मिर पुगेका थियौँ, त्यही रात हामीलाई कुटेर मोबाइल, भएजति पैसा र नागरिकतासहितका कागजपत्र खोसेर लगे । अर्को दिन पनि बिहानैदेखि कुट्दै काम लगाउन थाले । राम्रो खान पनि दिएनन् । साइटमा चाहिँ कुनै ठाउँमा खाना पाइन्थ्यो । कुनै ठाउँमा खाना नपाएर भोकै बस्नुपर्थ्यो । एक दुईवटा समोसा, जुस खान दिएर दिनभर काममा दलाउँथे ।' उद्धार गरिएका दिनेश पासवानले भने, 'कोठामा ल्याएपछि फेरि गाली गर्ने, कुट्ने गर्थे । बाहिरबाट चुकुल लगाएर थुनेर राख्थे । खाने, सुत्ने, दिसापिसाब पनि त्यही कोठामै गर्नुपर्थ्यो ।'

उद्धार गरिएका अर्का नेपाली मजदुर रञ्जित चौधरीले आफूहरूलाई ज्यान मार्ने धम्कीसमेत दिएको बताए । 'जम्मु भनेर लगेको, कस्मिर पुर्‍याएछ । राति न ओढ्ने छ, नि बिछ्यौना छ, न खाना छ । भोकभोकै सुत्यौँ । मोबाइल, पैसा, नागरिकता सबै खोस्यो । फर्किन पाउँदैन भन्थ्यो । मार्दिन्छु, सातजना नेपालीलाई त गोली हानेर, बोरामा कसेर फालेको हो भनेर सुनाउँथ्यो । तिमीहरूलाई यहीँ सडाइदिन्छु भन्थ्यो,' उनले भने ।

उद्धारमा खटिएका नयाँदिल्लीस्थित किन इन्डियाका अध्यक्ष नवीन जोशीले पीडितहरूलाई सकुसल गाउँ फर्काएको बताए । 'हामीले १८ वर्षमुनिका पाँचजना बालकसहित ३५ जना नेपालीलाई कस्मिरबाट दिल्ली हुँदै गाउँ फर्काएका छौँ,' उनले टेलिफोनमा भने, 'अत्यन्तै अमानवीय अवस्थामा बन्धक बनाएर उहाँहरूलाई राखिएको रहेछ । नेपाली दूतावास, किन इन्डिया, प्रहरी र अन्य एजेन्सीहरूको समन्वयमा उद्धर गर्न सफल भयौँ ।' उद्धार भएर दिल्ली नल्याउन्जेल उनीहरूलाई प्रहरीले खाने-बस्ने व्यवस्था गरेको थियो । पाल टाँगेर उनीहरूलाई प्रहरी कार्यालयभित्र खाने-बस्ने व्यवस्था मिलाइएको जोशीले बताए ।

जोशीसहित सर्लाहीका सरोज रायलगायतको टोलीले २३ वैशाखमा जम्मु-कस्मिर पुगेर स्थानीय प्रहरीको समन्वयमा बन्धक बनाइएको ठाउँ पत्ता लगाएको थियो । 'उहाँहरूलाई आवश्यक रेकी गरेर २६ वैशाखको बिहानै उद्धार गर्न सफल भयौँ,' जोशीले भने, 'एउटा घरको भुइँतलाका चार कोठामा ४२ जनालाई राखिएको रहेछ । उहाँहरूलाई राति कोठामा थुनेर बाहिरबाट ताल्चा लगाउने रहेछन् । राति बोतलमै पिसाब फेर्नुपर्ने अवस्था रहेछ ।'

उद्धार गरिएका नेपालीले मंगलबार नेपाली दूतावास दिल्लीमा त्यहाँको अवस्थाबारे जानकारी दिएका थिए । 'गएकै दिनदेखि कुट्ने, पिट्ने, एक छाक पनि राम्रोसँग खाना नदिने, खाना खाएका वेलामा गएर एजेन्टहरूले थुकिदिने, राति शौचालय जान पनि नदिने, एउटा कोठाभित्र ४३ जनालाई कोचेर राख्नेजस्ता अमानवीय हर्कत भएको रहेछ,' चतुर्वेदीले भने, 'त्यहाँ पुर्‍याएकै दिन उनीहरूसँग भएको मोबाइल र पैसा एजेन्टहरूले खोसेर राखेछन् । दिनहुँ रक्सी खाएर एजेन्टले नेपाली कामदारलाई पिट्ने, गालीगलौज गर्ने गरेका रहेछन् ।'

सुरुमा एजेन्टहरू सर्लाही, धनुषा र महोत्तरीका सीमावर्ती गाउँ पुगेर जम्मुमा ५० जना कामदार आवश्यक भएको र दैनिक सात सय २० रुपैयाँ भारु (नेपाली ११५२ रुपैयाँ) ज्याला हुने भन्दै आश्वासन दिएका थिए । 'खान र बस्नबाहेक दैनिक त्यति धेरै कमाइ हुने भनेपछि नेपाली मजदुर स्वाभाविक रूपमा लोभिए र जान तयार भए । त्यसमाथि पनि सबैलाई सात हजार रुपैयाँका दरले पेस्की बाँड्न लगाएर एजेन्टहरूले भिडियो खिचेछन्,' किन इन्डियाका अध्यक्ष जोशीले भने । जोशीका अनुसार काममा जाने क्रममा भागेर सातजना नेपाली मजदुर पहिले नै दिल्ली हुँदै स्वदेश आएका थिए । 'उनीहरूले स्थानीय प्रशासन, प्रहरी र नेताहरूलाई जानकारी गराउँदा कुनै पहल भएनछ । अन्तिममा सर्लाहीका सरोज रायलाई यो जानकारी आएपछि उनले परराष्ट्र मन्त्रालयमार्फत दिल्लीस्थित नेपाली दूतावासलाई जानकारी दिए, त्यसपछि हामी पनि यो कार्यमा संलग्न भयौँ,' उनले भने, 'पहिले नै भागेका एकजना कामदारलाई पनि लिएर गयौँ र ठाउँ पत्ता लगाउन सजिलो भयो ।'

उनीहरूलाई बिहान ५ बजेतिर प्रहरीको सहयोगमा उद्धार भएको थियो । 'हामी उद्धारमा जाँदा सबैजना बचाइदिनुस् भन्दै रोइकराइ गर्नुभयो । हामीले उहाँहरूलाई सुरक्षित रूपमा ल्यायौँ,' जोशीले भने । जोशी दिल्लीबाट कस्मिर पुगेर नेपालीहरूलाई उद्धार गरे र उनीहरूलाई बिहार सीमाबाट नेपालतर्फ पठाएर फर्केका छन् ।

अमेरिकी पिस कोरका उपनिर्देशक काठमाडौंमा

काठमाडौं/ अमेरिकी पिस कोरका उपनिर्देशक डेभिड ई ह्वाइट पाँचदिने भ्रमणका क्रममा बुधबार काठमाडौं आइपुगेका छन् । उनले सरकार र नागरिक समाजका प्रतिनिधिसँग भेटवार्ता गर्ने र पिस कोर कार्यक्रमबारे छलफल गर्ने कार्यक्रम रहेको अमेरिकी दूतावासले जनाएको छ ।

उपनिर्देशक ह्वाइटले नेपालमा पिस कोर कार्यक्रम विस्तार गर्ने योजनाबारे छलफल गर्ने कार्यक्रम छ । नेपाल आइपुगेका १० जना पिस कोर रेस्पोन्स स्वयंसेवीको शपथग्रहण समारोहमा उनी सहभागी हुनेछन् । नेपालमा काम गर्न आउने रेस्पोन्स भोलेन्टियरको यो नै पहिलो समूह हो । पिस कोर रेस्पोन्स कार्यक्रमअन्तर्गत अनुभवी अमेरिकी स्वयंसेवकलाई अल्पकालीन (९ देखि १२ महिना) अवधिका, उच्च-प्रभाव दिने खालका काममा सहभागी गराइने दूतावासले जनाएको छ ।

उपनिर्देशक ह्वाइटले हाल नेपालभर कार्यरत स्वयंसेवक र उनीहरूका समकक्षीसँग पनि छलफल गर्ने कार्यक्रम छ । नेपालमा स्वयंसेवकहरू कृषि, शिक्षा र स्वास्थ्यका क्षेत्रमा स्थानीय रूपमा प्राथमिकताप्राप्त परियोजनामा काम गर्दै आएका छन् । 'समुदायसँग प्रभावकारी रूपमा सञ्चार तथा सहकार्य गर्नका निम्ति उनीहरू नेपाली भाषा र अन्य स्थानीय भाषाहरू सिक्छन्,' दूतावासले भनेको छ ।

हाल नेपालका सात जिल्लामा ४० जना पिस कोर स्वयंसेवकहरू कार्यरत छन् । उनीहरूले ग्रामीण समुदायका सरकारी विद्यालयमा अंग्रेजी भाषा पढाउनेदेखि खाद्य तथा पोषण सुरक्षामा काम गरिरहेका छन् । शपथग्रहण गर्न लागेको नयाँ समूहसँगै अब नेपालका आठ जिल्लामा कार्यरत पिस कोर स्वयंसेवकहरूको संख्या ५० पुग्नेछ ।

सन्दीपलाई...

पृष्ठ १ बाट क्रमशः

करार गरिएको थियो । अन्त्यमा हामी यहाँ आइपुगेका छौँ । यो फैसलाको सम्मान गर्छु,' उनले भने । नेपाली क्रिकेटलाई आफूले माथि पुर्‍याउने उनको भनाइ थियो । अदालतअगाडि ठूलो संख्यामा उनका समर्थक भेला भएका थिए । जिल्लाले करणी लेनदेन भएको भन्दै असमान हैसियतमा भएको उक्त कार्यलाई मञ्जुरी मान्न नमिल्ने फैसला गरेको थियो । प्रतिवादी लामिछानेले नै पटक-पटक वादीलाई सम्पर्क गरेको देखिएको भन्दै सामान्य क्रमले हेर्दा प्रतिवादीको मनसाय पीडितसँग करणी गर्नु नै रहेको निष्कर्ष जिल्ला अदालतको थियो । साथै, पीडितले प्रतिवादीलाई फसाउनुपर्ने कारण नरहेको भन्दै घटना भएको ठहर गरेको थियो ।

एसइई दिएकी पीडित र २२ वर्षे लामिछानेबीच उमेर, आर्थिक र पारिवारिक हैसियतलगायतका विविध विषय समान नरहेको फैसलामा थियो । यसरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्याति कमाएका लामिछानेको युवतीसँग थुप्रै विषयमा असमानता रहेको भन्दै यस्तोमा दिइएको मञ्जुरीलाई स्वतन्त्र मान्न नमिल्ने न्यायाधीश ढकालको ठहर थियो । प्रतिकार नगरेको मात्र कारणले करणीमा मञ्जुरी रहेको मान्न नमिल्ने न्यायाधीश ढकालको इजलासले फैसलामा उल्लेख गरेको थियो । एक पक्षबाट भौतिक बल प्रयोग भएमा वा बल प्रयोग गर्ने धम्की दिएको अवस्थामा, अर्को पक्ष अचेत रहेको वा शारीरिक रूपमा अशक्त रहेको अवस्थामा प्रतिकार नगरी समर्पण गर्नुपर्ने अवस्था हुन सक्ने भन्दै यसलाई मञ्जुरी मान्न नमिल्ने फैसलामा थियो ।

क्लोज क्याम्पमा रहेको र भोलिपल्ट विदेश जानुपर्ने लामिछानेले आफूलाई छुट्याइएको हायात प्लेसको कोठामा नबसी राति पीडितलाई होटेलमा लिएर जानु, पीडित बसेको कोठामा बस्नुजस्ता क्रियाकलापले प्रतिवादी लामिछानेको मनसाय नै पीडितसँग करणी गर्नु रहेको अदालतको ठहर छ । 'प्रतिवादी र पीडितका बीचमा स्न्यापच्याटमार्फत चिनजान भएको एक साता पनि भएको देखिँदैन । पीडित र प्रतिवादीबीचमा कुनै किसिमको नाता-सम्बन्ध रहेको देखिँदैन । निजहरू प्रेम सम्बन्धमा रहेको अवस्था पनि देखिँदैन । प्रतिवादी र पीडित प्रत्यक्ष रूपमा घटना हुनुभन्दा अगाडि भेट भएको भन्ने अवस्था पनि देखिँदैन । मिसिल संलग्न कल डिटेल्स रिपोर्ट हेर्दा प्रतिवादी पक्षबाट नै धेरैपटक सम्पर्क गरेको देखिन्छ,' फैसलामा छ ।

महानगरीय प्रहरी वृत्त गौशालामा २१ भदौ २०७८ मा लामिछानेले बलात्कार गरेको भन्दै किटानी जाहेरी परेको थियो । जाहेरीअनुसार ५ भदौ २०७९ मा पीडित भेट्न जाँदा उनलाई नगरकोट लगेको र फर्केर काठमाडौं आउँदा दुवैजना एउटै कोठामा बसेको युवतीको भनाइ थियो । यसै क्रममा लामिछानेले आफूमाथि राति जबर्जस्ती करणी गरेको दाबी पीडितको थियो ।

दुई सातामा...

पृष्ठ १ बाट क्रमशः

आधारमा प्रहरी टोली पक्राउ गर्न गएको थियो । त्यस्तै, गत २७ वैशाखमा ब्युरोको टोलीले बाँकेमा एक कारोबारीलाई गोली प्रहार गरी नियन्त्रणमा लिएको थियो । कोहलपुर नगरपालिका- १२ चप्परगौडी घर भएका २६ वर्षीय सुशील परियारलाई जानकी गाउँपालिका- ६ गनापुरमा पक्राउ गर्ने क्रममा प्रहरीले गोली चलाएको थियो । भाग्न खोजेपछि गोली चलाउनुपरेको प्रहरीको भनाइ छ ।

परियार र स्थानीय २७ वर्षीय शरणबहादुर कार्कीबाट एक सय १४ ग्राम ब्राउनसुगरसमेत बरामद भएको थियो । उनीहरू लामो समयदेखि लागुऔषध कारोबारमा संलग्न रहेको सूचनाका आधारमा ब्युरोको मुख्यालयबाट खटिएको टोली त्यहाँ पुगेको थियो ।

गत १७ वैशाखमा पनि ब्युरोको टोलीले झापामा गोली प्रहार गरेर सरिफुल आलमलाई पक्राउ गरेको थियो । झापा गाउँपालिका- ३ बाट उनलाई नियन्त्रणमा लिइएको थियो । घरभित्रैबाट पक्राउ गर्न खोज्दा खुकुरी र दाउले आक्रमण गरेपछि प्रहरीले उनको खुट्टामा गोली हानेको थियो । उनको साथबाट एक सय १६ ग्राम खैरो हेरोइन बरामद भएको थियो । उनी सो क्षेत्रमा मुख्य लागुऔषध कारोबारी भएको प्रहरी दाबी छ ।

ब्युरोका एसएसपी गोविन्दप्रसाद थपलियाले लागुऔषधका मुख्य कारोबारीविरुद्धको कारबाहीमा प्रहरीले तीव्रता दिएको बताए । पछिल्ला तीनै घटनामा गोली चलाउनैपर्ने अवस्था रहेको उनको भनाइ छ । 'मोरङमा त हाम्रा असइ घाइतेसमेत भएका छन्,' उनले भने, 'गोली लागेर घाइते भएका सबै पेसेवेर कारोबारी हुन् ।'

ब्युरोका एक अधिकारीले खुला सीमाका कारण लागुऔषध कारोबार नियन्त्रणमा समस्या भएपछि प्रहरी आक्रामक बनेको बताए । ती अधिकारी भन्छन्, 'लागुऔषध कारोबारीमाथि निर्मम हुने रणनीति कार्यान्वयनमा लगिएको हो ।'

जसपा...

पृष्ठ १ बाट क्रमशः

रिटमा सर्वोच्चको एकल इजलासले विपक्षीहरूका नाममा कारण देखाऊ आदेशसमेत जारी गरेको छ । अदालतले निर्वाचन आयोगले दल दर्ता गरेको निर्णय तत्काल यथास्थितिमा राख्न र थप निर्णय नगर्न आदेश दिँदै अन्तरिम आदेश दिने-नदिने सम्बन्धमा छलफलका लागि दुवै पक्षलाई ८ जेठको पेसी दिइएको छ । यसबीचमा यादव नेतृत्वको जसपा सरकारबाट बाहिरिएको छ भने अशोक राई नेतृत्वको जसपा सरकारमा सहभागी भएको छ । यिनै घटनाक्रमका बीच न्यायाधीश विनोद शर्माको एकल इजलासले निर्वाचन आयोगसँगसमेत छलफल गरी निष्कर्षमा पुग्न मनासिब हुने भन्दै तत्काल यथास्थितिमा राख्न भनेको हो । '...निर्वाचन आयोगको बैठक संख्या १२/२०८१ मिति २०८१/०१/२४ को बैठकको प्रस्ताव नं. ३० मा भएका विभिन्न निर्णयहरूमध्ये कतिपय कार्यान्वयन भइसकेका र कतिपय कार्यान्वयनको प्रक्रियामा रहेका भन्ने देखिन आई उक्त विषयमा प्रत्यर्थी निर्वाचन आयोगसँगसमेत छलफल गरी निष्कर्षमा पुग्न मनासिब देखिएकाले उल्लेखित मिति २०८१/०१/२४ को बैठकबाट भएका निर्णयहरू र सोका आधारमा भएका कामकारबाहीहरू जहाँ जेजस्तो अवस्थामा छन् सोही अवस्थामा यथास्थितिमा राखी २०८१/०२/०८ मा छलफलका लागि उपस्थित हुनू' अदालतको आदेशमा छ ।

जसपाका सात सांसदले पार्टीलाई विभाजन गर्दै नयाँ दल दर्ताका लागि आयोगमा निवेदन दिएका थिए । अशोक राई नेतृत्वको नयाँ दल जसपालाई २४ वैशाखमा आयोगले दल दर्ताको प्रमाणपत्र दिएपछि यादवले सर्वोच्च गुहारेका हुन् । हाल संघीय संसद्मा यादव नेतृत्वको जसपा नेपाल पाँच र राई नेतृत्वको जसपाका सात सांसद छन् । राष्ट्रिय सभामा जसपाका तीन सदस्य छन् ।

निष्क्रिय भइसकेको राजनीतिक दलसम्बन्धी अध्यादेशका आधारमा नयाँ दललाई वैधानिकता दिइएको निर्णय बदरको माग रिटमा गरिएको छ । सांसदहरू अशोककुमार राई, राजेन्द्र श्रेष्ठ, नवलकिशोर साह सुडी, वीरेन्द्र महतो, रञ्जु ठाकुर झा र हसिना खानले अवैधानिक रूपमा दल दर्ता गरेको दाबी रिटमा छ । 'प्रचलनमा नै नरहेको कानुनअनुसार छुट्टै नयाँ दल दर्ताको लागि आफूसमक्ष निवेदन परेको अवस्थामा, कानुनी प्रावधानविपरीत निवेदन परेको अवस्थामा दल दर्ता गर्न नमिल्ने भनी विपक्ष निर्वाचन आयोगबाट निर्णय हुनुपर्नेमा निवेदन दर्ता भएको २४ घन्टा पनि नबित्दै मिति २०८१/०१/२४ गते गैरकानुनी मागको आधारमा छुट्टै नयाँ दल दर्ता गर्ने गरी निर्णय भएको रहेछ,' रिटमा छ ।

अधिकृत वारिसनामा बदर गरेको सूचना

लिखितम् अधिकृत वारिस दिने हर्क बहादुर प्रधानको नाति नर बहादुर प्रधानको छोरा काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १७ स्थायी ठेगाना भई हाल ऐ.ऐ. वडा नं. ८ नन्दीश्वर मार्ग अस्थायी बसोवास गर्ने वर्ष ६७ को रत्न बहादुर प्रधान (ना.प्र. नं. २७१०६०/९१०९० जारी मिति २०६८/१०/२९ जि.प्र.का. काठमाडौं) आगे म रत्न बहादुर प्रधान र प्रतिवादी राधिका प्रधान उप्रेती भई श्री काठमाडौं जिल्ला अदालतमा चलेको अंश चलन मुद्दा (मुद्दा नं. ०७७-cp-४२९९) मा श्री काठमाडौं जिल्ला अदालतबाट मिति २०८०/०७/२० मा आंशिक दाबी पुग्ने ठहरी फैसला भएकोमा उक्त मुद्दामा मेरो नामबाट जारी हुन सक्ने म्याद बुझी लिन सम्बन्धित अदालतमा पुनरावेदन पत्र, लिखित जवाफ, निवेदन-पत्र दर्ता, मिलापत्र गर्न, फैसला कार्यान्वयन गर्न, तारिखमा रही मुद्दाको पुर्पक्ष गर्न र न्यायिक/अर्धन्यायिक निकायमा उपस्थित भई अन्तिम किनारासम्मको र मुद्दाको सम्पूर्ण कार्य गर्नको लागि शोभ प्रसाद अधिकारीको नाति शान्त प्रसाद (अधिकारी) को छोरा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २३ बस्ने वर्ष ४१ को संजय अधिकारी (ना.प्र. नं. २६४३ जारी मिति २०५५/०५/२२ जि.प्र.का. काठमाडौं) लाई श्री काठमाडौं जिल्ला अदालतको माननीय जिल्ला न्यायाधीशज्यूको रोहवरमा सहीछाप गरी माननीय न्यायाधीशज्यूबाट अधिकृत वारिसनामा प्रमाणित गराई तपाई अधिकृत वारिस संजय अधिकारीलाई मिति २०८० साल मंसिर ०५ गते मंगलबारको दिन वारिसनामा मुकरर गरेकोमा उक्त वारिसनामाको औचित्य नभएकोले मुलुकी देवानी कार्यविधि संहिताको दफा १५५ (१) (ग) बमोजिम आजैका मितिदेखि अधिकृत वारिसनामा बदर गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

नबिल बैंक लिमिटेड, धुम्बाराही शाखा, काठमाडौं तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति : २०८१/०२/०३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

तपसिल

ऋणीको नाम र ठेगानाको विवरण

कृपाराम सिंह बुढाथोकीको नाति सिताराम सिंह बुढाथोकीको छोरा सिरहा जिल्ला रा. मिर्चैया गा.बि.स वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला कर्जन्हा न.पा वडा नं. २ बस्ने, ना.प्र.नं. ९०६ (जारी मितिः २०५३/११/२०, स्थान सिरहा) भएका **हेमन्त कुमार सिंह ।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

सुनर साहु तेलीकी छोरी सिताराम सिंह बुढाथोकीकी बुहारी, हेमन्त कुमार सिंहकी श्रीमती, सिरहा जिल्ला मिर्चैया गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला कर्जन्हा न.पा वडा नं. २ बस्ने,ना.प्र.नं. १८७४ (जारी मितिः २०५४/११/११, स्थान सिरहा) भएकी **श्रीमती रामेश्वरी सिंह ।**

धितोको विवरण

धितोमा रहेको घर/जग्गाको विवरण:
सिरहा जिल्ला मिर्चैया गा.वि.स वडा नं. ४ स्थायी घर भई हाल सिरहा जिल्ला कर्जन्हा न.पा वडा नं. २ बस्ने **श्रीमती रामेश्वरी सिंह**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिरहा जिल्ला, लवटोली गा.वि.स वडा नं. ५क मा अवस्थित कि.नं. ३०९५ र ३०९४ क्षेत्रफल ०-०-२-१४¾ र ०-०-०-१० विगाहा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
धितोमा रहेको सवारी साधनको विवरण:
हेमन्त कुमार सिंह र धनी यस बैंक समेत भएको सवारी साधन दर्ता नं. ना ८ ख २४१३ भएको Tata Truck.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

NIC ASIA
एन आई सी एशिया बैंक लि.

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण बापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानुन तथा यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । साथै तपसिलमा रहेको धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशनमा रहेको व्यवस्था बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गरी बाँकी रहेको कर्जा असुल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानुन अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**पुनम देवी मेहता** स्थायी ठेगाना : सुनसरी जिल्ला, भोक्राहा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा वडा नं. १ बाबु : बाबुराम महतो कोइरी ससुरा : शिवचरण मेहता पति : विष्णु प्रसाद मेहता	रवि महतोको नाति, हनुमानी महतोको छोरा, सुनसरी जिल्ला, भोक्राहा गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा वडा नं. १ बस्ने श्री शिवचरण मेहताको नाममा भुमिसुधार तथा मालपोत कार्यालय इनरुवा, सुनसरीको लगतमा दर्ता कायम रहेको सुनसरी जिल्ला, भोक्राहा गा.वि.स. वडा नं. ८ ङ स्थित कित्ता नं. १२३८ को क्षेत्रफल ०-१-१८ (विगाहा) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) विष्णु प्रसाद मेहता	२) शिवचरण मेहता	३) श्रीमति लक्ष्मी देवि महतो
स्थायी ठेगाना : सुनसरी जिल्ला, भोक्राहा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा वडा नं. १ बाबु : शिवचरण मेहता बाजे : हनुमानी महतो	स्थायी ठेगाना : सुनसरी जिल्ला, भोक्राहा गा.वि.स. वडा नं. ३ हालको ठेगाना : सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा वडा नं. १ बाबु : हनुमानी महतो बाजे : रवि महतो	स्थायी ठेगाना : सुनसरी जिल्ला, भोक्राहा गा.प. वडा नं. १ हालको ठेगाना : सुनसरी जिल्ला, भोक्राहा नरसिंह गा.पा वडा नं. १ बाबु : वच्चा महतो ससुरा : हनुमानी महतो पतिः शिवचरण मेहता

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
२)	**विजय योञ्जन** स्थायी ठेगाना: सिन्धुपाल्चोक जिल्ला, लिसंखु पाखर गा.पा वडा नं २ हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बौद्ध बाबु: नोर्वु ग्याम्छो लामा बाजे: पद्‌मा घ्यान्छन लामा	**प्रमिला वाइवा** स्थायी ठेगाना : सर्लाही जिल्ला, अर्नौली गा.वि.स वडा नं ९ हालको ठेगाना : काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ६, बौद्ध बाबु : लुंगुदोर्जे वाइवा ससुरा : नोर्वु ग्याम्छो लामा पति : विजय योञ्जन

क्र.सं.	ऋणीको विवरण
३)	**सुमन थापा क्षेत्री** स्थायी ठेगाना : नवलपरासी जिल्ला, कुमारवर्ती गा.वि.स. वडा नं. ८ हालको ठेगाना : ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. २५, भैंसेपाटी बाबु : मोहन बहादुर थापा क्षेत्री बाजे : क्षेत्र बहादुर थापा क्षेत्री

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
४)	**केशर बहादुर लामा** स्थायी ठेगाना : नुवाकोट जिल्ला, ककनी गा.पा. वडा नं. ६ हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११ बाबु : मान बहादुर लामा बाजे : कामी सिंह	कामी सिंहको नाति, मान बहादुरको छोरा, नुवाकोट जिल्ला, ककनी गा.पा. वडा नं. ६ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११ बस्ने केशर बहादुर लामाको नाममा मालपोत कार्यालय नुवाकोटको लगतमा दर्ता कायम रहेको नुवाकोट जिल्ला, मदानपुर गा.वि.स. वडा नं. ८ (हाल ककनी गा.पा. वडा नं. ६) स्थित कित्ता नं. २२३२ को क्षेत्रफल ६-५-०-३.५ (रोपनी) को जग्गा तथा सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।

जमानीकर्ताहरुको विवरण

१) कमला लामा	२) प्रजिन लामा
स्थायी ठेगाना : नुवाकोट जिल्ला, मदानपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११ बाबु : काले बहादुर लामा ससुरा : मान बहादुर लामा पति : केशर बहादुर लामा	स्थायी ठेगाना : नुवाकोट जिल्ला, मदानपुर गा.वि.स. वडा नं. ८ हालको ठेगाना : काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ११ बाबु : केशर बहादुर लामा बाजे : मान बहादुर लामा

नोटः ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०
बिहीबार ३ जेठ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

भिडेरै ओलम्पिक पुगे स्यान्टु

दक्षिण एसियाली छनोट प्रतियोगिताको फाइनलमा नेपालकै संयोग कपालीलाई पराजित गर्दै स्यान्टु श्रेष्ठ

पेरिस ओलम्पिकमा छनोट, छनोटबाट सीधै ओलम्पिक खेल्ने नेपालका तेस्रो खेलाडी





पेरिस ओलम्पिक- २०२४ छनोटको फाइनलमा संयोग कपालीविरुद्ध अंक जोडेपछि खुसी मनाउँदै स्यान्टु श्रेष्ठ (बायाँ), छनोटपछि उनलाई बधाई दिँदै खेलकुदमन्त्री विराजभक्त श्रेष्ठलगायत पदाधिकारी। तस्बिर : **दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

टेबुलटेनिस खेलाडी स्यान्टु श्रेष्ठ पेरिस ओलम्पिक-२०२४ का लागि छनोट भएका छन्। दक्षिण एसियाली छनोट प्रतियोगिताको पुरुष एकलतर्फको लैनचौरस्थित टेबुलटेनिस हलमा बुधबार भएको फाइनलमा स्यान्टुले नेपालका संयोग कपालीलाई ४-३ सेटले पराजित गरे। स्यान्टु नेपालको टेबुलटेनिस इतिहासमा ओलम्पिक खेल्ने पहिलो खेलाडी हुन्।

पहिलोपटक नेपालमै आयोजना भएको छनोटमा संयोगलाई पराजित गर्दै छनोट भएपछि स्यान्टु कोर्टमै भावुक बनेका थिए। उनले यस उपलब्धिलाई कहिल्यै नसोचेको प्रतिक्रिया दिएका छन्। 'यो दिन आउँछ भनेर सोचेकै थिइनँ,' उनले भने, 'दक्षिण एसियाली स्तरसम्म आउँछु भन्ने थियो। तर, ओलम्पिक नै खेल्छु भनेर कहिल्यै सोचिनँ,' स्यान्टुले भने।

छनोट प्रतियोगिता खेल्न उनी अस्ट्रेलियाबाट नेपाल आएका हुन्। यसअघि सेमिफाइलनमा स्यान्टुले श्रीलंकाका चमिरा गिनिगे र संयोगले श्रीलंकाकै जयसनका डी सिल्भालाई पराजित गर्दै फाइनल भेट पक्का गरेका थिए। महिलातर्फ माल्दिभ्सकी धिमा फतिमा अलीले ओलम्पिकमा स्थान बनाइन्। उनी माल्दिभ्सको इतिहासमा टेबुलटेनिसबाट ओलिम्पकमा स्थान बनाउने पहिलो खेलाडी बनेकी छिन्।

छनोटमा नेपालकी इभाना थापा सेमिफाइनलबाट बाहिरिन् भने नविता श्रेष्ठ क्वार्टरफाइनलबाट माथि बढ्न सकिनन्। दक्षिण एसियाबाट भारतले सीधै स्थान बनाएपछि नेपाल, पाकिस्तान, माल्दिभ्स, पाकिस्तान र श्रीलंकाले छनोट खेलेका हुन्।

भविष्य नदेखेपछि अस्ट्रेलिया पुगेका थिए

नेपालमा खेलेर जीवनयापन गर्न सक्ने अवस्था नदेखेपछि स्यान्टु गत वर्ष अस्ट्रेलिया पुगेका थिए। घरपरिवार र टेबुलटेनिस संघकै सहमतिमा उनी अस्ट्रेलिया पुगेका हुन्। जहाँ उनले पढाइ, काम र खेललाई सँगै बढाएका थिए। 'पढाइ र भविष्यको खोजीमा अस्ट्रेलिया गएको थिएँ। परिवार र संघको साथ थियो। प्रतियोगिता हुने भनेपछि संघमा निरन्तर छलफलमै थिएँ। त्यसपछि नेपाल आएको हुँ,' स्यान्टुले भने। स्यान्टुले पेरिस ओलम्पिक छनोटको तयारीबारे योजना बनाउने बताएका छन्। उनले संघसँग सहकार्य गरेर नेपालमै बसेर प्रशिक्षण गर्ने पनि प्रस्ट पारेका छन्। 'ओलम्पिक तयारीका विषयमा संघसँग सहकार्य गर्छु। नेपालभन्दा बाहिर नै प्रशिक्षण गर्नुपर्छ जस्तो लाग्छ,' उनले भने। स्यान्टुले पेरिस ओलम्पिकपछि पनि भविष्य सुनिश्चित नदेखे अस्ट्रेलिया नै जाने बताएका छन्। स्यान्टु ०७३ मा विराटनगरमा भएको सातौँ राष्ट्रिय खेलकुदबाट चर्चामा आएका थिए। त्यसपछि राष्ट्रिय च्याम्पियनसिप, आठौँ राष्ट्रिय खेलकुदसहित अन्य प्रतियोगितामा स्यान्टु नेपालको नम्बर एक नै रहेका थिए। २०१९ डिसेम्बरमा नेपालमै आयोजना भएको १३औँ दक्षिण एसियाली खेलकुद (साग)मा कीर्तिमानी प्रदर्शन गर्दै उनले एक रजत र तीन कांस्यसहित चार पदक जितेका थिए।

यो नतिजा सोचेको थिइनँ

स्यान्टु श्रेष्ठ, खेलाडी, टेबुलटेनिस

ओलम्पिकमा छनोट हुनेबित्तिकै भावुक भएँ। यो मेरो र टेबुलटेनिसका लागि ऐतिहासिक दिन थियो। विश्वको सबैभन्दा ठूलो गेम खेल्ने हरेक खेलाडीको सपना हुन्छ। मेरो पनि त्यो सपना पूरा भएको छ। धेरै खुसी छु। फाइनलमा दुवै नेपाली हुँदा खुसी थियौँ, तर व्यक्तिगत प्रदर्शन त देखाउनु नै थियो। त्यसमा सफल भएँ। यो दिन आउँछ भनेर सोचेकै थिइनँ। टेबुलटेनिसमा हामीलाई यस्तो अवसर नै आएको थिएन। जब दक्षिण एसियाली छनोट हुने थाहा पाएँ, त्यसपछि ओलम्पिक खेल्छु भन्ने अठोट राखेको थिएँ।

नेपाली खेलाडीको रोमाञ्चक फाइनल भिडन्त

चारपटकका नेपाल नम्बर वान स्यान्टु र तेस्रो नम्बरमा रहेका ओलम्पिक छात्रवृत्ति प्राप्त संयोगबीचको फाइनल प्रतिस्पर्धा रोमाञ्चक बनेको थियो। दुई नेपाली खेलाडीको उपाधि भिडन्तमा प्रशिक्षक मोहनदास वासुकला प्राविधिक क्षेत्रमा बसेनन्। फाइनलअघि नै एक नेपाली खेलाडी पेरिस ओलम्पिकमा छनोट भएपछि प्रशिक्षक वासुकलाले प्यारापिटमै बसेर समर्थकसँगै रमाइलो मान्दै खेलाडीको प्रदर्शन हेरे। उपाधिका लागि निर्णायक सात सेट नै खेलिएको थियो। 'फाइनलअघि नै एक खेलाडी छनोट भइसकेका थिए। त्यसैले दबाबमा थिइनँ। दुवैलाई आफ्नो खेल खेल्न सुझाव दिएको थिएँ,' प्रशिक्षक वासुकलाले भने।

स्यान्टुले पहिलो सेटबाटै अग्रता बनाएका थिए। पहिलो सेटमा ११-७ को जित निकाल्न सफल हुँदा दोस्रो सेट ११-८ ले जित्दै संयोगले खेल १-१ को बराबरीमा ल्याएका हुन्।

दोस्रो सेटमा ७-७ को बराबरीपछि स्यान्टुले अग्रता बनाएका थिए। तर, संयोगले पुनः लय कायम राख्दै खेल २-२ को बराबरीमा ल्याए। तेस्रो सेटमा पुनः स्यान्टुले ११-७ को जित निकाल्दै संयोगलाई दबाबमा राखेका थिए। चौथो सेटमा पनि स्यान्टुले एकोहोरो दबदबा कायम राख्दै खेल ११-७ ले जितेर सेटमा ३-१ को अग्रता बनाएका हुन्। जित्नैपर्ने पाँचौँ सेटमा संयोगले ११-८ को नतिजा निकाल्दै खेल ३-२ मा झारे।

छैटौँ सेटमा संयमित भएका संयोगले पुनः ११-८ को जित निकाल्दै सेट ३-३ को बराबरीमा ल्याएका हुन्। निर्णायक सेटमा भने स्यान्टुले ११-९ को जित निकाल्दै आफू अझै नेपालको नम्बर एक रहेको प्रमाणित गरे।

'संयोग मभन्दा जुनियर हो। निकै राम्रो खेल भयो,' स्यान्टुले भने, 'अस्ट्रेलियामा कलेज, कामसँगसँगै दक्षिण कोरियाली खेलाडीसँग अभ्यास गर्ने गरेको थिएँ। त्यसको नतिजा आज निस्केको छ।'

सीधै ओलम्पिक खेल्ने तेस्रा खेलाडी

नेपाली खेलकुद इतिहासमा स्यान्टु सीधै ओलम्पिक खेल्ने तेस्रा खेलाडी बनेका छन्। 'ओलम्पिक खेल्छु भनेर सोचेकै थिइनँ,' स्यान्टुले भने। यसअघि नेपालबाट तेक्वान्दोकी संगीना वैद्य र दीपक विष्टले मात्र छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए। संगिनाले २००४ को एथेन्स र दीपकले २००८ को बेइजिङ ओलम्पिक खेलेका हुन्। पेरिस ओलम्पिकका लागि ब्याडमिन्टनमा प्रिन्स दाहाल युनिभर्सल कोटाबाट छनोट भएका छन्। यस्तै, पारा ओलम्पिकमा तेक्वान्दोकी पेलेसा गोवर्द्धन पनि छनोट भएकी छिन्।

खेल संक्षेप

अटोक्रस च्याम्पियन हुने

काठमाडौं/ नेपाल मोटर स्पोर्टस् एन्ड रोड सेफ्टी फेडेरेसन (एनएफआरएफ)ले विश्व पर्यावरण दिवसका अवसरमा कार च्याली र राष्ट्रिय अटोक्रस च्याम्पियनसिप आयोजना गर्ने भएको छ। बुधबार पत्रकार सममेलन गर्दै ललितपुरदेखि चन्द्रागिरि सम्पदामा रेस हुन लागेको हो। च्याली ललितपुरको जावलाखेल मैदानबाट सुरु हुनेछ। ललितपुरको विभिन्न पुरातात्त्विक सम्पदा स्थल, स्वयम्भू स्तुपा र कीर्तिपुर सहरको पुरातत्त्विक सम्पदामा घुम्दै मातातीर्थमा पुगेर समापन हुनेछ। कार्यक्रममा समय-गति-दूरी (टिएसडी) च्याली र अटोक्रस गरी दुई रोमाञ्चक खण्ड हुनेछ। टिएसडी च्यालीमा चालकहरूले तोकिएको गति, चालमा गाडी चलाउनुपर्नेछ। टिएसडीको आधारमा चालकहरूले प्रतिस्पर्धा गर्नेछन्। सबैभन्दा सटीक प्रतिस्पर्धीलाई पहिलो, दोस्रो, र तेस्रो स्थानमा पुरस्कृत गरिनेछ। सबै गाडी जिपिएस मेसिनले ट्र्याकिङ गरिनेछ। अटोक्रोस खण्ड मातातीर्थमा हुनेछ। अटोक्रसमा भाग लिने गाडीको श्रेणी १०००-१६०० सिसी हुनेछ। यस प्रतियोगितामा अधिकतम २५ गाडी रहनेछन्। प्रत्येकमा चालक र एक नेभिगेटर हुनेछन्।

प्रिन्सलाई खेल सामग्री

काठमाडौं/ पेरिस ओलम्पिकको तयारीका लागि ब्याडमिन्टनका प्रिन्स दाहाललाई बुधबार राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले खेल सामग्री प्रदान गरेको छ। राखेपका सदस्यसचिव टंकलाल घिसिङले ब्याडमिन्टनका मुख्य प्रशिक्षक सुदीप योञ्जनको उपस्थितिमा प्रिन्सलाई खेल सामग्री च्याकेट, स्ट्रिङ, जुत्ता र ब्याग प्रदान गरेका हुन्। सदस्यसचिव घिसिङले खेल सामग्री प्रदान गर्नुअघि माग गरेअनुसारको गुणस्तरको छ कि छैन यकिन गर्न बनेका थिए। प्रिन्स युनिभर्सल कोटाबाट पेरिस ओलम्पिकका लागि छनोट भएका हुन्। कुनै पनि ग्रीष्मकालीन ओलम्पिकका लागि नेपाली ब्याडमिन्टन खेलाडीले सहभागिता जनाउन लागेको यो पहिलो अवसर हो।

जुडो कार्यसमितिलाई बधाई

काठमाडौं/ राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्यसचिव टंकलाल घिसिङले नेपाल जुडो संघका नवनिर्वाचित केन्द्रीय कार्यसमितिका पदाधिकारीलाई बधाई दिएका छन्। त्रिपुरेश्वरस्थित आफ्नै कार्यकक्षमा पदाधिकारीसँग भएको भेटमा सदस्यसचिव घिसिङले नवनिर्वाचित पदाधिकारीलाई बधाई दिँदै सफल कार्यकालका लागि शुभकामना दिए। उनले वर्तमान कार्यसमितिले जुडो संघलाई अझ मजबुत बनाएर लाने विश्वास व्यक्त गर्दै जुडो खेलप्रति आकर्षण जगाउन व्यापक प्रचारप्रसार गर्नुपर्ने आवश्यकता औंल्याएका थिए। ३१ वैशाखमा सम्पन्न जुडो संघको छैटौं केन्द्रीय चुनावी साधारण सभाले दीपकहर्ष बज्राचार्यको अध्यक्षतामा १५ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरेको थियो। धर्मशिला चापागाईं वरिष्ठ उपाध्यक्ष, रमेश महर्जन, हेमराज भण्डारी, सुरजकाजी डोटेल र गंगा खड्का उपाध्यक्ष, प्रकाशचन्द्र पाण्डे महासचिव, पवनकुमार बानियाँ सचिव तथा प्रमोदप्रसाद नेपाल कोषाध्यक्षमा निर्वाचित भएका थिए। राजन रोकाय, सुनिता बोहरा, तुलबहादुर थापामगर, दीपक विष्ट, सविन मोक्तान र प्रकाश सारूमगर सदस्यमा चयन भएका थिए।

क्लबस्तरीय भलिबल सुरु

कास्की/ जनकल्याण पोखरा-११ ले नेपाल लोकतान्त्रिक खेलकुद संघ कास्कीको आयोजनामा बुधबारदेखि पोखरामा सुरु प्रथम क्लबस्तरीय पुरुष भलिबल प्रतियोगितामा विजयी सुरुवात गरेको छ। उद्घाटन खेलमा जनकल्याणले माछापुच्छ्रे गाउँपालिका भलिबल संघलाई २-१ को सेटमा पराजित गदै प्रतियोगितामा सुखद सुरुवात गरेको हो। जनकल्याणले पहिलो सेट २५-१५ ले आफनो पक्षमा पार्दा दोस्रो सेट १७-२५ ले गुमाएको थियो भने तेस्रो २६-२४ ले आफ्नो पक्षमा पारेको हो। लिगकम नकआउटका आधारमा सञ्चालन गरिएको प्रतियोगितामा नौ टिमको सहभागिता छ।

एपिएफ एक खेलअघि नै फाइनलमा



नयाँ पत्रिका

साबिक विजेता विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लबले एक खेलअघि नै ललितपुर मेयर कप राष्ट्रिय महिला टी-२० क्रिकेट प्रतियोगिताको फाइनलमा स्थान बनाएको छ। बुधबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा एपिएफले आयोजक ललितपुर मेयर-११ विरुद्ध आठ विकेटको सहज जित निकाल्यो। एपिएफको जितमा कप्तान सीता रानामगरले ५० रन बनाउनुका साथै एक विकेट लिइन्। एपिएफले आफ्नो अपराजित यात्रालाई तेस्रो खेलमा पुऱ्याएको छ। जितसँगै तीन खेलमा ६ अंक जोडेको एपिएफ शीर्ष स्थानमा छ। पराजित ललितपुरको समान खेलबाट २ अंक छ।

सुरुवाती ब्याटिङ गरेको ललितपुरले पाँच विकेट गुमाउँदै २० ओभरमा ७२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा एपिएफले ९.५ ओभरमा दुई विकेट गुमाउँदै जित निकालेको हो। कप्तान तथा ओपनर सीताले ३५ बलमा आठ चौकाको मद्दतले सर्वाधिक ५० रन बनाइन्। अर्की ओपनर ममता चौधरीले १६ रन बनाएकी हुन्। पहिलो विकेटका लागि सीता र पूजाले ७० रनको साझेदारी गरेपछि एपिएफ सहज जित निकाल्न सफल भएको हो। ललितपुरका लागि दुवै विकेट कृतिका मरासिनीले लिइन्।

यसअघि टस जितेर ब्याटिङ गरेको ललितपुरका लागि कप्तान तथा ओपनर पूजा महतोले सर्वाधिक २४ रन बनाइन्। ज्योत्स्निका मरासिनीले २१ रनको योगदान गरिन्। अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। एपिएफकी रेखा रावल र सीताले समान एक विकेट लिए। अब, फाइनल पुग्ने एक टोलीको टुंगो लाग्न बाँकी छ। सुदूरपश्चिम प्रदेशको सम्भावना बलियो रहँदा लुम्बिनी र बागमतीको सम्भावना पनि कायमै छ। कोशी भने उपाधिबाट बाहिरिसकेको छ।

बागमतीको पहिलो जित, कोशी जितविहीन

बागमती प्रदेशले तेस्रो खेलमा आएर पहिलो जित निकालेको छ। बागमतीले कोशी प्रदेशविरुद्ध आठ विकेटको जित निकाल्यो। जितसँगै बागमतीले तीन खेलमा २ अंक जोडेको छ। तीनै खेलमा पराजित कोशी अंकविहीन छ।

वर्षाले प्रभावित १३ ओभरको खेलमा टस हारेर ब्याटिङ गरेको कोशीले ६ विकेट गुमाउँदै ६४ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा बागमतीले ११.२ ओभरमा दुई विकेट गुमाउँदै जित निकालेको हो। बागमतीका लागि यशु पाण्डेले सर्वाधिक २६ रन बनाइन्। कञ्चन श्रेष्ठ र खुसी डंगोलले समान ११ तथा हेलिसा गुरुङले १० रन बनाइन्। कोशीका लागि हिरनमायी रोय र कप्तान अप्सरी वेगमले समान एक विकेट लिए।

कोशीका लागि अप्सरी वेगमले सर्वाधिक ३५ रन बनाइन्। त्यसबाहेक अन्य ब्याटरले दोहोरो अंकमा रन जोड्न सकेनन्। बागमतीका लागि खुसी डंगोल र मनीषा उपाध्यायले समान दुई विकेट लिए।

आयुष र एरिकलाई बाहिर राख्दै प्रारम्भिक टिम घोषणा

नयाँ पत्रिका

युवा मिडफिल्डर आयुष घलान र एरिक विष्टलाई बाहिर राख्दै प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले नेपाली राष्ट्रिय फुटबल टोलीको प्रारम्भिक घोषणा गरेका छन्। फिफा विश्वकप- २०२६ अन्तर्गत समूह 'एच'मा नेपाल र युएईबीच २४ जेठमा खेल हुँदै छ।

खेलका लागि प्रशिक्षक एनेसले मंगलबार २८ खेलाडीलाई प्रशिक्षणमा बोलाएका हुन्। उनले उत्कृष्ट प्रदर्शन गर्दै आएका आयुष र एरिकसँगै गोलकिपर दीप कार्की, मिडफिल्डर सुरजजिउ ठकुरीलाई टोलीमा समावेश गरेका छैनन्। अधिकांश इंग्ल्यान्ड भ्रमणमा पुगेका नै टोलीमा समावेश छन्। घाइते भएपछि इंग्ल्यान्ड भ्रमणमा नरहेका रक्षक अनन्त तामाङ र मिडफिल्डर रोहन कार्कीलाई बोलाइएको छ।

विभागीय टोली त्रिभुवन आर्मी क्लबका वसन्त जिम्बाले पहिलोपटक क्याम्पमा स्थान बनाएका छन्। टोलीले बिहीबारबाट प्रशिक्षण सुरु गर्ने व्यवस्थापक उत्तम भण्डारीले बताए। गोलकिपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र सन्तोष महत छन्। रक्षकमा



आयुष घलान

एरिक विष्ट

मिडफिल्डर आयुष घलान र एरिक विष्टसहित सुरजजिउ ठकुरी तथा गोलकिपर दीप कार्कीलाई बाहिर राख्दै प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले वसन्त जिम्बालाई पहिलोपटक क्याम्पमा बोलाए

अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई, अजय चौधरी र योगेश गुरुङले निरन्तरता पाए। मिडफिल्डरमा भरत खवास, लाकेन लिम्बू, मणिकुमार लामा, मनीष डाँगी, वसन्त, फत्तेमान घले, रोहन कार्की र सुमित श्रेष्ठले पनि स्थान पाएका छन्। अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पेजंग कार्की, हिसुब थपलिया, समीर तामाङ र सञ्जीव विष्टले पनि निरन्तर टोलीमा स्थान बनाएका छन्। नेपालले दशरथ रंगशालामा खेल्नुपर्ने भए पनि मापदण्ड नपुगेपछि खेल न्युट्रल भेन्युमा हुने भएको छ।

दोस्रो चरणमा नेपालसहित युएई, यमन, बहराइन छन्। नेपाल लगातार चार खेलमा पराजित हुँदै विश्वकपमा स्थान बनाउन असफल भइसकेको छ। नेपालले खेलेको चारमध्ये एक खेल मात्रै दशरथ रंगशालामा खेलेको छ। एक होम म्याच बहराइनमा खेलिँदा दुई खेल युएई र बहराइनमा नै भएका हुन्। पहिलो खेलमा नेपाल युएईसँग ४-० ले पराजित भएको थियो। दोस्रो खेलमा यमन तथा तेस्रो र चौथो खेलमा बहराइनसँग पराजित भएको हो। हालसम्म नेपालले चार खेलमा १४ गोल व्यहोरेको छ।

समूहमा चारमा चार खेल जितेको युएई १२ अंकसहित शीर्ष स्थानमा रहेर तेस्रो चरणमा स्थान बनाएको छ। बहराइनको सम्भावना कायमै छ। यमन र नेपालले भने एसियाली कप छनोटको तेस्रो चरण खेल्नेछन्। यसअघि नेपालले लाओसलाई हराउँदै दोस्रो चरणमा स्थान बनाएको हो।

जोगवनी र सुनसरी अन्तिम आठमा

विराटनगर/ जोगवनीको प्रशान्त क्रिकेट क्लब र सुनसरी क्रिकेट क्लब तेस्रो मिल्स कप टी-२० प्रतियोगिताको अन्तिम आठमा प्रवेश गरेका छन्। विराटनगर जुटमिलको खेलमैदानमा भएको पहिलो खेलमा जोगवनीले घरेलु टिम बिसिसिए विराटनगरलाई ६२ रनले पराजित गऱ्यो। दोस्रो खेलमा सुनसरी क्रिकेट क्लबले आयोजक मिल्स क्रिकेट क्लबलाई ११ रनले हराएको हो। टस जितेर ब्याटिङ रोजेको जोगवनीले निर्धारित २० ओभरमा ८ विकेट गुमाई २५२ रनको लक्ष्य प्रस्तुत गरेको थियो। प्रत्युत्तरमा विराटनगरले सबै विकेट गुमाई १८९ रन मात्रै बनाउन सक्यो। विराटनगरका अशुतोष सिंहले २४ बलमा ३९ रन बनाए। धीरज कामतले २१ बलमा २९ रन बनाउँदा हर्ष यादवले २१ रनको योगदान दिएका हुन्। जोगवनीका अभिशेष राजा, नवित, जयन्त कुमारले समान २-२ विकेट लिएका थिए।

जोगवनीका आसिक कुमारले १९ बलमा ५ छक्का र ३ चौकाको मद्दतमा ५० रन बनाएका हुन्। यशदर्शन कुमारले १८ बलमा ४६ रन, राजा बाबुले ३७ बलमा ४४ रनको योगदान दिए। उत्तम कुमारले अविजित २३ रन बनाउँदा कोनाइव कुमारले २० रन बनाए। विराटनगरका कार्तिक कुमारले ४ ओभरमा ४८ रन खर्चेर तीन विकेट लिए। आयुष कुमारले दुई विकेट र अशुतोष सिंहले एक विकेट लिए।

रविन मण्डलले आक्रामक ब्याटिङ गरेपछि अर्को खेलमा सुनसरीले मिल्सलाई हराएको थियो। सुरुवाती ब्याटिङ गरेको सुनसरीले २० ओभरमा नौ विकेट गुमाउँदै १६६ रन बनाएको थियो। प्रत्युत्तरमा मिल्स क्रिकेटले १८.२ ओभरमा सबै विकेट गुमाई १५५ रन मात्रै बनायो।

■ सहिद स्मारक 'सी' डिभिजन लिग

साँगाले गोलबजारलाई हरायो

नयाँ पत्रिका

सहिद स्मारक 'सी' डिभिजन लिगमा स्पोर्टस् एकेडेमी साँगाले गोलबजार स्पोर्टस् क्लबविरुद्ध २-१ को रोमाञ्चक जित निकालेको छ। सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा बुधबार भएको खेलमा साँगाले चौथो जित निकालेको हो। साँगालाई जित दिलाउन सामुयल सुनार र राज हर्मेल सुनारले समान एक गोल गरे। गोलबजारका लागि जमिरदिन मियाँले एक गोल फर्काए।

जितसँगै आठ खेलबाट १२ अंक जोडेको साँगा छैटौं स्थानमा उक्लिएको छ। उसले तीन खेलमा हार बेहोरेको छ। पराजित गोलबजार समान खेलबाट ५ अंकका साथ पुछारमा छ। जारी लिगमा आरसी ३२ शीर्ष स्थानमा छ। समान १६ अंक भए पनि बागमती युवा क्लब हेड टु हेडमा पछि परेको हो।

यसअघि खेलको २६औं मिनेटमा सामुयलको गोलमार्फत साँगाले अग्रता लिएको थियो। ७१औं मिनेटमा जसिरले गोलबजारलाई बराबरीमा ल्याए। निर्धारित ९० मिनेटको खेल १-१ बराबरीमा सकिँदा इन्जुरी समयमा राजले विजयी गोल गरेका हुन्।

स्वयम्भू र मनोहराको बराबरी

लिगको ५१औं खेलमा स्वयम्भू क्लब र मनोहरा युनाइटेड युवा क्लबले २-२ गोलको बराबरी खेले। स्वयम्भूका लागि रञ्जन पुन र प्रकाश पुनले गोल गरेका हुन्। मनोहराका लागि दुवै गोल आविष्कार खड्काले गरे। यस नतिजासँगै आठ खेलमा १४ अंक जोडेको मनोहरा चौथो स्थानमा यथावत् छ। स्वयम्भू समान खेलबाट ४ अंकका साथ १३औं स्थानमा छ। यसअघि खेलको पाँचौं मिनेटमा रञ्जनको गोलमार्फत स्वयम्भूले अग्रता लिएको थियो। तीन मिनेटपछि नै आविष्कारले पेनाल्टीमार्फत गोल गर्दै मनोहरालाई बराबरीमा ल्याए। रञ्जनले हातले बल छोएपछि मनोहराले पेनाल्टी पाएको हो। प्रकाशले ३६औं मिनेटमा गोल गर्दै स्वयम्भूलाई २-१ को अग्रता दिलाए। ६० औं मिनेटमा आविष्कारले व्यक्तिगत दोस्रो गोल गर्दै खेल बराबरीमा ल्याएका हुन्।

दीपेन्द्र टी-२० अलराउन्डर वरीयताको शीर्ष दशमा



नयाँ पत्रिका

दीपेन्द्रसिंह ऐरीले अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को टी-२० अन्तर्राष्ट्रिय वरीयताको अलराउन्डरतर्फ शीर्ष १० मा स्थान बनाएका छन्। बुधबार आइसिसीले जारी गरेको नयाँ वरीयतामा दीपेन्द्रले एक स्थान सुधार गरेका हुन्। दीपेन्द्रले १६९ अंक प्राप्त गरेका छन्। वरीयताको शीर्ष स्थानमा बंगलादेशका साकिब अल हसन कायम छन्। उनले २२८ अंक प्राप्त गरेका हुन्। श्रीलंकाका वानिन्दु हसरंगा दोस्रो र अफगानिस्तानका मोहम्मद नाबी तेस्रो स्थानमा छन्।

दीपेन्द्रसिंह ऐरीले आइसिसी टी-२० अन्तर्राष्ट्रिय वरीयताको अलराउन्डरतर्फ शीर्ष १० मा स्थान बनाए

नेपालका कुशल मल्ल ३२औं र गुल्सन झा ६०औं स्थानमा यथावत् छन्। कप्तान रोहितकुमार पौडेल एक स्थान गुमाउँदै ६५औं र करण केसी एक स्थान सुधार गर्दै ७४औं स्थान छन्। बलिङतर्फ नेपालका सोमपाल कामी ९२औं स्थानमा यथावत् छन्। उनी शीर्ष सयभित्र अटाउने एक्ला नेपाली बलर हुन्। बलिङ वरीयताको शीर्ष स्थानमा इंग्ल्यान्डका आदिल रसिद यथावत् छन्।

त्यस्तै, ब्याटिङतर्फ दीपेन्द्र ५०औं स्थानमा यथावत् छन्। कप्तान रोहित एक स्थान तल झर्दै ६१औं स्थानमा पुगेका छन्। आसिफ शेख पनि एक स्थान तल झर्दै ८७औं स्थानमा पुगेका छन्। वरीयताको शीर्ष स्थानमा भारतका सूर्यकुमार यादव छन्। नेपाल टी-२० अन्तर्राष्ट्रिय वरीयताको १७औं स्थानमा छ।

नेपाल एक स्थान तल झरेको हो। भारत २६४ रेटिङका साथ शीर्ष स्थानमा रहेको छ। अस्ट्रेलिया दोस्रो स्थानमा उक्लिदा इंग्ल्यान्ड तेस्रो स्थानमा झरेको छ। दक्षिण अफ्रिकाले दुई स्थान सुधार गर्दै चौथो स्थानमा उक्लियो। न्युजिल्यान्ड पाँचौ, वेष्ट इन्डिज छैटौं, पाकिस्तान सातौं, श्रीलंका आठौं, बंगलादेश नवौं र अफगानिस्तान दशौं स्थानमा छन्।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com